# अध्याय- एक

# परिचय

## १.१ पृष्ठभूमि

देशको सामाजिक, आर्थिक, राजनैतिक, साँस्कृतिक विकासको लागि शिक्षा अपरिहार्य साधन हो । व्यक्ति समाज तथा राष्ट्रको क्षमतालाई मापन गर्ने महत्त्वपूर्ण आधार पनि शिक्षा नै हो । अतः शिक्षाले जीवनका हरेक क्षेत्रका मूल्य, मान्यता, विश्वास तथा दृष्टिकोण लगायत परम्परागत प्रणालीका स्थानमा आधुनिक सु-संस्कृति र सभ्य समाजतर्फ उन्मुख गराउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । यसै भएर शिक्षालाई विकासको मेरूदण्डको रूपमा लिइदै आएको हो । नेपालको शिक्षा प्रणाली विशेष गरी दुई प्रकारले सञ्चालित भएको पाइन्छ । पहिलो औपचार्रिक शिक्षा प्रणाली हो भने दोस्रो शिक्षा अनौपचारिक शिक्षा प्रणाली हो । यो शिक्षाको माध्यमबाट लेखपढ गर्न नजान्ने आमा, बुबा, दाजु भाई, दिदी बहिनीहरूलाई कम्तिमा पनि सामान्य लेखपढ गर्न सक्ने अवस्थामा लैजान विभिन्न खाले अनौपचारिक कक्षाहरू सञ्चालन गरिदै आएको छ ।

विश्वमा अनौपचारिक शिक्षालाई विधिवत रूपमा थालनी गर्ने श्रेय विद्वान ए.एल.स्मिथको 'प्रौढ शिक्षा' (सन् १९१९) लाई मानिन्छ । दोस्रो विश्वयुद्धको समाप्ति पछि अनौपचारिक शिक्षालाई शिक्षाको वैकल्पीक चिन्तन भित्र समावेश गरियो । संयुक्त राष्ट्र संघले सन् १९४६ बाट युनेस्को मार्फत निरक्षरता विरूद्धको साक्षरता अभियानलाई अघि बढायो । यसपछि सन् १९४९ मा डेनमार्कको एल्सीनोर भन्ने ठाउँमा सर्वप्रथम "प्रौढ शिक्षा" बारेको सम्मेलन आयोजना गरियो । त्यस्तै गरी सन् १९६० मा क्यानडाको माण्ट्रियल भन्ने ठाउँमा ५१ राष्ट्रको सहभागितमा "प्रौढ शिक्षा" बारेमा सम्मेलन गरियो । सन् १९६१ मा संयुक्त राष्ट्र संघको महाअधिवेशनमा साक्षरता बारे एक मूल्याङ्कन प्रतिवेदन पेश गरियो । यस महाधिवेशमा विकास योजनाहरू असफल हुनाका कारणहरूमा साक्षरता नहुनु र व्यावहारिक कार्यमूलक प्रौढ शिक्षा नहुनुलाई मानियो । सन् १९६५ मा इरानका सम्राट शहन् शाहले अन्तराष्ट्रिय साक्षरता अभियानको प्रस्ताव राखे जुन प्रस्ताव ८७ राष्ट्रहरूको सहभागिता भएको इरानको यूनेस्को महाधिवेशनले स्विकार गऱ्यो । यसमा नेपालका

तत्कालिन शिक्षा मन्त्री पुष्करनाथ उप्रेतीको उपस्थिती थियो । यस महाधिवेशनले प्रौढ शिक्षालाई
व्यावहारिक, व्यवसायिक र उपयोगी हुनुपर्ने ठहर गऱ्यो (सिन्हा २०६५) । यसरी निरक्षर उन्मुलन गर्न युनेस्कोको स्थापना भएपछि औपचारिक रूपमा सुरूवात भयो ।

नेपालमा विभिन्न कारणले गर्दा साक्षर हुनबाट वञ्चित भएकाहरूलाई साक्षर बनाउने उद्देश्यले अनौपचारिक शिक्षाको विधिवत् थालनी वि.सं. २००८ सालबाट शुरू भएको थियो । जुन आजसम्म पनि कायम रहिआएको छ । वि.सं. २०१३ सालमा कलेज अफ एजुकेशनको स्थापना भएपछि प्रौढ शिक्षा व्युरोको स्थापना भयो । यस व्यूरोले ३ महिने, ६ महिने र ९ महिने प्रौढ शिक्षा कार्यक्रम सञ्चालन गऱ्यो । यसरी शुरुवाद भएको अनौपचारिक शिक्षा हाल शिक्षा मन्त्रालयमा अनौपचारिक शिक्षा परिषद्सम्म गठन भई जिल्ला जिल्लामा सरकारी कार्यक्रमको रूपमा अनौपचारिक शिक्षाका विभिन्न कक्षाहरू सञ्चालन हुँदै आएका छन् भने गैर सरकारी संस्थाहरूले पनि यसलाई आफ्नो मुख्य कार्यक्रम बनाई साक्षरता कक्षाहरू सञ्चालन गर्दै आएका छन् (शर्मा, २०६८) । साथै अध्ययन क्षेत्रमा पहिलो पटक प्रौढ शिक्षा वि.सं.२०४८ सालमा सञ्चालन भएको थियो ।

वि.सं २०६२/०६३ को जनआन्दोलनको सफलता पश्चात नेपालको राजनैतिक परिस्थितिमा परिवर्तन आयो । संविधान सभाको निर्वाचन पश्चात गठित गणतन्त्र नेपालको पहिलो सरकारले आम नागरिकलाई साक्षर बनाउन आ. व. ०६५/६६ को बजेट वक्तव्य मार्फत राष्ट्रिय साक्षरता अभियानको घोषणा गरिएको थियो । सो बजेटको वक्तव्यमा 'अक्षर चिनौ साक्षर बनौ' र आ.व. ०६६/६७ को बजेट वक्तव्यमा 'साक्षर बनौ क्षमता बढाउँ' भन्ने नारा सहित झण्डै ७८ लाख निरक्षरलाई दुई बर्ष भित्र साक्षर बनाउने अभियान सञ्चालन गर्ने लक्ष्य राखेको थियो । आ.व. ०६५/६६ मा २६ लाख र आ.व.६६/६७ मा ५२ लाख निरक्षरलाई साक्षर बनाउने लक्ष्य राखेको मा आ. व.६६/६७ मा १२ लाख निरक्षरलाई साक्षर बनाउने संशोधित लक्ष्य प्रस्तावित गरिएको छ । आधारभुत साक्षरता दैनिका २ घण्टाको दरले हप्तामा ६ दिन गरी ६ महिनामा सम्पन्न गर्ने कार्यक्रम भएकोमा साक्षरता अभियान ०६५/६६ लाई परिमार्जन गरी ३ महिनाको कार्यक्रममा समावेश गरेको छ । जस अनुसार दैनिक २ घण्टाका दरले ७५ दिनमा १५० घण्टा कक्षा सञ्चालन गर्ने गरी समयावधि प्रावधान राखेको थियो । अभियान दुई चरणमा सञ्चालन गरिएको थियो । पहिलो माघ १ गते र दोस्रो वैशाख १ गते देखी प्रारम्भ भएको थियो । (साक्षरता विशेशाङ्क ०६७ )

त्यस्तै गरि निरक्षर उन्मुलन गर्न नेपाल सरकारले वि.सं. २०६९ मङ्सीर बाट साक्षरता नेपाल अभियान सञ्चालित गर्ने निर्णय गरेको छ । यस अभियानलाई सफल पार्न र यसलाई व्यपकता प्रदान गर्न संवैधानिक निकाय, आयोग, मन्त्रालय अन्तर्गतका कार्यालयहरूमा प्रयोग गरिने लेटर प्याड र खाममा “साक्षरता नेपाल अभियान सफल पारौँ” भनि लेखीएको छाप लगाउने निर्णय गरेको छ । अहिले १५ देखी ६० बर्ष उमेर समुहका ३७ लाख ८८ हजार निरक्षर छन् । तिनीहरुलाई आगामी तीन बर्ष भित्र साक्षर बनाउने योजनाका साथ यस अभियान गर्न थालिएको हो । आगामी तीन बर्षमा प्रति निरक्षरका लागि एक हजार रूपैँया खर्चिएर साक्षर बनाउने योजना अगाडि सारिएको छ । साक्षर नेपाल अभियानमा सहभागी भई साक्षर बनाउने शिक्षकलाई अनुभव बापत निश्चित अङ्क प्रदान गरिने छ । यसरी प्राप्त गर्ने अङ्क शिक्षकको बढुवाको लागि महत्त्वपूर्ण हुनेछ । यस अभियानमा संलग्न गराइएका कक्षा ११ र १२ का विद्याथीलाई प्रयोगत्मक विषयमा थप अङ्क प्रदान गर्नुका साथै राष्ट्रिय स्तरमा प्रशंशा पत्र प्रदान गर्ने व्यवस्था मिलाउन थालिएको छ । साक्षर नेपाल अभियान सफल पार्न आ.व २०६९/७० मा १३,८०,००० जनालाई करिब १ अर्ब ३८ करोड खर्च, आ.व. २०७१/०७२ मा १३,८०,००० जनालाई करिब १ अर्व ३८ करोड खर्च र आ.व.२०७१/०७२ मा बाँकी रहेका सबै निरक्षरलाई करिब १ अर्व १९ करोड १० लाख बमोजिमको योजना प्रस्तुत गरिएको छ (अधिकारी, २०६९) ।

यसरी हेर्दा नेपालमा पनि साक्षरता कार्यक्रम पञ्चवर्षिय योजनाको शुरुवात सँगै भएको हो । यसरी करिब छ दशक पुगी सकेको अवस्थामा पनि खासै उपलब्धी हुन नसकेपछि हाल आएर अभियानकै रूपमा सचालन गरिएको छ

शिक्षा जीवनको आधार हो । व्यक्तिको व्यक्तित्व निर्माण र जीवनवृत्ति विकास गर्न सघाउने सशक्त साधन शिक्षा हो । शिक्षा नै हरेक उन्नतिको मुहान हो । बढ्दो वैज्ञानिक आविष्कारको चमत्कार, विज्ञान र प्रविधिको विकास, सूचना, सञ्चार र प्रविधिको व्यापकता, उत्पादनमा वृद्धि तथा जीवनस्तरको आवश्यकताले वर्तमान समाजलाई जटिल बनाउँदै लग्यो । यी सबै आवश्यकताहरूलाई औपचारिक शिक्षाले मात्र पूरा गर्न असमर्थ भयो । सन् १९७० को दशकमा इभान इलिचले ‘विद्यालय मरी सक्यो’ भनी आलोचना गरेका थिए । विश्वबाट नै निरक्षरता उन्मुलन गर्नका लागि औपचारिक शिक्षाको वैकल्पिक शैक्षिक बाटोको रूपमा फिलिप कुम्बसले अनौपचारिक शिक्षाको स्वरूप दिए र पाउलो फ्रेरे, जुलियस नेरेरेहरूले यसमा नयाँ सोचहरू थपिदिए (काफ्ले र साथीहरू, २०६१) ।

परम्परागत रूपमा साक्षरता भन्नाले सामान्य लेखपढ गर्न सक्नु वा सिकाइको आधारभूत तीनवटा सिपहरू 3rs (Reading, writing and arithmetic) पढाइ, लेखाइ र व्यावहारिक अंक गणितीय सिपहरूको प्राप्तिलाई बुझाउछ । साक्षरताको परिभाषा विकसित र अल्पविकसित देशहरूमा र समयानुसार फरक-फरक हुन्छ । यूनेस्कोले सन् १९५८ मा दिएको परिभाषा अनुसार सामान्यतया पढ्नु, लेख्न र दैनिक जीवनमा आइपर्ने गणितीय जोड घटाउ गर्न सक्ने व्यक्तिलाई साक्षर भनिन्छ । सन् १९६५ मा तेहरानमा बसेको निरक्षरता निर्मूलका लागि साक्षरता सम्बन्धी विश्व कन्फरेन्सले भनेको छ :- साक्षरताले व्यक्तिको जीवनस्तर सुधार्न सक्ने गरी सूचना, ज्ञान प्रदान गर्नुका साथै उत्पादन बढाउने, वातावरण बुझ्ने, सामाजिक सांस्कृतिक मूल्य मान्यता बुझ्न सक्ने क्षमता प्रदान गर्दछ ( काफ्ले र साथीहरू, २०६१) । शिक्षाको आधुनिक प्रवृत्ति अनुरूप साक्षरता शिक्षालाई थ्री आरमा सीमित नराखी 7R (Reading, writing, Arithemetic, Right, Responsibiliteies, Relationship and Recreation) अर्थात पढाइ, लेखाइ र अंक गणितीय सिपका अतिरिक्त अधिकार, उत्तरदायित्व, सम्बन्ध र मनोरञ्जन प्राप्तिको रूपमा लिइन्छ । त्यस्तै राष्ट्रिय साक्षरता अभियान कार्यक्रम (२०६५) का अनुसार आफ्नो मातृभाषा वा राष्ट्रभाषामा लेखिएका दैनिक जीवनसँग सम्बन्धित छोटा र साधारण वाक्यहरू बुझेर लेखपढ गर्न सक्ने र बुझेका कुरा एक आपसमा राम्ररी सञ्चार गर्न तथा साधारण हरहिसाब गर्न सक्ने र परिवर्तनशिल समाजमा समायोजित हुन सक्ने आवश्यक ज्ञान, सिप दक्षता प्राप्त गरी विकासको कार्यमा सक्दो सहयोग गर्नु रहेको छ । त्यस्तै नागरिक हक, अधिकार एवम् कर्तव्यको बोध गराउँदै समाजको प्रगतीमुलक कार्यमा सहभागिता बढ्ने र आयआर्जनको क्षेत्रमा समेत क्रियाशिल हुन सहयोग गर्दछ ।

## १.२ समस्याको कथन

वर्तमान समयमा शिक्षाको महत्त्व दिनदिनै बढ्दै गइरहेको छ । शिक्षाले सामाजिक, साँस्कृतिक परिवर्तनमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । समाजमा इज्जत प्राप्त गर्न वा सामाजिक भूमिकाको स्थान उकास्न शिक्षाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । शिक्षाले मानिसको चेतना वृद्धि गर्न, सिप विकास गर्न, चिन्तन शक्ति बढाउन, ज्ञानको विकास गर्न, धारणामा परिवर्तन गर्न, असल व्यावहारको विकास गर्न, समभ्भदारी वृद्धि गर्न विशेष भूमिका

खेल्दछ । जीवनमा समस्या समाधान गर्ने र जीवनलाई गुणस्तरीय जीवनमा परिणत गर्ने माध्यम नै शिक्षा हो । विश्व जनसंख्या प्रतिवेदन सन् १९९० का अनुसार आमाको शिक्षाले मात्र उनको परिवार सानो बनाउन र उनका बालबालिकाहरू जिवित राख्न मद्दत गर्ने गर्दछ । परम्परागत जीवनशैलीले महिलाहरूको स्वास्थ्य खतरामा पर्न सक्दछ । त्यसबाट बच्ने एउटा बलियो सुरक्षा शिक्षा हो । शिक्षाले महिलालाई खाली आमा हुने परिधिबाट बाहिर जान मद्दत गर्दछ । शिक्षित महिलाले गुणात्मक परिवारको जीवनलाई उच्च प्राथमिकता दिन्छन् ।

विश्वको परिवेशमा नेपालको शैक्षिक स्थिति न्यून रहेको छ साथै महिला पुरुषको साक्षरता दर पनि समान रहेको छैन । जनसङ्ख्याको आधा भन्दा बढी जनसङ्ख्या ओगटेको महिलाको साक्षरता दर पुरुषको तुलनामा न्यून रहेको छ । नेपाल सरकारले राष्ट्रिय तथा अन्तराष्ट्रिय मञ्चहरूमा व्यक्त गरेको “सबैका लागि शिक्षा हाम्रो सामूहिक प्रतिवद्धता” को उद्देश्यलाई मुल मन्त्र मानी विभिन्न कार्यक्रम र कार्य नीतिहरू कार्यान्वयन गरिरहेको छ ।

नेपाल एक पितृसत्तात्मक सोचमा आधारित मुलुक भएको कारण आधा भन्दा बढी जनसङ्ख्या ओगटेका महिलाहरु वास्तवमा सामाजिक, साँस्कृतिक, आर्थिक, शैक्षिक, राजनैतिक रूपमा अल्पमतमा रहेको अवस्था छ । साथै साक्षरता दरमा पनि महिलाको स्थिती निम्न रहेको छ । यसै कुरालाई मध्यनजर गरी नेपाल सरकारले र अन्य गैर सरकारी संस्थाहरूले निरक्षर उन्मुलन गर्न करिव ६ दशकदेखि क्रियाशिल रहेका छन् तर पनि अपेक्षित प्रतिफल भने हासिल गर्न नसकेको अवस्था रहेको छ । रामचन्द्र वाग्ले (२०६६) ले स्याङजा जिल्लामा गरेको अध्ययन अनुसार प्रतिकेन्द्रमा सहभागी २१ जना रहेको बाट अनियमित हुनेहरू ५० प्रतिशत रहेको देखाएका छन् साथै विचमा कक्षा छाड्ने दर ११ प्रतिशत रहेको देखाएकाले प्रौढ साक्षरता कार्यक्रममा पहुँच कमजोर रहेको देखिन्छ । त्यस्तै अनौपचारिक शिक्षा केन्द्र २०६६ मा शिक्षाका मुद्दा र चुनौति विषयमा पाँच ओटा प्राप्ति उल्लेख गरिएको छ । सहभागिले विचैमा कक्षा छाड्ने अनौपचारिक शिक्षाका लागि प्रमुख चुनौति देखिएको छ अनौपचारिक कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण फितलो रहेकाले छुट्टै संरचना विकास गर्नुपर्ने देखिन्छ । स्थानिय ग्रामीण क्षेत्रमा सञ्चालन गर्ने अनौपचारिक प्रौढ शिक्षा सञ्चालन गर्ने स्वयं सेवकको योग्यता नपुगेको अवस्था रहेको छ । योग्य व्यक्तिका लागि आर्थिक स्रोतको कमि देखिएको र यो कार्यक्रम थप प्रभावकारी नरहेको देखिन्छ । जनसङ्ख्याको आधारबाट पनि र १ महिला शिक्षित भए एउटा परिवार शिक्षित

हुन्छ भन्ने प्रचलित भनाइले पनि महिला पुरुषको समानताको लागि महिला साक्षरता कार्यक्रमलाई जोड दिइएको छ । वि.सं. २००९ मा ०.६ प्रतिशत महिला साक्षर रहेका र २०६८ को जनगणनामा ५७.४ प्रतिशत मात्र महिला साक्षर रहेका छन् (जनगणना २०६८) । यसरी प्रौढ शिक्षाका कक्षा सञ्चालन गर्दा पनि करिब एक दशकमा १० प्रतिशत मात्रै साक्षर भएको हुँदा कक्षा सञ्चालन गरेर मात्रै निरक्षर उन्मुलन गर्न कठिन देखिन्छ । जसमा महिलाहरूले पढ्ने क्रममा विभिन्न समस्याहरू भोल्नुपर्ने स्थितिका कारण उनीहरूको साक्षरता दर सोचे अनुरूप अगाडि बढ्न सकिरहेको छैन । साथै विभिन्न क्षेत्रमा गरिएको अध्ययनले महिलाका समस्यालाई केन्द्रमा राखी अध्ययन नगरेका कारण पनि त्यस विषयलाई अध्ययन गर्न आवश्यक रहेको देखिन्छ । यसरी करिब छ दशकदेखि निरक्षर उन्मुलन गर्न प्रयास भएको हुँदा ग्रामीण समाजका महिलाहरुले औपचारिक शिक्षा किन प्राप्त गर्न सकेका थिएनन् ? प्रौढ शिक्षा पढ्न जादाँ भोग्नु परेका समस्या के के छन् र प्रौढ शिक्षाले ग्रामीण समाजमा महिलाहरुमा कस्तो परिवर्तन ल्याएको छ ? भन्ने कुरा अध्ययनका विषय नबनेकाले पनि यो अनुसन्धान गर्ने विषय बन्न पुगेको छ ।

यस अध्ययनले निम्नलिखित प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ :-

१) ग्रामीण समाजका महिलाले औपचारिक शिक्षा प्राप्त गर्न नसक्नाका कारणहरू के- के हुन् ?

२) प्रौढ शिक्षाको कक्षामा सहभागी हुँदा ग्रामीण समाजका महिलाले भोग्नु परेका समस्या र प्रौढ शिक्षाले कस्तो परिवर्तनको ल्याएको छ ?

## १.३ अध्ययनको उद्देश्य

यस शोधपत्र निम्न अनुसारका उद्देश्यहरूमा केन्द्रित रही अध्ययन गरिएको छ :-

१) ग्रामीण समाजका महिलाले औपचारिक शिक्षा प्राप्त गर्न नसक्नाका कारणहरू पत्ता लगाउने ।

२) प्रौढ शिक्षाका कक्षामा सहभागी हुँदा ग्रामीण समाजका महिलाले भोग्नु परेका समस्याहरूको खोजी गर्दै प्रौढ शिक्षाले ल्याएको परिवर्तनको विश्लेषण गर्ने ।

## १.४ अध्ययनको औचित्य

नेपाल एक पितृसत्तात्मक सोचमा आधारित देश भएकाले यहाँका अधिकांश निर्णयहरू पुरुषहरूले गर्ने गर्दछन् । यसको कारण आधा धर्ती मानिने महिलाहरू सामाजिक, आर्थिक, साँस्कृतिक, शैक्षिक, राजनैतिक स्थितिबाट पिछडिएका छन् । उनिहरूलाई विभिन्न वहानामा शिक्षित हुनेबाट वञ्चित गराउँदै आइरहेको अवस्था छ । छोरीहरूको घरमा जाने जात, पोथी बासेको राम्रो हुँदैन भन्ने विभिन्न भनाइका वहानाले महिलाहरू पुरुषको नियन्त्रणमा रहदै केवल कृषि र चुलो चौकामा मात्र सिमित हुन पुगे जसको फलस्वरूप आधा भन्दा बढी जनसङ्ख्या भएको महिलाको निरक्षर सङ्ख्या पनि पुरुषको तुलनामा निकै धेरै रहेको छ ।

सामान्य लेखपढ् गर्नबाट वञ्चित महिला र पुरुष दुवैको सङ्ख्या रहे तापनि महिला निरक्षरहरूको सङ्ख्या उल्लेख्य रहेको छ । २१ औ शताब्दीको वर्तमान विश्वमा लैङ्गिक सुचाङ्क, मानव विकास सुचाङ्कका आधारमा विकासको मापन गर्ने यस अवस्थामा पनि निरक्षर उन्मुलन गर्ने कार्य उपलब्धिमुलक हुन नसक्नु नेपालको लागि एउटा निरासाजनक अवस्था हो । त्यसै कारणले नेपाल सरकारले निरक्षर उन्मुलन गर्न अभियान नै सञ्चालन गर्दै आएको छ साथै विभिन्न गैर सरकारी संस्थाहरु पनि यसमा सहभागी भएका छन् तर पनि यस अभियानमा पुरानै विद्यार्थी (सहभागी) दोहोरिने, सहभागीको नियमित उपस्थिति नहुने र न्यून सङ्ख्यामा मात्र उपस्थिति हुने जस्ता कारणले उपलब्धी हासिल गर्नमा समस्याका कारण भएका छन् ।

यस अध्ययनले पछि हुने कुनै पनि लैङ्गिक दृष्टिकोणबाट गरिने शिक्षा सम्वन्धी अनुसन्धानलाई सहयोग गर्नेछ । यस अध्ययनले ग्रामीण समाजमा महिलाहरूले औपचारिक शिक्षा प्राप्त गर्न नसक्ने कारण पहिचान गरी हाल औपचारिक शिक्षाबाट वञ्चित रहेकाहरूलाई शिक्षा लिने वातावरण तयार गर्ने उपायको खोजी गर्न यस अध्ययनले सहयोग गर्ने छ । निरक्षर उन्मुलनमा रहेका समस्या पहिचान गरी समाधानका उपाय निकाली त्यसमा थप सहयोग गर्ने छ । त्यस्तै गरि महिलाको साक्षरता स्थिति सम्बन्धी तथ्याङ्कहरू आवश्यकता पर्ने व्यक्ति तथा संघ सस्थाहरूलाई उपलब्ध गराउने छ, साथै शैक्षिक उपाधि हासिल गर्न आंशिक पूर्तिको लागि पनि यस अध्ययन आवश्यक रहेको छ । जसले गर्दा यस अध्ययन औचित्य पूर्ण रहेको छ भन्न सकिन्छ ।

## १.५ अध्ययनको सीमा

यो अध्ययन शैक्षिक उद्देश्यले गरिने हुँदा सम्पूर्ण महिलाहरूको धारणालाई समेट्न समय र स्रोतले नभ्याउने भएको कारणले गर्दा सार्दीखोला गा.वि.स. वडा नं. १ मा मात्र अध्ययन गरिएको छ । अध्ययनमा शुरुको अवस्थाबाट हालसम्म साक्षरता कक्षामा सहभागी भएका महिलाहरूलाई समावेश गरिएको छ । यस अध्ययनमा ग्रामीण समाजका महिलाहरूले औपचारिक शिक्षा प्राप्त गर्न नसक्ने कारण र प्रौढ शिक्षा प्राप्त गर्दा भोग्नु परेका समस्या र त्यस शिक्षाले ल्याएको परिवर्तनमा मात्र यो अध्ययन सीमित रहेको छ । यस अध्ययनमा उद्देश्यमूलक नमुना छनौट विधिबाट ब्रह्मण, जनजाती र दलित महिलालाई छनौट गरिएको छ । जसमा २८ वर्ष देखि ६८ वर्षसम्मका महिलाहरूलाई समावेश गरिएको छ । यो एउटा सानो क्षेत्रमा गरिने अध्ययन भएकाले यहाँबाट प्राप्त परिणाम तथा निष्कर्षहरू सबै ठाउँमा सामान्यीकरण नहुन पनि सक्छन् यद्यपि यसबाट प्राप्त सूचनाहरूले यससँग सम्बन्धित सबै पक्षलाई सहयोग गर्नेछ ।

## १.६ केही शब्दावलिको परिभाषित अर्थ

**सहभागी** : सहभागी भन्नाले शिक्षा मन्त्रालयको अनौपचारिक शिक्षा केन्द्रबाट सञ्चालित प्रौढ शिक्षा पढेका १५ वर्ष देखि माथिका निरक्षर प्रौढ महिलालाई बुझाउँछ ।

**प्रौढ** : प्रौढ भन्नाले आफ्नो सन्दर्भसँग अनुभव बटुल्ने र सोही अनुभवबाट सिक्ने १५ वर्ष माथि ६० वर्ष सम्मका मनोवैज्ञानिक प्रौढ व्यक्तिहरूलाई बुझाउँदछ ।

**प्रौढ शिक्षा** : प्रौढ शिक्षा भन्नाले विद्यालय शिक्षाको अवसर नपाएका १५ देखि ६० वर्ष उमेर समूहका निरक्षर महिलाका लागि सञ्चालन गरिएका शिक्षालाई बुझाउँदछ ।

**शिक्षक** : शिक्षक भन्नाले प्रौढ शिक्षा कक्षा सञ्चालनका लागि नियुक्त स्वयम सेवकलाई जनाउँदछ ।

## १.७ अध्ययनको संगठन

सम्पूर्ण शोधपत्रलाई आठ अध्यायमा विभाजन गरिएको छ । यस क्रममा पहिलो अध्यायमा सामान्य परिचयलाई समेटिएको छ । यस भित्र पृष्ठभूमि, शोधपत्रमा समेटिएका

समस्याहरू, अध्ययनको उद्देश्यहरू, अध्ययनको औचित्य, अध्ययनको सिमा, केही शब्दहरूको पारिभाषिक अर्थ र अध्ययनको संगठन सामेल गरिएको छ ।

त्यस्तै गरि दोस्रो अध्ययमा परिचय का साथै सैद्धान्तिक पुनरावलोकनलाई समेटिएको छ । त्यस भित्र उत्पादन प्रणाली आधार संरचना र उपरी संरचना, शिक्षा सामाजिकिकारण प्रक्रिया, लैङ्गीक दृष्टिकोण, महिलावादी सिद्धान्तहरू, पितृशत्ता, समेटिएको छ । त्यस्तै पूर्व साहित्यको पुनरावलोकन र अध्ययनको अवधारणात्मक खाका शिर्षक पनि समेटिएको छ ।

तेस्रो अध्ययमा अनुसन्धान पद्धतिलाई समेटिएको यसभित्र अध्ययन क्षेत्रको परिचय, अध्ययन क्षेत्र छनौटको औचित्य, अनुसन्धान ढाँचा, तथ्याङ्कको स्रोत र प्रकृति, समग्र नमूना छनौट, तथ्याङ्क संकलन विधि र तथ्याङ्क विश्लेषण एवं प्रस्तुतिकरण उल्लेख गरिएको छ । चौथो अध्यायमा व्यक्तिगत अध्ययनलाई समेटिएको छ । जसमा उत्तरदाताले दिएका विवरणहरूलाई राखिएको छ । पाचौ अध्यायमा व्यक्तिगत अध्ययनको आधारमा उद्देश्य अनुसार विश्लेषण गर्ने जमर्को गरिएको छ । यस अन्तरगत ग्रामीण समाजका महिलाहरूको औपचारिक शिक्षा प्राप्त गर्न नसक्नाका कारणहरू उल्लेख गरिएको छ । छैटौ अध्यायमा ग्रामीण समाजका महिलाहरूले प्रौढ शिक्षा प्राप्त गर्दा भोग्नु परेका समस्याहरू र प्रौढ शिक्षाले ग्रामीण समाजका महिलामा ल्याएको परिवर्तनको विश्लेषणात्मक प्रस्तुति राखिएको छ । सातौ अध्यायमा अनुसन्धानको सारांश, प्राप्ति, निष्कर्ष र सुझावलाई राखिएको छ । आठौं अध्यायमा परिशिष्ट अध्यायको व्यवस्था गरिएको छ । यस अध्यायमा ग्रन्थहरूको सुचि, अध्ययनको नमूना प्रश्नावली, नेपाल सरकारले सञ्चालन गरेका अनौपचारिक शिक्षाका प्रकारहरू, अध्ययन क्षेत्रको नक्सा र अन्त्यमा तथ्याङ्क संकलन गर्दा खिचिएका तस्विरहरु राखिएको छ ।

# अध्याय -दुई
# साहित्यिक पुनरावलोकन

## २.१ परिचय

शिक्षाले सामाजिक, साँस्कृतिक परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । साथै शिक्षाले सामाजिक स्तरीकरणमा प्रभाव पारी व्यक्तिको स्तरमा परिवर्तन गराउँदछ । समाजशास्त्रले सबै किसिमका सामाजिक सम्बन्धहरूको अध्ययन गर्दछ । जसले गर्दा यसलाई सामाजिक विज्ञान भनिएको हो । त्यसै कारणले समाजशास्त्रले समाजको एक पक्ष शिक्षाको पनि अध्ययन गर्दछ । जसले यी दुवैको सम्बन्ध रहेको कुरा स्पष्ट हुन्छ । शैक्षिक गतिविधि मानिसको सामाजिक गतिविधिको एउटा भाग हो । त्यसकारणले शिक्षालाई समाजशास्त्रको एउटा शाखाको रूपमा लिन सकिन्छ । त्यसकारण समाजशास्त्रको नयाँ शाखा शिक्षाको समाजशास्त्र स्थापित हुँदै गइरहेको छ । नागरिक र अभिभावकका लागि राष्ट्रको शैक्षिक नीति, आर्थिक, राजनैतिक, सामाजिक जीवनको केही महत्त्वपूर्ण ज्ञान र सम्बन्धबारे जानकारी गराउने काम शैक्षिक समजशास्त्रले गर्दछ । त्यसै कारण यस अध्ययनको लागि यस अध्यायमा उत्पादन प्रणाली, समाजिकीरण र लैङ्गिक तथा महिलावादी सिद्धान्तहरू उल्लेख गरिएको छ भने पूर्व साहित्यको पुनरावलोकन र अवधारणात्मक खाकालाई पनि प्रस्तुत गरिएको छ ।

## २.२ सैद्धान्तिक पुनरावलोकन

### २.२.१ उत्पादन प्रणाली, आधार संरचना र उपरी संरचना

मार्क्सवादी मान्यता अनुसार मानिसद्वारा नै समाजको निर्माण र उत्पादन गरेर मानिसले समाजलाई निरन्तरता प्रदान गर्दछ । यसै गरी समाजको विकास र परिवर्तन उत्पादन प्रणालीको स्वरूपको आधारमा हुने गर्दछ । मार्क्सवादी दृष्टिकोणको मुख्य आधारशिलाको रूपमा रहेको विषयवस्तु नै आधार संरचना, उत्पादनका शक्तिहरू अथवा उत्पादनका साधनहरू र उत्पादनका सम्बन्धहरू मिलेर बनेको हुन्छ । जसलाई समग्रमा उत्पादन प्रणाली भन्ने गरिन्छ । उत्पादनका शक्ति भन्नाले उत्पादन गर्न प्रयोग गरिने वस्तुहरू हुन् जसमा उत्पादनका साधानहरू र श्रमशक्ति (मानसिक र शारिरीक क्षमताहरू)

पर्दछन् । उत्पादनका साधन भन्नाले प्राकृतिक स्रोत, कच्चा पदार्थहरू र उत्पादनका औजारहरू (हलो, ट्रयाक्टर, कुटो, कोदालो र विभिन्न मेसिनहरू) आदि पर्दछन् । उत्पादनका सम्बन्ध भन्नाले मानिस र उत्पादनशील शक्तिहरू विचमा नियन्त्रण गर्ने शक्ति सम्बन्ध हो । यी विभिन्न समाजहरूमा फरक फरक रूपमा रहेको हुन्छ । प्रकृतिमा रहेका वस्तुहरूलाई प्रत्यक्ष वा सिधै उपभोग गर्न सकिदैन । त्यसैले मानिसहरूले आफ्ना आधारभूत आवश्यकता परिपूर्तिका लागि विभिन्न प्रविधीहरूको प्रयोगवाट तीनीहरूलाई उपभोग गर्दछन् । मानवीय श्रमको कारणले प्राकृतिक वस्तुहरूको स्वरूपमा नै परिर्वतन आउने गदर्छ । त्यसकारण मानिसहरू वाँच्नको लागि वस्तुहरूको उत्पादन गर्ने प्रक्रियालाई उत्पादन प्रणाली भनिन्छ । आधार संरचना उत्पादन प्रणालीको आधार हो वा उत्पादनका शक्तिहरू र उत्पादनका सम्वन्धहरूको आर्थिक संरचना हो । यो उत्पादनमा संलग्न सम्पूर्ण तत्वहरूवाट निर्मित हुन्छ साथै यो सामजको आधारशिला हो (Bilton.et al 1996) यसलाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

आधार संरचना

उत्पादन प्रणाली | उत्पादनका शक्तिहरू | उत्पादनका सम्बन्धहरू

उपरी संरचना भन्नाले समाजका सम्पूर्ण अङ्गहरू र (परिवार, समुदाय, राज्य, शिक्षा, विचार, चहाना, आदर्श, धारणा, दर्शन, कानून, नीतिशास्त्र, धर्म, आदि) पर्दछन् जुन उत्पादन प्रक्रियामा प्रत्यक्ष संलग्न भएका हुदैनन् । साथै समाजमा उत्पादनका साधान माथि जुन वर्गको स्वमित्व छ सोही वर्गको रक्षा गर्नका लागि उपरी संरचनाको निर्माण हुन्छ (Bilton.et al1996) । यसलाई यसरी देखाउन सकिन्छ ।

उपरी संरचना

- सामाजिक र साँस्कृतिक पक्ष
- धार्मिक पक्ष
- शैक्षिक संस्था
- राजनैतिक संस्था
- कानुनी संस्था
- वैचारिक उत्पादनहरू

Bilton.et al (1996) का अनुसार मार्क्सवादी दृष्टिकोणको मान्यता अनुसार उपरी संरचनालाई आधार संरचनाले निर्धारण गरेको हुन्छ । समाजमा जस्तो उत्पादन प्रणालीको स्वरूप छ त्यस्तै उपरी संरचनाको निर्माण हुन्छ । यस सम्बन्धमा मार्क्सले खास-खासका उत्पादन प्रणालीका अधारमा सिङ्गो मानव इतिहास र परिवर्तनलाई निम्न अनुसार विभाजन गरेका छन्:

क) आदिम उत्पादन प्रणाली

ख) दास उत्पादन प्रणाली

ग) सामन्तवादी उत्पादन प्रणाली

घ) पूँजिवादी उत्पादन प्रणाली

ङ) समाजवादी उत्पादन प्रणाली

विभिन्न युगमा उत्पादन प्रणालीको आधारमा उत्पादन र समाजको निर्धारण भएको छ । तीन महत्त्वपूर्ण युग कालहरू जस्तैः प्राचिन रोम र युनानका परम्परागत समाजहरू, मध्ययुगका सामन्ती समाजहरू र पूँजीवादी युग यी सबै युगका समाजहरू उत्पादन प्रणालीबाट निर्देशित र निर्धारित थिए । विभिन्न युगमा शोषक र शोषित विच द्वन्द्व भएकोले समाज परिवर्तन हुँदै आएको छ ।

शिकारी युगमा कुनैपनि समूहको अधिपत्य नहुनु, पुशुपालक सामजमा पुरुष वर्गको अधिपत्य हुनु, कृषि समाजमा भूमिपतिहरूको प्रभुत्व रहनु र पूँजिवादी समाजमा पूँजिपतिहरूको अधिपत्य रहनुले उत्पादनको साधन जसको हातमा रहन्छ उसैले समाजमा अधिपत्य जमाउँछ, राज्यको सच्चा शाशक उही वर्ग हुन जान्छ र उही वर्गको शोषण, अधिपत्य र शासन रहने वर्गीय समाजको विकास हुन्छ । सामाजिक जीवनका सम्पूर्ण वस्तुहरूको आधार उत्पादन प्रणालीको स्वरूपमा अडिएको हुन्छ । समाजमा रहेको उत्पादन प्रणाली नै अधार संरचनाको रूपमा रहन्छ र विचार, चाहना, आदर्श धारणा, दर्शन आदिको प्रकृतिको निर्धारण गर्दछ । साथै उत्पादन प्रणालीमा आएको परिवर्तनले नै उपरी संरचनाको स्वरूपमा निश्चित प्रकारको फेरवदल ल्याउँछ (Bilton.et al 1996) । जसलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

प्रस्तुत यस चित्रमा आधार संरचनाले समाजको आर्थिक आधारको चित्रण गर्दछ । आधार संरचना भनेको आर्थिक शक्ति वा उत्पादन प्रणाली हो जसबाट उत्पादनको सम्बन्धको सृजना हुन्छ । खास खालको उत्पादन व्यवस्थाले नै निश्चित उपरी संरचनाको निर्माण हुन्छ ।

ग्रामीण समाजका महिलाहरू गृहणी, आमा, श्रीमती र किसानीमा नै जीवन गुर्जार्ने मानसिकतामा ग्रसित उनीहरू शुरुमा प्रौढ शिक्षा लिनको लागि श्रीमान्, सासू र समाजका अन्य व्यक्तिसँग सघर्ष गर्नु परेको थियो । जसको फलस्वरूप आज सिप सिक्ने आधारभूत ज्ञान प्राप्त गरी व्यवसायिक खेति मार्फत कृषि उत्पादन गर्न थालेका छन् साथै सामाजिक सन्दर्भ पनि परिवर्तन हुँदै आइरहेका छन् ।

### २.२.२ शिक्षा सामाजिकीकरणको प्रकृयाको रूपमा

मानिस जन्मदा केवल उ अरू जीवजन्तु सरह नै हाड, मासु र रगतको एउटा पिण्ड मात्रै हुने गर्दछ । उनीहरूमा कुनै पनि प्रकारको सामाजिक गुण हुदैन । जन्मिसकेपछि मात्र विस्तारै उसले सामाजिक रितीरिवाज, परम्परा, आस्था एवं संस्कृतिलाई सिक्दै लैजान्छ । हिन्दू धर्मशास्त्रहरूमा सामाजिकीकरण नभएका अवस्थाका व्यक्तिहरूलाई एउटा मांश पिण्ड मात्रै मान्दै सामाजिकीकरण भई सकेको अवस्थाको व्यक्तिलाई दोस्रो पल्ट जन्मिएको भनी उल्लेख गरेको पाइन्छ । समाजमा बस्दा गरिने काम, कर्तव्य र व्यवहारबाट अनुकरण गर्ने बानीबाट , निर्देशनहरूबाट तथा प्रशिक्षण र शिक्षाबाट एक पछि अर्को गरेर एउटा व्यक्तिको सामाजिकीकरण हुने गर्दछ तर यस्ता व्यवहार वा क्रियाकलाप मध्ये कुनै एउटा मात्रै सामाजिकीकरणको प्रक्रिया नभएर त्यसको एउटा तत्व मात्र हुने गर्दछ । जस्तै : शिक्षा सामाजिकीकरण प्रक्रियाको एउटा अङ्ग मात्रै हो पूरै प्रक्रिया होइन ।

समाजशास्त्रमा सामाजिकीकरणको प्रक्रियालाई मानिसको एउटा पिँढीले अर्को पिँढीलाई आफ्नो संस्कृति हस्तान्तरण गर्ने प्रक्रियाको रूपमा लिइन्छ । यस सम्बन्धमा Gillin (1950) ले सामाजिकीरण भनेको त्यो प्रक्रिया हो जसका माध्मले एउटा व्यक्ति एउटा समूहमा एउटा क्रियाशिल सदस्य बन्न पुग्दछ र त्यस्ता समूहको कार्यविधीहरूमा समन्वय स्थापित गर्दछ साथै समूहका परम्पराहरू ध्यानमा राख्दै सामाजिक परिस्थितिहरूसित अनुकुलता स्थापित गर्दछ । यस अतिरिक्त अफ्ना साथिहरू प्रति सहनशिलताको भावना विकसित गर्दछ भनेका छन् ।

Johnson (1960) ले सामाजिकीकरण एक प्रकारको सिकाई हो जसले सिकाईहरूलाई सामाजिक भूमिका निर्वाह गर्न योग्य बनाउँछ भनेका छन् ।

त्यस्तै Bogardus (1950) ले सामाजिकीकरण भनेको एउटा यस्तो प्रक्रिया हो जसमा व्यक्तिले सँगै मिलेर काम गर्ने समूहको दायित्वको भावना विकसित गर्ने र अरू मान्छेहरूको कल्याणकारी आवश्यकताहरूबाट प्रेरणा ग्रहण गर्ने कुरा सिक्दछ भनेका छन् ।

माथिका परिभाषा अनुसार सामाजिकीकरण भनेको सिक्ने पक्रिया हो । साथै यसै प्रक्रियाको माध्यमले मात्र एउटा व्यक्तिले सामाजिक संस्कृतिहरूलाई सिकेर समाजको सदस्यता प्राप्त गर्दछ  र समाजको क्रियाशिल सदस्य बन्न पुग्दछ । साथै सामाजिकीकरणको कारणले समाजका हरेक व्यक्तिमा आत्मगत भावनाको विकास हुने गर्दछ । प्रत्येक व्यक्तिमा आफूप्रति जागरूकता सृजना हुने गर्दछ । फलस्वरूप उसले व्यक्तिगत धारणा व्यक्त गर्नुका साथै टिप्पणी र समालोचना गर्न थाल्दछ भने समाजमा अरूहरूको दृष्टीकोणमा उसको मुल्याङ्कन के छ भन्ने कुरा पनि विचार गर्न थाल्दछ । वास्तवमा सामाजिकीकरणको प्रक्रियाबाट एउटा व्यक्तिमा आत्म तत्त्व र व्यक्तित्वको विकास हुन्छ र आत्मतत्त्व र व्यक्तित्वको विकास पछि त्यस्ता व्यक्तिहरू अरूलाई सामाजिकीकरण गर्ने प्रक्रियामा सहभागी बन्न पुग्दछन् । व्यवहारमा परिवर्तन ल्याउँछ । त्यस्तै गरी पिटर वर्स्लेका अनुसार शिक्षाबाट नै समाज प्रतिबिम्बित हुने गर्दछ र शैक्षिक परिवर्तन पछि नै सामाजिक परिवर्तन आउने गर्दछ ।

हिन्दू सँस्कृतिमा गुरूलाई बाबु सरह मान्दै गुरूबा भन्ने गरिन्छ । वास्तवमा शिक्षालाई एउटा व्यक्तिको सामाजिकीकरण गर्ने उच्चतम प्रविधी मानिन्छ । सामाजिकीकरणको दिशामा शिक्षाले कुनै पनि व्यक्तिलाई क्षमा र दयाको भावना तथा नैतिक दायित्वहरूको जानकारी दिन्छ । त्यस्तै शिक्षाबाट नै व्यक्तिले सामाजिक दायित्व बोध

गर्दछ । पारसन जस्ता समाजशाष्त्री को भनाईमा त शिक्षण सँस्था नै पहिलो सामाजिक सँस्था हुन् जसले नानिहरूलाई सामाजिकीकरण गर्दछन् जहाँ उनिहरूले ज्ञान सिप र कौशल सिक्दछन् ।

औपचारिक वा अनौपचारिक शिक्षा लिदै जाँदा समाजका विद्यमान रहेका असल र खराब पक्षका बारेमा ज्ञान प्राप्त हुन्छ । यसरी समाजको बारेमा जान्ने र समाजमा कुशल व्यवहार गर्न सक्ने र असल नागरिकमा गणना हुन आवश्यक कुराहरू सिक्दै जाने र त्यसै अनुरूप व्यावहार गर्दै जाने प्रक्रिया सामाजिकीरण हो र यो शिक्षा लिदै जाँदा निरन्तर चलिरहन्छ । असल शिक्षाले राष्ट्रका लागि कुशल नागरिक तयार गर्दछ भने खराब शिक्षाले एक खराब नागरिक तयार गर्दछ । त्यसैले शिक्षाको सुनियोजित माध्यमबाट समाज र राष्ट्रको सँस्कृतिमा व्यक्तिलाई घुलमिल हुन तथा सामाजिकीकरण हुन मार्ग निर्देशन गर्न शिक्षाको महत्त्वपूर्ण भूमिका मानिन्छ ।

### २.२.२.१ सामाजिकीकरणका प्रकारहरू

सामाजिकीकरणका नियमहरू, तरिकाहरू वा प्रकारहरू भन्नु एउटै कुरा हो । शर्मा सन्देशले समाजशास्त्री बुम र सेज्जिमक (Brrom and selzmiz) लाई उधृत गर्दै सामाजिकीकरणका निम्न दुई प्रकार बताएका छन् ।

क) **दमनात्मक वा विरोधी सामाजिकीकरण**

यसलाई परम्परावादी तरिका पनि भनिन्छ । यस प्रक्रियामा बालबालिकाहरूका गतिविधी, क्रियाकलाप वा व्यवहारहरूलाई दमन गरी वा विरोध गरी आफूले चाहे अनुसार गर्न लगाउनुलाई दमनात्मक तरिका भनिन्छ । यसको विशेषताहरू वा लक्षणहरू निम्न रहेका छन् :

**अ) दण्डमुखी :**

दण्डमुखी सामाजिकीकरणमा सामाजिक नीति, नियम र मान्यता विरोधी क्रियाकलाप देखिएमा शारीरिक, मानसिक, आर्थिक, उपहासात्मक र अपमानजनक व्यावहार गरिन्छ ।

**आ) आज्ञाकारिता :**

यसलाई दमनात्मक समाजिकीकरणको प्रमुख लक्षण मानिन्छ । जस्तो सुकै कुरा भए पनि आफू भन्दा ठूलाले भनेको आज्ञापालन गर्नुपर्दछ भन्ने यसको मुख्य आसय हो ।

**इ) आदेशमुखी :**

यसमा बालबालिकाहरूलाई मनोवैज्ञानिक तरिकाले कुनै पनि कुराको बोध नगराई हुकुम वा आदेशबाट बोध गराइन्छ ।

**ई) नाइकेमुखी :**

घर परिवारमा आमाबाबु, विद्यालयमा शिक्षक र समाजमा बयोबृद्ध जो छ उसले आफ्नो आदर्श अनुसार निर्णय गर्दछ । त्यस निर्णयप्रति अरूले आफ्नो विचार राख्न छलफलमा भाग लिन सक्दैनन् ।

**ख) स्विकारात्मक वा सहभागितापूर्ण सामाजिकीकरणः**

यो दमनात्मक सामाजिकीकरणको विरोधमा आएको प्रक्रिया हो । यसलाई बढी प्रभावकारी, आधुनिक र प्रजातान्त्रिक सामाजिकीकरण प्रक्रिया मानिन्छ । किनकी यसमा बालबालिकाहरूको हरेक चाहनालाई महत्त्व दिएर छलफलमा भाग लिन प्रोत्साहित गराएर र उपयुक्त वातावरणको सृजना गराएर उपलब्धिमुलक कार्यको निचोड निकालिन्छ । यस सामाजिकीकरणका विशेषता निम्न रहेका छन् : -

**अ) पुरूष्कार केन्द्रित :**

बालबालिकाका उपर्युक्त क्रियाकलापहरूमा सामाजिक, आर्थिक, वैयक्तिक इज्जत बढाउने पुरूष्कारको व्यवस्था गरी सामाजिकीकरणमा सहभागी बनाउनुलाई पुरष्कार केन्द्रित विधी मानिन्छ ।

**आ) स्वतन्त्रता केन्द्रित**

घर, परिवार, विद्यालय, सामाज वा कुनै पनि संघ संस्थामा भएका वा हुन गइरहेका क्रियाकलापहरू चित्त बुझ्दो नभएमा आफ्ना विचारहरू राख्न र छलफलमा भाग लिन पूर्ण स्वतन्त्रता हुने भएकाले यसलाई स्वतन्त्रता केन्द्रित सामाजिकीकरण भनिएको हो । यसमा व्यक्तिलाई सामाजिक मूल्यमान्यता नै नमान्ने गरी क्रियाकलाप गर्ने छुट भने दिइएको हुँदैन ।

**इ) अन्तरक्रिया केन्द्रित :**

यसमा आपसी कुराकानी, छलफल र वादविवादबाट अन्तक्रिया गर्न वातावरण बनाइन्छ । यसबाट उनीहरूका विचमा गहिरो सम्बन्ध स्थापना हुने र आपसी रिस द्वेष, कलहको भन्दा माया, आत्मियता र प्रतिस्पर्धाको स्वच्छ भावना विकास हुने विश्वास गरिन्छ ।

**ई) बाल केन्द्रित :**

यसमा बालकहरूको रूची, क्षमता र आवश्यकता जस्ता कुराहरूमा जोड दिइन्छ । बालकलाई राम्रो र नराम्रो छुट्याउन सक्ने क्षमताको बनाउने प्रयास गरिन्छ । आफूले सामाजिक परिवर्तनको निर्णय लिन सक्ने खालको व्यक्तित्त्वको विकास समेत गराउने आशा लिइन्छ ।

शिक्षा कुनै ज्ञानको सिकाई हो जसले जीवनमा आईपर्ने समस्याहरूलाई सजिलै समाधान गर्न सहयोग पुऱ्याउँछ । मानिसको जीवनमा अनेकौं समस्याहरू आउँछन् र तिनिहरूको निरन्तर समाधान आवश्यक हुन्छ । मानिसले आर्जन गरेको शिक्षाले व्यक्तिमा समस्या समाधान गर्ने क्षमता वृद्धी गर्छ र व्यक्तिलाई सामाजिकीकरणमा सहज बनाउँछ ।

**२.२.२.२ सामाजिकीकरणको सिद्धान्त**

**अ) इमाइल दुर्खिमको सामूहिक प्रतिनिधित्व सिद्धान्त**

दुर्खिमका सामाजिकीकरण सम्बन्धी विचारहरू उनको कृति समाजशास्त्र र दर्शन पाइन्छ । उनले सामाजिकीकरण सम्बन्धी आफ्ना विचारहरूलाई सामूहिक प्रतिनिधित्व र सामूहिक चेतनाका अधाारमा अघी सारेको पाइन्छ । उनको अनुसार प्रत्येक समाजमा विचार, धारणा र भावनाहरू हुने गर्दछन् । समाजद्वारा मान्य भएका हुनाले यस्ता धारणा भावना र विचारहरूले सम्पूर्ण समूहलाई प्रतिनिधित्व गर्ने गर्दछन् । शुरूमा यस्ता विचार र धारणाहरूको सम्बन्ध व्यक्तिको चेतना सँग मात्र हुने गर्दछ तर पारस्परिक अन्तरक्रियाको कारणले व्यक्तिगत चेतना सामूहिक चेतनामा परिवर्तन हुन जान्छ । यिनै सामूहिक चेतनाहरू वास्तवमा परम्परा, धर्म, रीतिरिवाज, प्रथा आदर्श र मूल्यका प्रतिमानहरू हुन् । यस्ता प्रतिमानहरूलाई समाजका सबै सदस्यले पालना गर्दछन् । यिनीहरूलाई पालना गर्नु सबैलाई नैतिक दायित्व पर्दछ । समाजमा बस्दा एउटा व्यक्तिले यिनै सामूहिक प्रतिमानहरूलाई जान्ने बुझ्ने आत्मसाथ गर्ने र यसै अनुसार आचरण गर्न बाध्य हुनु पदर्छ । यो प्रक्रिया नै उसको सामाजिकीकरणको प्रक्रिया हो । यस अर्थमा सामाजिकीकरण प्रतिमानहरूको आन्तरिकीकरण र आत्मसातीकरण नै सामाजिकीकरण हो (Rao, 2001) ।

**आ) जर्ज हरवर्ड मिडको आत्म सिद्धान्त**

Rao (2001)का अनुसार अमेरिकाको सिकागो विश्वविद्यालयका दार्शनिक एवम् मनोवैज्ञानिक हरवर्ड मिडले प्रतिपादन गरेको सिद्धान्त पनि सामाजिकीकरण प्रक्रियाको

महत्त्वपूर्ण सिद्धान्त मानिन्छ । उनी लेख्छन् प्रत्येक व्यक्ति धेरै जसो आफ्नो सामाजिक अन्तरक्रियाहरूद्वारा आफूप्रति सजग हुने गर्दछ । यस अर्थमा प्रत्येक व्यक्तिले आफ्नो भूमिका निर्वाहको क्रियाबाट आफूलाई चिन्ने गर्दछ । उनका विचारमा व्यक्तिले समाज निर्माण गर्दछ किनकी उसमा मस्तिष्क र आत्म तत्त्व हुन्छ तर व्यक्तिको आत्मतत्त्व मुलरूपमा एउटा सामाजिक संरचना मात्र हुने गर्दछ । आत्मतत्त्वको सृर्जना व्यक्तिका सामाजिक अनुभवबाट हुन्छ । एउटा व्यक्तिले उसको आत्मातत्त्वको सृजना पछि मात्र सामाजिक अनुभव शुरू गर्न थाल्दछ । सामाजिक प्रक्रियाहरूको कारणले नै व्यक्तिमा सृजना हुने आत्मतत्त्वको माध्यमले त्यस व्यक्तिले अरू व्यक्तिहरूको विचार जान्न र बुझ्न थाल्दछ । परिवार र अन्य समूहको सम्पर्कबाट हुने सामाजिकीकरणले एउटा व्यक्तिले अरू मान्छेहरूले उ सित कस्तो प्रकारको व्यावहारको अपेक्षा गर्दछन् भन्ने कुराका साथै उसका व्यावहारको अन्य मानिसहरूले कस्तो अर्थ लगाउँछन् भन्ने बारे जान्दछ । यसप्रकार एउटा व्यक्तिको आत्मतत्त्व सामाजिक व्यावहारबाट प्रभावित हुने गर्दछ । यसलाई सामान्यिकृत अन्य (Generalized others) भनिन्छ । यसको अर्थ कुनै व्यक्तिको स्वयम्का बारेमा राखेको धारणा हो र यस्तो धारणा अरू मान्छेहरूले त्यस व्यक्तिको बारेमा राखेको धारणा हो । यस अर्थमा अन्य व्यक्तिहरूले एउटा व्यक्तिका बारेमा लिएको निर्णयलाई त्यस व्यक्तिले आन्तरिकीकरण गर्नुलाई नै सामान्यिकृत अन्य भनिएको हो ।

Rao (2001) का अनुसार मिडले आत्म चेतनाको विकास म र मलाई भन्ने विचारबाट सिर्जना हुने बताएका छन् । यस सिद्धान्तमा उनले जम्मा पाँच तत्त्वहरू उल्लेख गरेका छन् :

१) सामाजिकीकरण भनेको व्यक्तिको आत्मतत्त्वको समुचित विकास हो ।

२) आत्मतत्त्वबारे विकास अरू मान्छेहरूको सामान्यिकृत व्यावहारलाई निजी व्यावहारमा समावेश गर्नाले हुने गर्दछ ।

३) आत्मतत्त्वको विकास पछि एउटा व्यक्ति जैविक प्राणीबाट सामाजिक र आत्मचेतनका रूपमा परिवर्तित हुन्छ ।

४) व्यक्तिको सामाजिकीकरणको मात्रा सामाजिक व्यवहारले उसको जैविकीय व्यक्तित्वमा पारेको प्रभाव अनुरूप हुने गर्दछ ।

५) व्यक्तिमा आफूमा र अन्य व्यक्तिहरूमा फरक देख्ने चेतना उत्पन्न हुनासाथ उसमा आत्मतत्त्व विकास हुन्छ । जसको आधारमा उसले अन्य व्यक्तिहरू प्रतिको व्यावहार निश्चित गर्दछ साथै थरिथरिका व्यावहार सिकेर आफूलाई सामाजिकीकरण गर्दछ ।

### २.२.३. लैङ्गिक दृष्टिकोण

लिङ्गको हिसाबले स्त्री र पुरुषको प्राकृतिक संरचनालाई बुझाउँछ । यो स्थिर, प्राकृत र नैसर्गिक हुन्छ । जेन्डर भन्नाले त्यस्तो अवधारणा हो जुन सामाजिक, साँस्कृतिक रूपले निर्माण भएको हुन्छ । हरेक समाजमा महिला र पुरुषले निर्वाह गर्नुपर्ने भूमिका अलग अलग हुने गर्दछ भने लिङ्गका आधारमा महिला र पुरुष दुवैबाट समाजले केही अपेक्षा गरेको हुन्छ । वास्तवमा त्यही अपेक्षाकृत भूमिका नै जेण्डर हो । जसरी लिङ्ग अन्तर्गत महिला वा पुरुष भनि जन्मजात निर्धारण भएर आउँछ त्यसै गरी जेण्डर पनि लिङ्गका आधारमा व्यक्तिसँग जोडिएर आउने साँस्कृतिक मूल्य, मान्यता, भूमिका तथा विशेषताहरूको समष्टिगत रूप हो (चौलागाई, पोखेल, सापकोटा : २०६०) ।

सामाजिक हिसाबले जेण्डर शब्दको अर्थ हो महिला तथा पुरुष दुवैको सामाजिक तथा साँस्कृतिक परिभाषा । अर्को शब्दमा भन्ने हो भने समाजले महिला वा पुरुषलाई कस्तो किसिमको भूमिका, अधिकार, स्रोत, साधन दिन्छ, उनीहरूलाई कस्तो किसिमको व्यावहार तथा मानसिक विकास गर्न सिकाइन्छ, त्यसको अर्थ बोध गर्नुलाई जेण्डर भनिन्छ (Bhasin, 2004) ।

### २.२.४ महिलावादी सिद्घान्तहरू

महिलावादी सिद्धान्त भन्नाले महिलाको सामाजिक परिवेश, हक, अधिकार, वास्तविक स्थिति आदिका बारेमा विभिन्न विद्वानहरू तथा विचारकहरूको मत हो । यस सम्बन्धमा विभिन्न मत तथा विचारहरू मध्ये प्रमुख मत निम्नानुसार रहेका छन् :-

**क) उदारवादी महिलावाद**

यस वादको शुरुवाद १६ औ र १७ औ शताब्दीदेखि भएको हो भने १९ औं शताब्दीको अन्त्यतिर निकै व्यापक रूपमा देखा परेको थियो । यो महिला पुरुष बिचमा समानता हुनुपर्दछ भन्ने सिद्धान्त हो । महिला र पुरुषका हरेक पक्षमा समानता हुनुपर्दछ । समान अवसर, समान अधिकार, समान ज्यालामा जोड दिन्छ । पारिवारिक दायित्व, घरयासी

क्रियाकलाप, श्रम बजारका हरेक पक्षमा समानताको खोजी गर्दछ । महिलाको आत्मविश्वास बढाउने, आत्म क्षमताको विकास गर्न र निर्णय गर्ने स्थितिमा पुऱ्याउन सहयोग पुऱ्याउने कार्यक्रमलाई प्राथमिकता दिन्छ । साथै यसले विद्यमान पितृसत्तात्मक र सामाजिक संरचना भित्र महिला समानता सम्भव रहेको छ । उदारवादले महिलाहरूको आफ्नै कार्य, रूचि, रोजाई आकांक्षाको रोजाइबाट पुरुष सरह आफ्नो क्षमता प्रदर्शन गर्न सक्दछन् । यस्तो समानतालाई आफै निरन्तरता दिन सक्छन् भन्दै राजनीतिक र कानुनी सुधारको माध्यमबाट महिला पुरुषमा समानता ल्याउँन सकिन्छ भन्ने अपेक्षा गर्दछ । यसले महिला पुरुष विच हुने व्यक्तिगत स्वतन्त्र सम्बन्ध र अन्तर क्रियालाई समाजमा नारी पुरुष विच लैङ्गिक समानता ल्याउने शुरू र आधारको विन्दु हो भन्ने मान्यताको आधारमा विश्लेषण गर्दछ । सबै महिलाहरूमा समाजमा लैङ्गिक समानता प्राप्त गर्ने सामार्थ्य हुन्छ । त्यसैले समाजको आधारभूत संरचना परिवर्तन नगरी समानता प्राप्त गर्न सम्भव छ भन्ने दाबी गर्दछ (Abbot,1997) ।

**ख) मार्क्सवादी महिलावाद**

यो सिद्दान्त मार्क्सवादी सिद्दान्तसँग सम्बन्धित छ । सन् १८८४ मा एङ्गेल्सको परिवार, सम्पत्ती र राज्यको उत्पत्ती नामक पुस्तकले यस वादको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको थियो । यस वादले समाजका परस्पर दुई विरोधी वर्गका विचको सम्बन्धलाई जोड दिन्छ । जसमा महिला सम्बन्धी प्रश्नहरू पनि समावेश भएका हुन्छन् । यस वादका अनुसार महिला दमन भनेको वर्गिय दमन हो । महिला समाजमा दमित भएर रहेका छन् । महिला मुक्ती एवं स्वतन्त्रताको संघर्ष पुरुषको विरूद्वमा नभई पूँजिवादी सामाजिक व्यवस्था विरूद्वको संघर्ष हो । समाजमा जबसम्म निजी सम्पत्ती रहन्छ तब सम्म महिला र पुरुष विच असमानता रहने हुँदा निजी सम्पतीको अन्त्य गरी उत्पादन प्रणालीमा सामूहिक स्वामित्व कायम गर्न सकेमा मात्र महिला पुरुषको बिचको असमानता अन्त्य हुन्छ । पुरुषद्वारा महिला माथी गरिने दमन पूँजिवादी प्रणाली र पितृसत्तात्मक व्यवस्थाको पारस्परिक सम्बन्धको परिणाम हो । त्यसैले पितृसत्ता एवं पूँजिवादी व्यवस्था विरूद्वमा सामूहिक संघर्षको खाँचो छ । घरायसी कार्यलाई महत्त्व नदिनु, महिलालाई परिवारमा मात्र सिमित राख्नु, सार्वजानिक कार्यलाई जोड दिनु, पुरुष केन्द्रीत मूल्यमान्यता प्रविधिलाई स्थान दिनु, महिलाहरूले राम्रो ज्याला, पेशा, रोजगार नपाउनुमा पितृसत्ता र पूँजिवाद विच सम्बन्ध रहेको धारणा मार्क्सवादी महिलावादको रहेको छ (Abbot,1997) ।

### ग) आमुल महिलावाद

सन् १९६० को दशक पछि देखापरेको नारीवादी दोस्रो धार र पश्चिम जगत्मा देखा परेको नव महिला मुक्ती आन्दोलनसँगै आमुल महिलावादको उदय भएको हो । यस वादले महिला र पुरुष एक अर्कामा जैविक र मनोवैज्ञानिक विशेषताहरूले गर्दा फरक रहेका छन् । समाजमा महिला र पुरुषको विचमा द्वन्द्व रहेको छ । यस्तो द्वन्द्वको मुख्य कारण पुरुष र उसमा निहित शक्ति हो । पुरुषको महिला दमनलाई आफ्नो जिम्मेवारी ठान्ने गर्दछ । परिवारलाई दमनको केन्द्रविन्दु मान्दछ । महिलाले पुरुषलाई वहिष्कार गरी महिलासँग मात्र सम्बन्ध सृजना गर्नुपर्दछ र महिला केन्द्रित सामाजिक साँस्कृतिक विश्वको निर्माण गर्नु पर्दछ । यसले महिलाका लागि मत सम्बन्धी अधिकार, कानुनी सुधार आदि विषयसँग भन्दा बढी पितृसत्तात्मक समाजलाई भत्काउनु पर्ने कुरालाई जोड दिन्छ । व्यक्तिको जीवन माथि अन्य कोही व्यक्तिको प्रभाव र दमन हुन हुँदैन आफ्नो शरिरको नियन्त्रण गर्ने अधिकार स्वयमंमा हुनुपर्दछ । यसले पितृसत्तालाई शक्तिको स्रोत मानेको छ । परिवार पितृसत्ताको महत्त्वपूर्ण इकाई हो । जसले पुरुषलाई महिला माथि यौनिक, आर्थिक र मनोवैज्ञानिक दमन गर्न सहयोग गर्दछ साथै महिला माथि हुने हिंसा, वलात्कारमा पितृसत्ताको हात रहेको छ (Ritzer, 1992) ।

### घ) समाजवादी महिलावाद

समाजवादी महिलावाद उदारवादी महिलावाद र मार्क्सवादी महिलावादको समिश्रण हो । Alison Jaggar का अनुसार कार्लमाक्स र एङ्गेल्सको ऐतिहासिक महिलावाद, आमुल महिलावादको लैङ्गिक दमन, Personal is Political, आदि अवधारणाबाट समाजवादी महिलावादको उदय भएको हो । यो समाजशास्त्र, अर्थशास्त्र, राजनीतिशास्त्र मनोविज्ञान लगायत विभिन्न विषयबाट प्रभावित महिलावाद हो । यसले महिला अधिनताका महत्त्वपूर्ण तत्त्वहरूसँगै लैङ्गिक वर्गका पहिचान गर्नुपर्ने कुरालाई जोड दिन्छ । लैङ्गिक सम्बन्धलाई शक्ति सम्बन्धका आधारमा बुझ्नु पर्दछ । साथै वर्ग, जाती, साँस्कृति लगायत अन्य शक्तिका आधारमा विश्लेषण गरिनुपर्दछ । रोजगारीका क्षेत्रमा महिलाहरूलाई यौनिक श्रम विभाजनका आधारमा काममा लगाइन्छ । साथै महिलाहरूलाई विभिन्न रोजगारिका अवसरबाट वञ्चित गर्नुका साथै न्यूनतम ज्याला दिइएको हुन्छ । यो समाजमा मुक्ती र दमनको अन्त्य सम्भव छैन । त्यसैले सबै किसिमको दमनको अन्त्यका लागि संघर्ष गर्नुपर्दछ । महिला र पुरुषको समन्वयमा मात्र नयाँ समाजको सृजना सम्भव छ । सबै वर्गका महिला

बिच सहकार्य गर्न सकेमा मात्र त्यस्ता असमानताको निराकरण गर्न सकिन्छ । पितृसत्ताको अस्तित्व निजी सम्पत्तीको उदय हुनुभन्दा पहिलेदेखि नै रहदै आएको हो । निजी सम्पत्तीको अन्त्यसँगै पितृसत्ताको अन्त्य हुन्छ भन्ने धारणालाई समाजवादी महिलावादले विश्वास गर्दैन । यो आर्थिक प्रणालीको पनि एउटा इकाई हो । पितृसत्ता हरेक संस्थामा यौनमा आधारित श्रम विभाजन हुन र महिलाको अवस्था निम्न तहमा रहनु स्वभाविकै हो (Ritzer, 1992) ।

### २.२.५ पितृसत्ता

पितृसत्ता एक सामाजिक आस्था हो । जसले पुरुष प्रधानतालाई मान्यता दिन्छ । पितृसत्ताले संरचनात्मक रूपमा नै परिवारका महिलाहरू, अन्य पुरुषहरू, केटाकेटी, वृद्ध वृद्धा, असक्त र घरेलु कामदारलाई मूल पुरुषको अन्तर्गत नियन्त्रण राख्दछ । पितृसत्तामा घरपरिवार, समाज र राष्ट्रको मुख्य रूपमा पुरुषहरू रहेका हुन्छन् । भारतिय महिला अधिकारवादी कमला भासिसनका अनुसार पितृसत्तात्मक व्यवस्थामा महिलाहरूको उत्पादन, श्रमशक्ति, महिलाहरूको प्रजनन शक्ति, महिलाहरूको यौनिकता, गतिशीलता र सम्पत्ति व्यवसाय तथा अन्य आर्थिक स्रोत साधनमा पुरुषहरूको नियन्त्रण हुन्छ ।

पितृसत्तात्मक व्यवस्थामा पुरुषहरूको स्थान उच्च हुन्छ । पुरुषका हातमा सामाजिक आर्थिक, धार्मिक शक्ति हुन्छ तर महिलाहरू शक्ति र अधिकारबाट वञ्चित हुन्छन् । फलस्वरूप नारीहरू पुरुषको इच्छा र चाहना अनुसार दविएका हुन्छन् अनि शोषिएका हुन्छन् । महिला दमन र शोषण विश्वव्यापी रूपमा रहेको देखिन्छ । नेपालको सन्दर्भमा महिलाहरू पुरुष सरह सामाजिक, साँस्कृतिक अधिकारबाट वञ्चित रहेका छन् । (भसीन, १९९३)

## २.३ पूर्व साहित्यको पुनरावलोकन

बेइजिङ कार्ययोजना (२०५७) अनुसार महिला साक्षरता सन् १९७१ को (३.९%) दाँजोमा सन् १९९१ मा ६ दोब्बर भन्दा बढि वृद्वी (२५%) भए पनि अधिकांश महिलाहरू अझै निरक्षर छन् । यस स्थितिमा सुधारको लागि श्री ५ को सरकारले सन् २००० सम्म सबैलाई साक्षर बनाउन विभिन्न शैक्षिक कार्यक्रम शुरु गरिसकेको छ । विद्यालय छाड्ने

अनुपात छात्र भन्दा छात्राहरूको बढी रहेको छ । छात्राको विद्यालय छाड्ने दरलाई सन् २००० सम्ममा आधा गर्ने र सर्वव्यापी साक्षरता हासिल गरिने थियो । यस अतिरिक्त सन् २००० अथवा अर्को पाँच बर्ष भित्रमा सबै प्राथमिक विद्यालयहरूमा कम्तिमा एक जना महिला शिक्षिकाको व्यवस्था गरिने रहेको थियो । साथै महिलाहरूको लागि प्राविधिक शिक्षा अल्पकालिन तालिम तथा छात्रावृत्तिहरूमा कोटा निर्धारण गरिने छ (महिला विकास मञ्च, २०५८) ।

पाँउलो फ्रेरेको साक्षरता सम्बन्धि सिद्धान्त अनुसार समुदायका सबै तहमा चेतना जगाउने, सहभागीहरूलाई साक्षर बन्न प्रेरित गर्ने, पाठ्यक्रम विज्ञहरूबाट पढाईका बिषयवस्तु निर्धारण गर्नुको सट्टा सहभागिहरू आफैंले पढ्ने पाठको छनौट गर्ने तल्लो तहको विकास भएमा मात्र सम्पूर्ण मानव विकास सम्भव हुन्छ भन्ने चेतनाको विकास गराउने कुरामा जोड दिनु पर्दछ । यस्ता पक्षहरूमा जोड दिनु भनेको समुदायको सशक्तिकरण गराउनु हो (शर्मा र शर्मा, २०६३) ।

राष्ट्रसंघीय शैक्षिक वैज्ञानिक तथा साँस्कृतिक कोष यूनेस्को का अनुसार अहिले विश्वमा झण्डै ७५ करोड ९० लाख प्रौढले पढ्न जान्दैनन् । यस्तो निरक्षर मध्ये हरेक ३ जनामा २ जना अर्थात् दुई तिहाइ महिला छन् । यो शिक्षामा असमान पहुँचको उपज हो । जबसम्म व्यक्ति शिक्षित बन्दैन तबसम्म समाजको विकास हुन सक्दैन । साक्षरता महिला सशक्तिकरणको पहिलो पाइला हो । जब पहिला शिक्षित हुन्छन् तब जीवन उपयोगी सिपको विकास, आत्मविश्वास एवं स्वाबलम्बनमा वृद्वि हुन्छ । साक्षरताले महिलामा सशक्तिकरण ल्याउँछ जुन निर्णय क्षमता विकासको महत्त्वपूर्ण कडी हो र यसले महिलालाई बाहिरी जगतको परिवर्तन सित साक्षात्कार गराउँछ (अर्याल, २०६९) ।

शिक्षाले व्यक्तिगत विकास र आफूलाई पूर्ण बनाउनमा साहारा दिन्छ । यसले व्यक्तिलाई मानसिक, शारिरिक, भावनात्मक, अध्यात्मिक दक्षता हासिल गर्न उत्साहित गर्दछ । सबैका लागि खुला शिक्षा उपलब्ध गराउन सकियो भने सबैले समान रूपमा आफ्नो क्षमता र दक्षता विकास गर्ने अवसर पाउँछन् । जुन दक्षता र क्षमताले व्यक्तिलाई समाजमा घुलमिल भई स्थापित हुन सहयोग गर्दछ । सन् १९६० मा राष्ट्रपति बि. जोन्सनले राष्ट्रमा आउने सबै समस्याहरूको कारण शिक्षालाई मानेका छन् (Haralambos, 1981) ।

विश्वका गरिब देशमा व्यापक रूपमा देखिने पक्ष भनेको निरक्षरता हो । अझ विशेष गरि महिला निरक्षरता पुरुषको तुलनामा दुई गुणा बढी रहेको छ । चरम गरिबी, शिशु

मृत्युदर, उच्च जन्मदर र मन्द गतिको आर्थिक वृद्धिदरको कारणले महिला निरक्षर उच्च दरमा पुगेको हो । परम्परागत संस्कृति र आर्थिक दबाबका कारणले धेरै केटीहरू स्कूल जानबाट वञ्चित गरिन्छ । अझ ग्रामीण परिवारमा यसको मात्रा व्यापक रूपमा रहेको देखिन्छ साथै ठूलो परिवारमा पढाइका लागि खर्च बढी लाग्ने हुँदा छोराको पढाइका लागि छोरीले पढाई त्याग्नु पर्ने भएकाले महिला निरक्षरता बढी हुन पुगेको छ (Giddens, 2001)।

काफ्ले र साथिहरू (२०६१) ले शैक्षिक प्रविधि र अनौपचारीक शिक्षा विषयमा उल्लेख गरे अनुसार वि.सं २००७ सालको प्रजातन्त्रको प्राप्ति पश्चात शुरु भएको शैक्षिक क्रान्तिका कार्यक्रम मध्ये प्रौढ साक्षरता पनि एक महत्त्वपुर्ण कार्यक्रमको रूपमा अगाडी बढ्दै आएको छ । २००७ सालमा २ प्रतिशत रहेको नेपालको साक्षरता २०५८ मा आएर ५८ प्रतिशत हुनु त्यसमा पनि महिला साक्षरता उल्लेखनिय वृद्धि हुनु यसको परिणाम मानिए ता पनि एकातर्फ पुरुषको तुलनामा महिला साक्षरता कम रहेको पाइन्छ भने अर्को तर्फ प्रत्येक बर्ष सञ्चालित प्रौढ शिक्षा कार्यक्रमले कागजी रूपमा साक्षरता रेकर्ड बढाउँदै गए तापनि वास्तविकतामा यो नरहेको तथ्य भेटिनुका साथै अर्को कार्यक्रम साक्षरोत्तरमा समावेश हुन योग्य नभएको र उनिहरूको गुणस्तर बढाउन र साक्षरता कार्यमुलक सिपलाई निरन्तरता दिन अन्य पुनरताजगी कार्यक्रम सञ्चालन नभएकोले प्रौढ शिक्षा कार्यक्रम उनीहरूको उमेर अनुभव र समस्यासँग राम्ररी मेल खान नसकेको कुरा यथार्थ हुन आउँछ ।

शर्मा र शर्मा (२०६४) ले शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा विषयमा उल्लेख गरे अनुसार प्रौढ साक्षरता सान्दर्भिक हुनु पर्दछ । साक्षरता सिकाई प्रौढहरूको अनुभवसँग मिल्ने हुनु पर्दछ । प्रौढ साक्षरता तुरून्त प्रयोग गर्न सकिने हुनुपर्दछ साथै सहभागिता मुलक हुनु पर्दछ । प्रौढ साक्षरता सिकारूहरूलाई नै जिम्मेवारी बनाउनु पर्दछ । सिप विकासमा सहयोग पुऱ्याउनु पर्दछ । साक्षरताले प्रौढहरूलाई सक्षमता प्रदान गर्न सक्नु पर्दछ ।

प्रौढ शिक्षा सिकाइका लागि अपरीहार्य अनौपचारिक धारणा हो । अनौपचारिक शिक्षाले प्रौढहरूलाई सिकाइको आधारभूत धारणा प्रदान गर्दछ । यो विकास र वृद्वि मुखी शिक्षा हो । जसलाई सिकारू र अन्य मानिसले योजना बनाउँछन् । प्रौढ सिकारूले प्राप्त गर्ने ठाउँ, समय, विधि र विषय सूची बारे ध्यान दिन्छन् । प्रौढ शिक्षा व्यक्तिगत प्रयासबाट मात्र नभई सामुदायिक छलफल, पारस्पारिक लेनदेन र अन्तरक्रियाबाट पनि प्राप्त गर्न सकिन्छ । यदि सिकारूले सिक्न चाहेमा यसलाई औपचारिक व्यवस्थापन गर्न सकिन्छ । प्रौढ शिक्षा

व्यक्तिगत मात्र नभई व्यक्ति र समूहको सामाजिक, आर्थिक समस्या समाधान गर्ने आवश्यकता पनि हो (Kundu, 1987)।

अनौपचारिक शिक्षाका सम्बन्धमा सन् २००८ मा सबैका लागि शिक्षा प्रतिवेदनले ३० ओटा देशहरूमा गरिएको पारिवारक सर्वेक्षणबाट प्राप्त तथ्याङ्कले विश्वका अति गरिब मुलुकका धेरै सुविधा बिहीन प्रौढ तथा महिलाहरूको लागि अनौपचारिक शिक्षा नै सिकाइको मुख्य स्रोत हो भन्ने उल्लेख गरेको छ (यूनेस्को, २००८)।

राणाकालदेखि नै सीमित रूपमा भए पनि सञ्चालन भईरहेको अनौपचारिक प्रौढ शिक्षा कार्यक्रम अहिले पनि चलिरहेको छ। कतिपय संस्थाहरूले यसलाई कार्यक्रमको प्रवेश बिन्दुको रूपमा चलाएका छन् । यस अर्थमा अनौपचारिक प्रौढ शिक्षा कार्यक्रम व्यापक रूपमा चलेको छ। १५ देखि ४५ वर्ष उमेर समूहका पुरुष एवम् महिलाहरूलाई लक्षित गरी बनाइएको यस कार्यक्रमले केही कमजोरीको बाबजुद पनि उल्लेख्य सेवा पुऱ्याएको छ (Cerid, 2001)।

प्रत्येक प्रौढहरूलाई पारस्पारिक सहानुभूती सहिष्णुता सम्बन्धी ज्ञान लिनलाई सहि मार्ग बनाउन प्रौढ शिक्षाको आवश्यकता छ । प्रौढ शिक्षाको सहायताले औपचारिक शिक्षालाई प्रभावकारी बनाउन सकिन्छ । समाजका विभाजित समूहहरूको बीचमा यसले मेलमिलापको वातावरण तयार गर्न सक्छ । नागरिकको सामाजिक जीवनमा प्रत्येक प्रौढहरूले आफूलाई पूर्णरूपमा मानवीय चाहना पुरा गर्न सक्ने सक्षम व्यक्तिको रूपमा उभ्याउन प्रौढ शिक्षाले प्रभावकारी भूमिका निर्वाह गर्दछ । त्यसैले प्रौढहरूका लागि उनीहरूको फुर्सदको समय सदुपयोग गरी प्रौढ कक्षा सञ्चालन गर्नु पर्दछ। प्रौढ शिक्षाले प्रत्येक नागरिकलाई एक अभिभावक, समाजको योग्य र उत्तरदायी सदस्यको रूपमा उभ्याउन मार्ग प्रदान गर्नु पर्दछ। त्यसका लागि प्रौढहरूलाई व्यवसायिक शिक्षाको अवसर प्रदान गर्नु पर्दछ तर प्रौढ शिक्षामा विभिन्न समस्याले गर्दा यस्तो हुन सकेको छैन (Aggrawal, 1992)।

प्रौढ शिक्षा कार्यक्रम सुविधा विहिन निरक्षरहरूलाई आधारभूत साक्षर गराई यिनीहरूको जीवन स्तर उकास्न ल्याइएको प्याकेज कार्यक्रम हो। आजको बृहत् समुदायको क्षेत्र ओगट्न शिक्षाको एउटा विधि मात्र समस्याको समाधान नहुने हुँदा मानिसहरूका धेरै आवश्यकता र चाहना पुरा गर्न सञ्चालित शिक्षा नीति जस्तै : १५ देखी ३५ बर्षका निरक्षर मानिसहरूलाई साक्षर गराउन प्रौढ शिक्षाको अत्यन्त प्रभावकारीता रहेको हुन्छ । बढ्दो

जनसङ्ख्यालाई विकासको मुल धारमा ल्याउने साक्षरता अभियानलाई पुरा गर्न प्रौढ शिक्षाले महत्वपूर्ण प्रभाव पारेको हुन्छ । प्रौढ शिक्षा कार्यक्रमले शिक्षाको बहुउद्देश्यात्मक धारणा, प्रकृति र क्षेत्रलाई अगाडि बढाउन सामूहिक सिकाइ नीतिलाई अगाडि सारेको छ । प्रौढ शिक्षाको पहुँच ठुलो जनसमूहसम्म पुऱ्याउन निरक्षर, अर्धसाक्षर र पूर्ण साक्षर प्रौढहरूमा विभिन्न शैक्षिक प्रविधि अवलम्बन गरी शैक्षिक कार्यक्रमलाई सिकारूको आवश्यकता अनुसार उपलब्ध गराउने नीति लिए पनि सहि योजना र कार्यान्वयनको अभावमा यसले पूर्ण साक्षर गराउन सकेको छैन (Mukhopadhyay, 1990)।

त्यस्तै सिकारूको आवश्यकता अनुसार प्रौढ शिक्षाको स्तर अनुसार पनि भिन्नता हुन्छ । सबैलाई र सबै ठाउँको लागि एकै किसिमको शिक्षा प्रदान गर्नु सान्दर्भिक हुदैन । जस्तै : भरिया र व्यापारीका लागि विषयवस्तु दिइन्छ भने त्यो एउटाका लागि सान्दर्भिक हुन्छ भने अर्काको लागि सान्दर्भिक नहुन पनि सक्छ । त्यसकारण अलग अलग सिपको विकास गर्न आवश्यकता पर्दछ तर नेपालमा हुम्ला र इलाम दुवै ठाउँमा सिकारूलाई एउटै सिप प्रदान गर्ने विषयवस्तुका पाठ्य सामाग्री दिइएको हुन्छ । नयाँ गोरेटो पुस्तक नेपाल भरी प्रौढ शिक्षाको पाठ्य सामाग्रीको रूपमा प्रयोग गरिन्छ । जुन सबैका लागि सान्दर्भिक छैन । त्यस्तै कृषि सम्बन्धी ज्ञान सबैलाई दिइन्छ तर जो सँग जग्गा जमिन र खेत नै छैन जसले कृषि सम्बन्धी काम नै गर्दैन उसको लागि कृषि शिक्षाको के उपयोगिता ? अतः विषय वस्तु सिकारूको आवश्यकता अनुसार सार्न्दभिक विविधतापूर्ण हुनुपर्दछ (काफ्ले र साथीहरू, २०६१) ।

अनौपचारिक शिक्षा शैक्षिक मार्गको एउटा महत्त्वपूर्ण पक्ष हो । त्यसकारण यसलाई अनौपचारिक र अनिश्चित शिक्षासँग सहसम्बन्ध कायम गरी अगाडि बढाउनु पर्दछ । यदि अनौपचारिक शिक्षालाई अन्य शिक्षा पद्धतिसँग सहकार्य गरिएन भने शिक्षाको लक्ष्य हासिल हुन सक्दैन । यसलाई आधारभूत सिपमा मात्र सिमित गरिनु हुदैन (शर्मा, २००४) ।

साक्षरता विशेषाङ्क (२०६७) मा इरीना बोकोभाले उल्लेख गरे अनुसार महिला साक्षरता विना सभ्य र समुन्नत समाजको निर्माण हुन सक्दैन । निरक्षरताले महिलाहरूलाई सिमान्तकृत गरिदिएको छ । प्रविधिमा चलेको आधुनिक विश्वमा आफ्नो आधारभूत अधिकार र अवसरहरूको उपयोग गर्न, लेख्न, पढ्न र अङ्क गणितको ज्ञान हुनु अनिवार्य भइसकेको छ । यस्तो अवस्थामा चरम गरिवीलाई हटाउन महिला निराक्षरता निकै ठूलो बाधक देखिएको छ । महिला साक्षरताको सिपले उनीहरूमा आत्मविश्वास बढाउनुको साथै

भविष्यमाथि स्वावलम्बीपन प्रदान गर्दै महिला सशक्तीकरण गर्दछ । सशक्तिकरण भनेको निर्णय गर्ने क्षमताको लागि जानकारी हासिल गर्न सक्नु हो । सशक्तिकरणबाटै महिलाहरूलाई घर भित्र र बाहिरको राजनैतिक जीवनमा सहभागी हुने र अधिकारको प्रयोग गर्न सक्ने अवस्था समेत प्राप्त हुन्छ ।

नेपालमा महिला साक्षरता दर कमी छ । केटीहरू जति जति ठूला हुँदै जान्छन् त्यति त्यति उनीहरूमाथि घरको काम काजको जिम्मेवारी बढाउँदै लाने प्रचलन छ । धेरै पढायो भने विवाह गर्न मुस्किल हुन्छ भन्ने विश्वास छ । छोरीको पढाइको निम्ति गरेको खर्चले पछि परिवारलाई प्रतिफल दिदैन भन्ने अवधारणा छ । यसले गर्दा पनि शिक्षामा केटीहरूको सहभागितामा कम भएको हो । तसर्थ महिला शिक्षाको सम्बन्धमा मुख्य मुद्दा भनेकै साक्षरता, विद्यालय भर्ना, विद्यालय निरन्तरता तथा उपलब्धिमा कम सहभगिता हो । शिक्षामा महिलाको सहभागिता कम हुनुमा घर भित्रका बाहेक घर बाहिरका तत्त्वले पनि काम गरिरहेका हुन्छन् । छोरीको शिक्षाका निमित्त खर्च गर्न नरूचाउने मानसिकता एउटा तत्त्व हो । छोरा र छोरी मध्ये कसलाई शिक्षा दिने भनि छान्नु परेमा छोराको शिक्षालाई प्राथमिकता दिने प्रचलन अर्को तत्त्व हो । त्यसैले यस्तो समाजमा स्कूलको शुल्क, ड्रेस, किताब, कापी आदिमा लाग्ने खर्चले पनि केटीहरूलाई शिक्षामा सहभागी हुनबाट रोकिरहेको हुन्छ । समग्रमा भन्नुपर्दा गरिबी, कामको बोझ र संस्कृतिको अवधारणाहरू महिला शिक्षाका बाधक तत्त्वहरू हुन् (त्रिभुवन विश्वविद्यालय, २०५९) ।

उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ को प्रतिवेदन अनुसार अनौपचारिक शिक्षालाई जनशक्तिकरणमा जोड्नु पर्ने समुदायमुलक अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने गा.वि.स., नगरपालिका जस्ता स्थानीय स्तरका निर्वाचित निकायहरू, ग्रामीण युवा समूह, राजनीतिक कार्यकर्ता र विद्यालयका शिक्षकहरूलाई समेत संलग्न गराई खुला शिक्षा सेवाको विस्तार गरिनु पर्ने उल्लेख गरिएको छ । यसबाट प्रौढहरूका लागि साक्षर बन्न सहज वातावरण तयार हुने देखिन्छ (साक्षरता विशेषाङ्क २०६४,) ।

शिक्षालाई पनि मानव विकासका गुणात्मकता तथा विशिष्टता प्राप्तिमा अहम् भूमिका निर्वाह गर्ने महत्त्वपूर्ण पक्षको रूपमा लिइन्छ । गर्भावस्थादेखि जीवन पर्यन्तसम्म नै मानव विकासमा शिक्षाले उल्लेख्य भूमिका निर्वाह गरिरहेको हुन्छ । विकासात्मक विशेषता वा व्यक्तिगत विभिन्नता अनुरूप भौतिक एवम् भावनात्मक दुवै खालका वातावरणमा आवश्यकिय सुधार गर्नमा शिक्षाको उल्लेख्य भूमिका हुन्छ । व्यक्ति स्वयम्का अतिरिक्त

परिवार र समाजको शैक्षिक स्तरले पनि मानव विकासमा प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । त्यसैले सम्पूर्ण प्रौढहरूलाई जीवनपयोगी साक्षरता प्रदान गर्न प्रौढ शिक्षाको महत्त्वपूर्ण भूमिका रहन्छ । सामाजिक मूल्य मान्यता धार्मिक संस्कार एवम् सांस्कृतिक परम्पराहरू समाजको शैक्षिक स्तरमा नै पूर्ण तथा निर्भर रहने गर्दछ (रेग्मी र साथीहरू, २०६३) ।

अनौपचारिक शिक्षा लागु गर्नमा दुई महत्त्वपूर्ण पक्ष रहेका छन् । एउटा मानवीय भावनाको विकास गर्न र दोस्रो सिकाइमा प्रजातान्त्रिक पद्धति अवलम्बन गर्न सबै प्रकारका शिक्षा मध्ये अनौपचारिक शिक्षा पनि एक महत्त्वपूर्ण शिक्षा हो  जसले मानवका मौलिक अधिकारलाई व्यवस्थित गर्न सहयोग गर्दछ । घरमा काम गर्न महिलाहरू खेतमा काम गर्न किसानहरू, पिछडिएको ग्रामीण र तल्लो जातिका मानिसहरूले आजको आधुनिक र नयाँ प्रविधिको प्रयोग गरी आफ्नो क्षेत्रको विकास गर्न अनौपचारिक शिक्षाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । यसका निम्ति वैधानिक रूपमा साक्षर गराउने नीति लागु गर्न सके अनौपचारिक शिक्षाले सर्वत्र विकासमा महत्त्वपूर्ण भूमिका खेल्दछ (Shingh, 1987) ।

अनौपचारिक शिक्षा औपचारिक शिक्षाभन्दा बाहिर रहेको संगठन र व्यवस्थित सिकाइ छ तर नत यो शिक्षाको द्रुत विकासको विधि हो नत शिक्षाको वैकल्पिक व्यवस्था हो । यो लचक्दार व्यवस्थित र उपयोगी छ । अनौपचारिक शिक्षा त्यस्तो मानिसहरूका लागि हो जो विभिन्न समस्याका कारण औपचारिक शिक्षाबाट वञ्चित रहेका छन् (Mani, 1991) ।

व्यक्तिले राज्यको अधिनमा रही व्यक्तित्त्वको विकासका निम्ति शिक्षा प्रदान गर्नुपर्दछ । जसले सामाजिक वर्ग, दार्शनिक, योद्धा तथा कामदारहरूको अस्तित्वलाई स्विकार गर्दछ । शिक्षाको लक्ष्य उच्चतम भलाई गर्ने न्याय प्रदान गर्ने र समुदायको विकास गर्ने संरचनामा आधारित छ । जसबाट प्रौढहरूले उत्साहित भएर सिप आर्जन गर्नका लागि शिक्षा प्राप्त गर्दछन् (वाग्ले, २०६२) ।

विश्व जनसंख्या प्रतिवेदन सन् १९९० अनुसार आमाको शिक्षाले मात्र उनको परिवार सानो बनाउन र उनका बालबालिकाहरू जीवित राख्न मद्दत गर्ने गर्दछ । परम्परागत जीवनशैलिले महिलाहरूको स्वास्थ्य खतरामा पर्न सक्दछ । त्यसबाट बच्ने एउटा बलियो सुरक्षा शिक्षा हो । शिक्षाले महिलाहरूलाई खाली आमा मात्र हुने परिधिबाट बाहिर जान मद्दत गर्दछ । शिक्षित महिलाहरूले गुणात्मक परिवारको जीवनलाई उच्च प्राथमिकता दिन्छन् (नाफिस, १९९०) ।

महिला साक्षरता दर कम भएको देशहरूमा प्राथमिक स्कूलमा बालिका भर्नादर कम, शिशु मृत्युदर बढी, देशका व्यक्तिहरूको औसत आयु र वार्षिक आय पनि कम हुन्छ (नाचर, १९८९) ।

पराजुली (२०६४) ले 'सङ्खुवासभा जिल्लाको खाँदबारी नगरपालिका अन्तर्गत सञ्चालन भएको महिला साक्षरता दोस्रो कार्यक्रममा सहभागिता सम्बन्धी' शोध शीर्षकमा गरेको अध्ययन अनुसार अध्ययन क्षेत्रमा परेका सातवटा केन्द्रहरू मध्ये ३ वटा केन्द्रमा कक्षामा सम्मिलित हुने सहभागी सङ्ख्या भन्दा न्यून रहेको निष्कर्ष छ । यसबाट विद्यार्थीहरू नियमित उपस्थित हुन नसकेको र सहभागीको उपस्थिती घट्बढ भएको तथ्याङ्कले देखाएको छ (शर्मा, २०६८) ।

विष्ट (२०६५) ले 'दार्चुलाको गोकुलेश्वर गा.वि.स. मा सञ्चालित महिला साक्षरता दोस्रो कार्यक्रममा सहभागी महिलाहरूको ज्ञान, सिप र व्यावहार सम्बन्धी' शोध शीर्षकमा गरेको अध्ययन अनुसार नमुना छनौटमा परेका ४ ओटै कक्षामा सहभागी सङख्या आधा रहेको र भर्नालाई हेर्दा बढी हुनेमा ९० प्रतिशत र कम हुनेमा ८० प्रतिशत रहेको छ यस शोधका अनुसार सहभागीको नियमितता कम भएको र सिकेका कुरा पूर्ण रूपमा व्यावहारमा उतार्न नसकेको साथै कार्यक्रम सञ्चालन गरेर छोडेपछि विच विचमा पुनर्ताजगी कार्यक्रम आवश्यक भएको कुरा समेत स्पष्ट देखिन्छ ।

वाग्ले (२०६६) ले स्याङ्जा जिल्लामा साक्षरता अभियान कार्यक्रमको प्रभावकारिता शोध शीर्षकमा गरेको अध्ययन अनुसार महिलाहरूको सहभागिता ९९ प्रतिशत र पुरुषको सहभागिता १ प्रतिशत देखाइएको छ । प्रति केन्द्रमा सहभागी २८ जना रहेको र अनियमित हुनेहरू ५० प्रतिशत रहेका छन । साथै विचैमा कक्षा छोड्ने दर ११ प्रतिशत रहनुले प्रौढ साक्षरता कार्यक्रममा पहुँच कमजोर रहेको छ ।

सुवेदी (२०६६) ले 'कास्की जिल्लामा साक्षरता अभिवृद्धिमा प्रौढ शिक्षा कार्यक्रमको प्रभाव' शोध शीर्षकमा गरेको अध्ययन अनुसार महिलाको तुलनामा पुरुषको सहभागिता न्यून रहेको छ । कक्षामा सहभागिता रहेको मध्ये सबै भन्दा बढी श्रीमान्‌बाट प्रेरणा पाउने सहभागी रहेको मध्ये अधिकांश कृषिमा निर्भर रहेको साथै केही सहभागीले विचैमा कक्षा छोड्ने गरेको जसका कारण अधिकांश घरायसी व्यस्तता भएको देखिन्छ ।

बस्नेत (२०५५) ले 'महिला अनौपचारिक शिक्षा कार्यक्रम को प्रभावकारीता' शीर्षक को अप्रकाशित शोध पत्रमा महिलाहरू २५ देखी ३१ जना सहभागी भएको, परीक्षा

सञ्चालन गर्दा ७५ देखी १०० प्रतिशत महिलाले परिक्षा उत्तीर्ण गरेको जनाएको छ । त्यस्तै २० प्रतिशत महिला कहिले काहि मात्र आउने गरेको, लिम्बु जातिका महिला बढी मात्रामा सहभागी भएको, त्यस्तै प्रौढ कक्षामा अनियमीतता हुनको कारण बारेमा महिलाहरू कामकाजले व्यस्त, पारिवारिक प्रतिबन्ध, पढ्नमा त्यति रूचि नभएको, प्रौढ केन्द्र आफुलाई पायक नपरेको भनी उल्लेख गरेको छ ।

चुनरा (२०६६) ले 'प्रौढ शिक्षामा दलित महिलाको सहभागिता' शीर्षकको अप्रकाशित शोध पत्रमा डडेल्धुरा जिल्लामा गरिएको अध्ययनले प्रौढ शिक्षामा दलित को सहभागिता बाहुल्य रहेको, गैर दलित को कक्षामा अनियमित बढी रहेको थियो । त्यस्तै प्रौढ शिक्षामा अनियमित हुनुमा मुख्य कारण घरायसी कामकाज, बालबालिका बिरामी भएर, आफू स्वयं बिरामी रहेको पाइयो । त्यस्तै प्रौढ शिक्षा पढेर बिजुलीको बिल पढ्न सक्ने, चिठी पढ्न सक्ने भएको र सामान्य हिसाब गर्न सक्ने भएको, छोरालाई गृहकार्य गर्नमा मद्दत गर्न सक्ने भएको जस्ता कुरा उल्लेख गरिएको छ ।

भण्डारी (२०५७) को 'अनौपचारिक शिक्षा कार्यक्रमको प्रभावकारिता' शीर्षकको अप्रकाशित शोध पत्रमा उल्लेख गरे अनुसार महिलाको उपस्थिति सम्बन्धमा १५ देखि २६ जनासम्म एक समूहमा उपस्थिति रहेको, सहभागी सबैमा पढ्ने सिपको विकास भएको, आफ्नो घर आँगन सफा राख्नु पर्छ भन्ने धारणाको विकास भएको, विभिन्न परिवार नियोजनका साधन बारे जानकारी भएको उल्लेख गरिएको छ ।

## साहित्यिक पुनरावलोकनको उपादेयता

अनुसन्धान कार्य एक व्यवस्थित र उपयुक्त विधिबाट अगाडि बढ्ने खोजमूलक कार्य हो । अनुसन्धान नयाँ होस्, नदोहोरियोस र सम्बन्धित विषयमा ज्ञान फराकिलो पार्न र अनुसन्धान समस्यालाई अनुसन्धान पद्धतिको ढाँचामा स्पष्ट पार्न माथि पुनरावलोकन गरिएका सान्दर्भिक साहित्यहरूले गर्ने हुनाले साहित्यिक समिक्षा उपयोगी हुन्छ ।

माथि उल्लेखित विभिन्न साहित्यिक अध्ययन महिलाको साक्षरताका बारेमा उत्पादन प्रणाली, सामाजिकीकरण र महिलावादी दृष्टिकोणबाट अध्ययन गरिएको छैन । साथै धेरै क्षेत्रबाट कक्षा छनौट गरी कक्षामा उपस्थित भएका निश्चित समयको आधारबाट मात्रै अध्ययन गरिएको छ । जसमा मात्रात्मक अवस्थालाई जोड दिइएको छ । साथै कुनै निश्चित

वर्गलाई मात्र समेटेर अध्ययन गरिएको देखिदैन । साथै उक्त कार्यक्रमको प्रभावकारितालाई मात्र जोड दिएर अध्ययन गरिएको छ । त्यसैले यहाँ ग्रामीण समाजका महिलाहरूलाई मात्र समावेश गरी औपचारिक शिक्षा प्राप्त गर्न नसक्नाको कारण, प्रौढ शिक्षा पढ्न जाँदा भोग्नु परेका समस्या र त्यस शिक्षाले ल्याएको परिवर्तनलाई उत्पादन प्रणाली, सामजिकिकरण र महिलावादी दृष्टिकोणबाट अध्ययन नगरिएकोले यस अध्ययन गरिएको छ । जसमा अध्ययन क्षेत्रमा शुरुको अवस्थामा सञ्चालित कक्षा सहभागी भएका देखि हालका कक्षामा सहभागी भएका सहभागीलाई समावेश गरिएको छ ।

## २.४ अवधारणात्मक खाका

### २.४.१ अध्ययनको सैद्धान्तिक अवधारणात्मक खाका

मानिसहरू बाँच्नको लागि वस्तुहरूको उत्पादन गर्ने प्रक्रियालाई प्रणाली भनिन्छ । मार्क्सवादका अनुसार उत्पादन प्रणालीलाई आर्थिक आधार तथा अर्थतन्त्रको रूपमा लिइन्छ । जसले समाजका विभिन्न संरचनाहरू (परिवार, धर्म, समुदाय, विवाह, शिक्षा आदि) को स्वरूप निर्धारण गरेको हुन्छ । वर्तमान समाजमा औपचारिक शिक्षाको वैकल्पिक शिक्षाको रूपमा अनौपचारिक शिक्षालाई स्थापित गरिएको छ । परम्परागत कृषि उत्पादन प्रणालीले महिलाहरुले औपचारिक शिक्षा लिनबाट वञ्चित हुन आर्थिक, लैङ्गिक, सामाजिक, सांस्कृतिक मनोवैज्ञानिक कारणहरु सृजना गरेको छ तर पढाइको अवाश्यकता महसुसले प्रौढ शिक्षाका कक्षामा सहभागी हुँदा पनि जिविका निर्वाह गर्ने प्रणालीले पनि परम्परागत कृषि पेशा, श्रम विभाजन, चेतनाको कमी, धेरै कामको बोझ जस्ता समस्याले सहज तरिकाले पढ्न अप्ठ्यारो परिरहेको हुन्छ । यस्ता समस्यालाई झेल्दै पढाइमा लाग्दा प्रौढ शिक्षाले निरक्षर महिलाहरुलाई जिविका निर्वाह गर्ने कार्यको लागि नयाँ सिप लिन योग्य जनशक्तिको निर्माण गर्दछ, साथै परिवर्तनशिल सामाजिक संरचनामा अन्तरघुलन (सामाजिकीकरण) हुन सहयोग गरी व्यक्तिलाई समय सापेक्ष बनाउँछ र लैङ्गिक समानताको लागि थप टेवा दिन सहयोग गर्दछ । यसरी समाज परिर्वतन हुँदै जाँदा पुनः उत्पादन प्रणालीमा पनि परिवर्तन हुन जान्छ । जुन चक्र निरन्तर चलिरहन्छ र समाज परिवर्तनको बाटोमा अगाडि बढी रहन्छ ।

### २.४.२ अध्ययन विश्लेषणको अवधारणात्मक खाका

नेपाल एक अल्पविकसित मुलुक हो र यहाँ निरक्षरको सङ्ख्या निकै धेरै रहेका कारण नेपाल सरकारले त्यसको निरक्षर उन्मुलनमा साक्षरता अभियान कार्यक्रम चलाउदै आएको छ । यस सम्बन्धमा ग्रामीण समाजका महिलाहरू निरक्षर हुनाका कारणहरूमा आर्थिक कारण, लैङ्गिक कारण, सामाजिक साँस्कृतिक कारण, पारिवारिक कारण, धार्मिक कारण, द्वन्द्वको कारण, समाजमा चेतनाको कमी, साथै वौद्धिक वर्गको कमी आदि कारण रहेका छन् र यसरी निरक्षर हुन पुगेका महिलाहरूलाई साक्षर गराउने क्रममा उक्त कक्षामा

सहभागी हुँदा उनीहरूले परम्परागत कृषि पेशामा बढी श्रम गर्नुपर्ने समस्या, छोराछोरीको हेरचाह, छोराछोरीको भविष्यप्रति चिन्ता, श्रम विभाजन, परिवारमा चेतनाको कमी, पुरुषवादी सोच, वेरोजगारी, शिक्षकको भूमिका, समय सापेक्ष पाठ्यक्रम निर्माण नगरिनु, वत्तीको वैकल्पिक व्यवस्था नहुनु, निरन्तर पढाइको अभाव जस्ता समस्या उनीहरू साक्षर हुनको लागि बाधक बनिरहेको छ । यसरी विभिन्न बाधा भए तापनि प्रौढ शिक्षाले उनीहरूको जीवनमा सामाजिक, आर्थिक, अवसर प्राप्ति, समानता, बौद्धिक र मनोवैज्ञानिकतामा परिवर्तन ल्याई महिला सशक्तिकरण गर्न सकेको देखिन्छ । जुन कुरा तलको विश्लेषणात्मक अवधारणामा उल्लेख भएको छ ।

## अध्याय- तीन

अध्याय - तीन

# अध्याय-तीन
# अनुसन्धान पद्धति

## ३.१ अध्ययन क्षेत्रको परिचय

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चलमा पर्ने कास्की जिल्ला एक पहाडी जिल्ला हो र सार्दीखोला गा.वि.स. कास्की जिल्लाको उत्तरी भाग तर्फ ८३.९४$^{\circ}$ देखि ८४.०६$^{\circ}$ सम्म फैलिएर रहेको एक गाउँ विकास समिती हो । यस गा.वि.स अन्तगरगत वडा नं. १ भूर्जुङ्गखोला सदरमुकाम पोखरा देखि १६ किलोमिटर उत्तरमा अवस्थित रहेको छ। यस वडाको उत्तरमा वडा नं. २ र ३ खाँदरजुङ्ग गाउँ, पूर्व र दक्षिणमा पुरून्चौर गा.वि.स. र पश्चिममा घाचोक गा.वि.स. पर्दछन् । यस गाउँको ऐतिहासिक रूपरेखा र नामाङ्कन सम्बन्धमा कुनै आधिकारिक एवम् भरपर्दो अभिलेख प्राप्त नभएता पनि यस गाउँमा भूर्जुङ्गखोला भन्ने खोला बग्ने हुनाले यसै खोलाको नाम बाट नै यस गाउँको नाम रहन गएको छ । यस खोलामा पहिले ढिंडो पकाउने तामाको भाँडो (भुजुङ्गो) माझ्न जाँदा उक्त भाँडो खोलाले बगाएपछि भुजुङ्गो बगाउने खोला भन्दै जाँदा अपभ्रंश भई भुर्जुङ्गखोला हुन पुगेको जानकार व्यक्तिको कथन रहेको छ ।

यस गाउँलाई पश्चिम र उत्तर भाग सेती नदीले सीमाना छुट्टाएको छ जसलाई पश्चिम तिर सेती नदीले घाचोक गा.वि.स. सँग सीमाना छुट्टाएको छ भने दक्षिण र पूर्व तर्फ पुरून्चौर गा.वि.स.सँग भुर्जुङ्गखोला खोलाले सिमान छुट्टाएको छ । यसरी सीमाना छुट्याउँदा यो वडा (भुर्जुङखोला) अङ्ग्रेजी एल. (L) आकारको रहेको छ । यस वडामा भुर्जुङ्गखोला, घडेरी, कसेरी, गैराखोर र बाँजोखेत नामका प्रमुख बस्ती रहेका छन् । जसमा भुर्जुङ्गखोलामा ब्राह्मण र गुरूङ्गको बाहुल्यता रहेको छ, घडेरीमा गुरूङ्गको, कसेरीमा तामाङको, गैराखोरमा दलितको बाहुल्यता र बाँजोखेतमा प्रायः सबै जाती रहेका छन् । जसले गर्दा यो गाउँ बहुजाती, बहुभाषिक बहुधार्मिक रूपमा पनि एकतावद्ध भई बगैचाको रूपमा रहेको प्रतित हुन्छ ।

## ३.२ अध्यनय क्षेत्र छनौटको औचित्य

सार्दीखोला गा.वि.स. अन्तर्गत वडा नं. १ यस क्षेत्रको मुख्य वस्ती हो । यहाँ शिक्षा, सडक, स्वास्थ्य चौकी, सञ्चार, खानेपानी आदिको उचित व्यवस्था भएकाले वरिपरिको क्षेत्रबाट समेत मानिसहरू यहाँ बसाइसरी आउने गर्दछन् । विभिन्न जातजाती, भाषाभाषी र धर्म संस्कृति अँगालेका यहाँका बासिन्दामा नेपलाको सुन्दर नगरी पोखरा शहरको प्रभाव परेको पाइन्छ । यसरी सहरीकरणको प्रभाव परेको उक्त ठाउँमा चेतनाको स्तर वृद्धि हुँदै जाँदा शिक्षा आर्जनप्रति सकरात्मक सोचाई बढ्दै गएको अवस्थामा शहरीकरणको प्रभाव भन्दा पहिलाको शिक्षाप्रतिको बुझाइ र सहरीकरणको प्रभाव पर्दै गर्दा त्यहाँका महिलाले लिने प्रौढ शिक्षामा के कस्तो समस्या अझै छन् र त्यस शिक्षाले महिलामा कस्तो परिवर्तन दिन सकेको छ भनी अध्ययन गर्न उपयुक्त वातावरण देखिएकाले यो क्षेत्रलाई छनौट गरिएको छ । साथै उक्त क्षेत्रमा यस्ता अध्ययन अहिलेसम्म नगरिएका कारण पनि उक्त क्षेत्र छनौट गरिएको हो ।

## ३.३ अनुसन्धान ढाँचा

कुनै पनि अनुसन्धान कार्यमा अनुसन्धान पद्धतिले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । अनुसन्धानमा उपयुक्त विधि अपनाई आफ्नो उद्देश्य उन्मुख हुन अति आवश्यक छ । अनुसन्धानको विश्वसनियता र प्रभावकारीता कति छ  भन्नका लागि त्यो अनुसन्धान व्यवस्थित विधिबाट गरिन्छ र त्यो विधि लक्षित उद्देश्य हासिल गर्न कति सार्थक रहन्छ भन्ने कुरामा भर पर्दछ । एउटा वैज्ञानिक अनुसन्धानका लागि खास किसिमको अनुसन्धान विधिको प्रयोग बाट वास्तविक तथ्यको चुरो पत्ता लगाउन सकिन्छ । सबै खालको अनुसन्धानमा एउटै प्रकारको विधि अपनाइदैन घटनाको प्रकृति हेरेर विधिको छनौट गरिन्छ । त्यही विधि अवलम्बन गरि घटना र समस्याको गहिराइमा सम्म पुगेर त्यसको सत्य तथ्य पत्ता लगाउन सकिन्छ किनकी अनुसन्धानबाट समस्याको सहि कारण पत्ता लागेमा त्यसको समाधानमा सम्भाव्य विकल्पहरू खोजी गर्न सजिलो हुन्छ । त्यसैकारण यस अध्ययनमा प्राथमिक तथ्याङ्क संकलनबाट समस्याको गहिराईमा पुगेर निष्कर्ष निकाल्नको लागि अन्वेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । व्यक्तिगत अध्ययनलाई व्याख्या गर्न वर्णनात्मक अनुसन्धान ढाँचा पनि प्रयोग गरिएको छ ।

## ३.४ तथ्याङ्कको स्रोत र प्रकृति

यस अनुसन्धानमा प्राथमिक र द्वितीय स्रोतबाट तथ्याङ्क र सूचनाहरू संकलन गरिएको छ । मुख्य रुपमा प्राथमिक स्रोतबाट तथ्याङ्क संकलन गर्नका लागि व्यक्तिगत अध्ययन र अवलोकन र मुख्य सुचना दाता विधिहरू अपनाइएको छ । त्यस्तै द्वितीय प्रकृतिका तथ्याङ्क यस अध्ययन गर्न सहजका लागि विभिन्न लेख, रचना, समिक्षा, प्रकाशन जस्ता स्रोतबाट सहायता लिइएको छ। तथ्याङ्कको प्रकृति गुणात्मक प्रकृतिको रहेको छ भने तथ्याङ्क प्राथमिक स्रोतमा आधारित रहेको छ।

## ३.५ समग्र नमुना छनौट

समय, स्रोत र साधनलाई मध्य नजर गर्दै कास्की जिल्लाको सार्दीखोला गाउँ विकास समिति अन्तरगत वडा नं. १ लाई मात्र अध्ययन क्षेत्रको रूपमा लिइएको छ। १५ वर्ष देखि माथिका प्रौढ शिक्षाका कक्षामा सहभागी भइसकेका १९३ जना मध्येबाट उद्देश्य पूर्ण (विवेकयुक्त) नमूना छनौट विधिबाट जातिगत विविधता र उमेरगत विविधतालाई मध्यनजर गर्दै २३ जनालाई मात्रै वैयक्तिक अध्ययनको लागि छनौट गरिएको छ। साथै एक घरबाट एक जना महिलालाई मात्रै उत्तरदाताको रूपमा लिइएको छ।

## ३.६ तथ्याङ्क संकलन विधि

कुनै पनि अध्ययन अनुसन्धान गर्दा तथ्यांकको बढी आवश्यकता पर्दछ । तथ्यांक विना अध्ययन कर्ताले सफलता हात पार्न सक्दैन । तसर्थ अध्ययनको उत्कृष्ट परिणामका लागि त्यस अध्ययनमा अपनाइएको तथ्यांक संकलन विधिमा निर्भर गर्दछ । साथै आवश्यकता अनुसार ठिक तथ्यांक संकलन गर्नको लागि सहि तथ्यांक विधिको छनोट अति आवश्यक छ। तसर्थ यस विषयको अध्ययनका लागि आवश्यकता अनुसार सम्बन्धित क्षेत्रमा बसोबास गरी त्यहाँका बासिन्दाहरूसँग आत्मियता तथा विश्वासपूर्ण वातावरणमा सम्बन्ध कायम राखी अध्ययनलाई अगाडि बढाउने प्रयास गरिएको छ । तथ्यांक संकलनको लागि यस अध्ययनमा व्यक्तिगत अध्ययन, अवलोकन र मुख्य सूचनादाता विधि प्रयोग गरिएको छ ।

**क) व्यक्तिगत अध्ययन विधि**

यस अध्ययनमा प्रौढ शिक्षाले ल्याएको परिवर्तन सम्बन्धी गहिरिएर अध्ययन गरी गुणात्मक तथ्यांक संकलन गर्नको लागि यो विधि अपनाइएको छ । व्यक्तिगत अध्ययन गर्नुको उद्देश्य पनि समग्र मूल उद्देश्यलाई अझ छर्लङ र प्रष्ट पार्नका लागि हुन्छ । जसमा प्रौढ शिक्षाको कक्षामा सहभागी महिला १९३ मध्येबाट ब्राह्मण, क्षेत्रिबाट ११ जना जनजातीबाट ८ जना र दलितबाट ४ जना महिलाहरू गरी जम्मा २३ जनालाई लिइएको छ । जसमा २८ वर्ष देखि  ६८ वर्ष उमेर भित्रकालाई समावेश गरिएको छ । जातिगत विविधता र उमेरगत विविधताका आधारमा पनि फरक-फरक तथ्याङ्क लिन धेरैको प्रतिनिधीको रूपमा लिइएको छ । साथै एक घरबाट एक जना मात्र महिलाहरूलाई समावेश गरिएको छ ।

**ख) अवलोकन विधि**

स्वंय अनुसन्धान कर्ता अध्ययन क्षेत्र बसोबास गर्ने हुँदा महिलाहरू विच हुने कुराकानी, क्रियाकलाप तथा कक्षाको अवलोकन गरि सूचना लिइएको छ । अध्ययन कर्ताले आफूलाई चाहिने आवश्यक तथ्याङ्कहरू व्यक्ति स्वयं नै अध्ययन क्षेत्रमा गई आफ्नै कानले सुनेर, देखेर महसुस गरेर तथ्याङ्क संकलन गर्ने विधिलाई सहभागी अवलोकन भनिन्छ । यस सहभागी अवलोकनबाट उत्तरदाताले अभिव्यक्त नगरिएका तथ्याङ्कहरूलाई पनि लिन सहयोग गर्दछ । यस प्रकारको तथ्याङ्क संकलन विधि बढी भरपर्दो, सहि, औचित्यपूर्ण सत्य तथ्य ज्ञान प्राप्त गर्न सकिने विश्वास गरिएको छ किनभने अध्ययनकर्ताले आफूले देखेका, सुनेका तथा अनुभव गरेका कुराहरूको आधारमा तथ्याङ्क संकलन गर्दछ ।

**ग) मुख्य सूचनादाता विधि**

अनुसन्धानको क्रममा उत्तरदाताको अभिव्यक्त नगरेका र अवलोकन विधिबाट प्राप्त गर्न नसकिने विगतका कक्षामा सहभागी हुँदा अवस्थाको तथ्याङ्क लिनको लागि प्रौढ शिक्षा पढाएका शिक्षक र त्यस कार्यक्रम सञ्चालन गर्ने गा.वि.स. प्रतिनिधि र समाजसेविबाट पनि तथ्याङ्क लिन मुख्य  सूचनादाता विधिलाई पनि अपनाइएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण एवं प्रस्तुतिकरण

तथ्याङ्क संकलनका कुनै पनि अध्ययन अनुसन्धानका लागि महत्त्वपूर्ण मात्र नभएर अपरिहार्य हुन्छ । जसको अभावमा अध्ययन अनुसन्धान अगाडि बढ्न सक्दैन । यसका लागि संकलित तथ्याङ्कको विश्लेषण गर्नु जरूरी हुन्छ । तथ्याङ्क संकलनबाट प्राप्त भएका तथ्याङ्कहरूलाई व्यक्तिगत विवरणका लागि वर्णनात्मक तरिकाले व्याख्या गरिएको छ भने त्यस विवरणमा रहेका तथ्याङ्कलाई उद्देश्य अनुसार विश्लेषणात्मक तरिकाले व्याख्या गरिएको छ ।

# अध्याय - चार

## वैयक्तिक अध्ययनको प्रस्तुतिकरण

### ३.१ अध्ययन क्षेत्रको पृष्ठभूमि

सार्दीखोला गा.वि.स. वडा नं. १ भुर्जुङ्खोलामा जम्मा जनसंख्या १४०६ रहेको छ । जसमा पुरुषको संख्या ७६३ जना र महिलाको संख्या ६४३ जना रहेको छ । साथै जम्मा घर धुरी संख्या २९३ जना रहेको छ । यो जनसंख्या (३९१८) गा.वि.स.को जनसंख्याको करिब एक तिहाइ भन्दा बढी जनसंख्या हो । यस क्षेत्रमा ब्राह्मण ३८६ जना, जनजाती ५६४ जना, दलित २३५ जना र घर्ती तथा अन्य २२१ जना रहेका छन् । त्यस्तै गरी नेपाली भाषा बोल्नेहरू ८१४ जना गुरूङ्ग भाषा बोल्नहरूमा ३१३ जना, तामाङ भाषा बोल्नेहरूमा २५१ जना र अन्य भाषा बोल्नेहरूमा २८ जना रहेका छन् । त्यस्तै गरी हिन्दू धर्म मान्नेहरूमा ९२० जना, वौद्ध धर्म मान्नेहरूमा ४६६ जना र अन्य धर्म मान्नेहरूमा २० जना रहेका छन् । साक्षरताको आधारमा महिला साक्षरता ४५५ जना, पुरुष साक्षरता ४२० जना, महिला निरक्षरता १६४ जना र पुरुष निरक्षरता ८० जना रहेका छन् । त्यस्तै गरी लैङ्गिक समानताको आधारमा हेर्ने हो भने घरमा निर्णय गर्ने महिला १५० जना र पुरुष ३४३ जना घरायसी काममा आवद्ध महिला ३५० जना र पुरुष ३४३ जना, उपभोक्ता समितीमा आवद्ध महिला ३५० जना र पुरुष १५ जना, विद्यालय व्यवस्थापनमा महिला ३ जना र पुरुष ५ जना रहेका छन् ।

महिला साक्षरता ४५५ जना र निरक्षरता १६४ जनाको अवस्था रहेको उक्त क्षेत्रबाट उद्देश्य मूलक नमुना छनौट विधिबाट प्रौढ शिक्षाका कक्षामा सहभागी भएका १९३ जना मध्येबाट जातिगत विविधता र उमेरगत विविधतालाई आधार मानी २३ जना महिलालाई वैयक्तिक अध्यनको लागि छनौट गरिएको छ र उक्त पृष्ठभूमिमा रही छनौटमा परेका महिलाहरुको व्यक्तिगत विवरण तल प्रस्तुत गरिएको छ ।

### व्यक्तिगत अध्ययन एक

वि.सं. २०१७/०४/१५ गते कास्की जिल्ला लामाचौर गा.वि.स. वडा नं. ८ घार्मि भन्ने गाउँमा हिमलाल पौडेल र रूकुविना पौडेलबाट हिन्दू परिवारमा राधा आचार्यको जन्म

भएको थियो । भारतबाट बुबाले पठाउने चिठी पढ्न र त्यसको उत्तर फर्काउन छिमेकीको साहारा लिने उनकी आमा उनका साथीहरू स्कूल जाँदा पनि बहिनीको हेरचाह र घरेलु कामको सहायता मै बढी जोड गरेकाले उनी स्कूल जानबाट बञ्चित हुन परेको थियो । यसपछि बहिनीहरू स्कूल जाने भएपछि १० वर्षको उमेरमा सार्दीखोला एक कास्कीका गिरधारी आचार्यसँग विवाह बन्धनमा बाँधिएकी उनी श्रीमान्‌सँग डरले बोलचाल, सल्लाह, सहयोग केही नभएको बताउँछिन् ।

वि.सं. २०४८ सालको प्रौढ शिक्षामा पढ्ने भन्ने कुरा कस्तो हुँदो रहेछ भनेर त्यसमा सहभागी हुन जोड गरिन् । यस अवस्थामा श्रीमान्‌सँग कुरा गर्दा जाने भए काम सकेर जाउ भनेपछि उनि उक्त कक्षामा जान थालेकी थिइन् । उता सासुको भने मास्टर नि बन्न हिँडी भन्ने आरोप पनि उनले खेप्नु परेको बताउँछिन् । महिला तथा बुहारी रातीमा एक्लै हिँडेको राम्रो नमान्ने त्यस समयमा उनी अन्य साथीहरूलाई पनि जान जोड गरी सहभागी भएकी थिइन् । पढेर फर्कदा कहिले काहीं श्रीमान्‌ले जिस्क्याउँथे:-पढेर के के जानीस् ? अब के गर्ने विचार गरिस् ? औपचारिक शिक्षाका कक्षा जस्तै गरी कक्षा सञ्चालन भएकोले गृहकार्य अनिवार्य गर्नु पर्ने हुँदा शुरूमा घरमा गृहकार्य गर्दा छोराछेरी श्रीमान् सबै हाँस्ने गरेको र पछि पछि भने त्यो व्यावहार घट्दै गएको थियो । तीन महिनासम्म पढेर सकेपछि आफ्नो नाम, ठेगाना लेख्न सामान्य चिठी पढ्न जानेको घर परिवारले देखेपछि रमाइलो अनुभव गरेका थिए । साथै आफूले पढेका कथाबाट पाएको सन्देश घरमा कुराकानीको क्रममा निकाल्दा त्यसमा कसैले पनि खण्डन नगरेका साथै पछि आएका पौढ कक्षामा भने यी सबै विषय र अवस्थाहरू सामान्य बनी सकेकोले उनलाई सहभागी हुन कसैसँग सल्लाहा गर्नु नपरेको तर आफ्नो काम सबै सकेर जानुपर्ने बाध्यता रहेको थियो । धेरै साथिहरू नियमित सहभागी नहुने, शिक्षकले पनि त्यति उत्साहजनक तरिकाले नपढाएकाले गर्दा कक्षा सञ्चालन शुरूको कक्षा जस्तै प्रभावकारी हुन नसकेको बताउँछिन् ।

यसरी उनलाई घर गृहस्थी जीवनबाट पढ्न शुरु गरेपछि सामाजिक कार्यमा अगाडि बढ्न सहज भएको छ । यसका साथै उनले विभिन्न तालिमहरू (तरकारी खेती, मौरीपालन,आधुनिक चुल्हो निर्माण) लिंदा आफ्नो पढाइ व्यावहारिक जीवनमा निकै कमी भएको बताउँछिन् । हाल उनी आफ्नो आम्दानी खर्च जस्ता समान्य हिसाब लेखेर राख्न सकेकोले कहीले पनि गल्ती नभएको साथै समाजमा हुने सभा, मिटिङ्ग कार्यक्रममा आमा समूहको तर्फबाट र व्यक्तिगत रूपमा पनि सहभागी हुँदा हस्ताक्षर गर्न सजिलो भएको र

परिवार पनि खुशी भएका छन् । सामान्य लेखपढ गर्नसक्ने भएको कारण स्वास्थ्य स्वयम् सेविकामा आमा समूहले सिफारिस गरेका र सेवीकाको रूपमा आएका पत्रहरू आफैं पढ्न र कही कतै गएमा नेपाली अक्षरका बोर्डहरू पढ्न सक्दा सजिलो भए पनि पहिला पढेका अङ्क र अहिलेको अङ्क फरक भएको हुँदा मोवाइल चलाउन, गाडी नम्बर हेर्न, विजुली बत्तीको रकम हेर्न भने अरूको भर पुर्न परेको छ ।

अन्त्यमा उनी भन्छिन् महिलाको जीवन भनेको खेती किसान र घरेलु काम नै हो भन्ठान्ने उनी अहिले आएर महिलाको जीवन भनेको सामाजिक कार्यमा सहभगी हुनु पनि रहेको ठान्दछिन् । साथै यसमा परिवारको सहयोग अनिवार्य रहेको कुरामा जोड दिन्छिन् ।

## व्यक्तिगत अध्ययन दुई

वि.सं. २०२६/१२/११ गते कास्की जिल्ला अर्मला गा.वि.स. वडा नं. ४ हरिपाउ भन्ने गाउँमा अमर बहादुर भुजेल र नन्दकली भुजेलको कोखबाट राममाया भुजेलको जन्म भएको थियो । निम्न आर्थिक स्थिति भएका हिन्दू परिवारमा हुर्केको उनी उनको बुबा गाइको गोठ बनाएर कहीले लेक र कहिले बैंसी गर्दथे भने घरमा सधैं हजुरबाबा र हजुरआमा हुने हुनाले उनीहरूले छोरीले घरको काम गर्नुपर्छ र यो काम सिक्नुपर्छ भनेपछि स्कूल जान पाइनन् । उनका साथीहरू स्कूल जाँदा भने मैले घरै बसे राम्रो हुने होला भन्ने ठानेको बताउँछिन् । १६ बर्षको उमेरमा कास्की जिल्ला वडा नं. १ का २१ वर्षका कृष्ण भुजेलसँग करले विवाह गरेकी उनका दाई स्कूल जान पाएका र आफ्नो विवाह भएपछि भाइ र बहिनीले पनि स्कूल जान पाएका थिए ।

व्यावहार सबै आफैंले सम्हाल्नु पर्ने उनलाई भारतबाट श्रीमान्ले पठाएको चिठी पढ्नको लागि निकै हतार हुने हुँदा कहिले स्कूलका विद्यार्थीलाई कुर्नु पर्ने र कहिले छिमेकीलाई समयमा नभेट्दा निकै छट्पटी चलेको बताउँछिन् । वि.सं. २०४८ सालमा प्रौढ शिक्षाको कक्षामा पहिलो पटक सहभागी हुन थालिन् । बच्चा सानै भएको हुँदा सासुलाई सुताउन दिएर, दिनभर मेला र बिहान बेलुका घरको सबै धन्दा सकेर उनी पढ्न जाँदा उनकी सासु सबै कुरा आफूमाथि भर पर्ने अवस्था भएकाले कुनै गुनासो नगरकी बताउँछिन् । पहिलो पटक उमेर त्यती धेरै नभएकोले पनि उनलाई कक्षामा सहभागी हुन खासै गाह्रो

महशुस नभएको तर उनलाई घरेलु कामले गर्दा गृहकार्य गर्न समय निकाल्न निकै कठिन भएको थियो । साथै सासुको स्याहार गर्नुपर्ने कारणले अङ्कको पढाइ भने पढ्न पाइनन् ।

पछिल्लो पटकका कक्षामा बिहान बेलुकाको काममा छोरीले सघाउने गरे पनि उमेर बढ्दै गएको कारण पढ्न निकै कठिन महशुस भएको साथै आफ्नो मानिसलाई रोजगारीको अवसर दिने प्रवृत्तिले व्यवहारिक शिक्षक नहुँदा, शिक्षकले आफ्नै घरमा कक्षा सञ्चालन गर्दा, कामको समयमा कक्षा सञ्चालन हुँदा शुरूको कक्षा जस्तै प्रभावकारी हुन नसकेको बताउँछिन् ।

यसपछि उनी आफैँ श्रीमान्को चिठी पढ्न र उत्तर फर्काउन सक्ने भएको र आफ्ना छोराछोरीले पनि पढ्न लेख्न सक्ने भएपछि उनले चिठीभित्र के छ भनी अत्यास लाग्ने गरी बस्नु पर्ने समस्याबाट भने मुक्त भएको बताउँछिन् । केही समयपछि भारतमा सम्पर्क बिहीन अवस्थामा रहेका आफ्ना श्रीमान्लाई खोजेर ल्याउन जाँदा हिन्दीमा लेखिएका केही बोर्डहरू पढ्न सक्दा साथै विभिन्न तालिमहरू (मौरीपालन, प्राकृतिक प्रकोप आकस्मिक उद्वार, तरकारी खेती), लिंदा हस्ताक्षर गर्न, ठूलो अक्षरका ब्यानर पढ्न र आफूले प्राप्त गरेका कागजपत्र घरमा विस्तारै आफै पढ्न सक्दा पढाइले सहयोग गरेको महसुस भएपनि टिकटमा लेखिएको अङ्क अक्षर चिन्न नसक्दा आफ्नो पढाइ निकै कमी भएको महसुस गरेकी छिन् । हाल छोराले विदेशबाट पैसा आफ्नो नाममा पठाउँदा आफू एक्लै आएर झिक्न सहज भएको छ ।

व्यवसायिक गोलभेडा खेती र अन्य तरकारी खेतीबाट आफ्नो घरायसी खर्च आफैँ जुटाउन थालेकी उनी छोरीले घरको काम मात्र गर्नुपर्छ भन्ने मान्यतालाई चिर्दै समाजमा हुने विभिन्न कार्यक्रमहरूमा घरको प्रतिनिधिको रूपमा सहभागी हुँदा निरन्तर पढाइको आवश्यकता महसुस गरेको बताउँछिन् । हाल सामूहिक रूपमा महिला पहिचानको लागि मिलनशिल उपकार आमा समूहमा आबद्ध रहेको बताउने उनी घरेलु समस्या समाधान गरे पनि समाजमा जाँदा प्रयोगमा आउने अङ्ग्रेजि अङ्क र अक्षर चिन्न नसक्दा निकै समस्या भोग्नु परेको छ ।

## व्यक्तिगत अध्ययन तीन

वि.सं. २००७/१०/१० मा कास्की जिल्ला मिजुरे गा.वि.स. वडा नं. १ रबैडाँडा भन्ने गाउँमा बुद्ध धर्म मान्ने परिवारमा नानाश्री तामाङको जन्म भएको थियो । उनको बुबा धनबहादुर तामाङ गाई गोठ राखेका थिए । उनको दाई पनि सानै उमेरमा रोजगारको शिलशिलामा भारत तिर लागेको र सम्पर्क बिहिन भएकाले घर छेउमै रहेको स्कूलमा नगई आमालाई हात साहारा गर्नु परेको थियो तर उनका ४ जना साथिको घरमा काम गर्ने परिवार धेरै भएकै कारणले स्कूल जान पाएका थिए । सार्दीखोला-१ कास्कीका मनबहादुर तामाङसँग वि.सं. २०२७/१०/०८ गते २० बर्षको उमेरमा भागी विवाह गरेकी उनले पहिलो सन्तान छोरी जन्माएकै कारणले दिनभरी रक्सी खाई बस्ने ससुराले मानसिक तनाव दिएका थिए ।

यसै अवस्थामा वि.सं. २०४२ सालमा उक्त गाउँमा यूनेस्को संस्थाले खानेपानी उपलब्ध गराउँदा सरसफाई र सम्बर्द्धन गर्नका लागि समिति निर्माण गरी पोखरामा तालिम दिने व्यवस्थामा उनले तालिम अवधिमा नै आफूसँग गएका साथीको सहयोगले नाम लेख्ने नियमलाई पालना गरेरै छाडेकी थिइन् ।

वि. सं. २०४८ पहिलो पटक प्रौढ शिक्षा कक्षा घरबाट २५ मिनेट टाढा सञ्चालन हुँदा यसमा सहभागी हुनको लागि १५ मिनेट एक्लो बाटो भई जानु पर्ने भएकाले श्रीमान्सँग सल्लाह गरी ४३ वर्ष उमेर भएकी उनले ४ जना साथिको जिम्मेवारी लिएर पढ्न गएकी थिइन् । यस अवस्थामा उनलाई खस भाषा शुद्धसँग पढ्न निकै गाह्रो भएको थियो । साथै गृहकार्य अनिवार्य गर्न घरायसी कामले समय निकाल्न कहिलेकाँही नसक्दा कक्षामा केहि समय उभिन पर्दा नरमाइलो लागेको बताउँछिन् । पछिका कक्षामा सहभागी हुँदा पहिलाको जस्तो समस्या केही नभए पनि आफ्नो बेलुकाको काम भने सकेरै जानु परेको थियो । साथै चेतनाको कमी, गाउँका आमा, दिदी, बहिनीहरू धुलो धुँवाको कारण आँखा छिटो कमजोर हुने अवस्थाले पनि पढाइप्रतिको रूचिमा कमी, र सबैलाई पायक पर्ने ठाउँमा कक्षा सञ्चालन नहुने जस्ता कारणले ग्रामीण समाजमा प्रभावकारी रूपमा कक्षा सञ्चालन हुन नसकेको उनको ठम्याई रहेको छ ।

यसरी सहभागी भएपछि सामान्य लेखपढ गर्न सक्ने भएको साथै खस भाषा बोल्नमा पनि निकै सजिलो भएको अनुभव गरे पनि निरन्तर पढाई र अभ्यास हुन नपाउँदा हाल धेरै

भुलेको बताउने उनी सामान्य लेखपढ गर्न सक्ने भएकै कारणले गर्दा विं सं.२०५२ सालमा पिडिडिपी को अध्यक्ष भई काम गर्दा जि.वि.स. मार्फत ३० ओटा शौचालय माग गर्न, समाज घर निर्माणको लागि पनि ३ लाख रूपैयाँ जुटाउन, कोट कसेरी समूह गठन गरी सिँचाइको लागि ४५ हजार रूपैयाँ माग गर्न सफल भएकी छिन् । पढ्न जान नमान्नेको अगाडि आफ्नो सामान्य आम्दानीको हिसाब किताब राख्न, नाम र सही लेख्न सक्दा आफूलाई गौरव महशुस गरेकी छिन् । हाल उनी सामूहिक विकासको लागि शान्ती बुद्ध आमा समूहमा आवद्ध छिन् साथै बुढेसकालको साहाराको लागि सहकारीमा मासिक बचत पनि गर्दै आएकी उनलाई अङ्ग्रेजि अङ्क र अक्षर समयमा नै पढ्न नपाएकाले मोबाइल चलाउन, विल हेर्न समस्या भएको बताउँछिन् ।

## व्यक्तिगत अध्ययन चार

वि.सं. २०११/११/२२ गते कास्की जिल्ला पुरून्चौर गा.वि.समा वडा नं. ५ चुरूङ्गा भन्ने गाउँमा हिन्दू परिवरमा ठाकुर देवी आचार्यको जन्म भएको थियो । उनका बुबा दयाराम गौतम र आमा पूर्वी गौतम दुवै  किसानी थिए । उनका दाजुभाई स्कूल जान पाएका थिए भने दिदी बहिनी कोही पनि स्कूल जान भने नपाएका बताउँछिन् । छोरीले आफ्ना घर खान घरायसी काम र खेती किसानी नै जान्नु पर्ने मान्यताका कारण उनका बुबा आमाले उनलाई स्कूल पठाएका थिएनन् साथै उनलाई पनि पढ्ने भन्ने कुरा गाह्रो हुन्छ जस्तो लागेकाले पनि  स्कूल जानको लागि कुनै कुरा नगरेको बताउँछिन् । जसले राम्रो र छिटो काम गर्न सक्थ्यो उसलाई धनी व्यक्ति (धेरै जग्गा हुने) सँग विवाह गर्न बुबा आमा उत्साहित हुने गर्दथे । १४ वर्ष को उमेरमा सार्दीखोला गा.वि.स. वडा नं. १ का १६ वर्षका प्रेम प्रसाद आचार्यसँग विवाह बन्धनमा बाँधिएकी थिइन् ।

जब उनी आफ्नै हातले व्यवहार गर्न थालेपछि लेखपढ् गर्न नजानेको कारणले हिसाब किताब गर्न निकै समस्या भएकाले उनी वि.सं. २०४८ को प्रौढ शिक्षा कक्षामा पहिलो पटक सहभागी भएकी थिइन् साथै यसमा उनको ठूली छोरीको प्रेरणाले र साथिहरू सँग जाँदा रमाइलो हुने भएकोले पनि पढ्ने इच्छा जागेको तर श्रीमान्ले भने कुनै चासो नराखेका बताउँछिन् । उता छोरी आफ्नो गृहकार्य सकेर आफुलाई सघाउने गरेको तर छोराहरू भने पढ्न र खेल्नमा नै व्यस्त हुने गर्दथे ।  उनी भन्छिन: दिन भरको कामले

बेलुका १० बजेसम्म पढ्न निकै गाह्रो हुँदो रहेछ । पछिल्ला कक्षामा भने छोराछोरी आफ्नो पढाइ तिर लागेकाले बेलुकाको सबै काम सकेर जान परेको थियो । साथै यस पटक विभिन्न कार्यक्रममा जाँदा अरूले जस्तै गरी बोल्न लेख्न सक्ने हुन पाए भन्ने चाहानाले उत्साहित भएर पढ्न गएकी थिइन् ।

यसरी दुःख सुखका साथ पढेर कुनै कार्यक्रममा जाँदा सहि गर्न सजिलो भएको बताउँछिन् । पुरुषहरूले जस्तै गरी समाजमा काम गर्न चाहनाले मिलनशिल उपकार आमा समूहमा आबद्ध हुँदा र विभिन्न तालिम (आकस्मिक उद्धार, मौरी पालन, बाखा पालन) मा सहभागी हुँदा अलि अलि अक्षर पढ्न र आफ्नो नाम ठेगाना आफैँ लेख्न सक्ने हुँदा निरक्षरको तुलनामा आफू सक्षम भएको महशुस गरेकी छिन् । पछिल्लो पटकको कक्षामा सहभागी हुँदा पनि घरमा सहयोग गर्ने व्यक्ति भएको भए आफूले उक्त तालिमबाट अझै धेरै फाइदा लिन सक्ने उनको विचार रहेको छ । मन लगाएर पढाउने शिक्षक नहुँदा र कामको समयमा कक्षा सञ्चालन हुने भएकाले धेरै साथीहरू सहभागी नहुने र नियमित उपस्थित नहुने भएकोले महिलालाई कार्यक्रमले समेट्न नसकेको उनको तर्क थियो । साथै निरन्तर पढाइको अभावमा विर्सने कारणले पनि यस कार्यक्रमको प्रभाव कम देखिएको उनले ठानेकी छिन् ।

## व्यक्तिगत अध्ययन पाँच

वि.सं. २००९/०६/१३ गते कास्की जिल्ला माछापुच्छे गा.वि.स. वडा नं. ८ रूम्जा भन्ने गाउँमा चन्द्र कुमारी पौडेलको हिन्दू परिवारमा जन्म भएको थियो । उनका बुबा शशे रिमाल र आमा झ्यापी रिमालको घर बाहेक आफ्नो कत्ति पनि जग्गा नभएकाले गोठ राख्ने गरेको र घर नजिकै स्कूल भए पनि कोहि पनि पढ्न गएका थिएनन् । उक्त स्कूलमा छिमेकीका केही छोराहरू मात्रै पढ्ने गरेका र अन्य सबै खेती किसान र गोठ बस्ने गर्दथे । बुबाले अरूको घरमा जाने जात भनी अलि फरक तरिकाले व्यावहार गरि छोरालाई बढी माया गर्ने बताउँछिन् । उनी भन्छिन् यदि हाम्रो आर्थिक स्थिति अलि राम्रो भए पनि हामीलाई बुबाले स्कूल पठाउनु हुन्थेन होला । १४ वर्षको उमेरमा आफ्नै गाउँका ३९ वर्षका गिरधारी पौडेलसँग भागी विवाह गरेकी उनले श्रीमान्को घर सिवाय अन्य केही नभएको कारणले उनले कुनै विशेष कामको लागि भनी ठूलो आर्थिक कारोबार नगरि केबल गुजारा

मात्र चालाउँदा पढाई लेखाई आवश्यकता महसुस नभएकोले शुरुका प्रौढ शिक्षाका कक्षामा सहभागी भइनन् । केबल  ध्यान कस्को मेला जाने र कसरी घर खर्च जुटाउनुमा नै रहेको थियो ।

वि. सं. २०५८ सालमा विधवा भए पछि छोरा बुहारीप्रति भर पर्न थालेकी उनलाई बुहारीको सल्लाहमा छिमेकी बैङ्कमा रकम जम्मा गर्ने प्रेरणा मिले पनि आफ्नो नाम लेख्न सक्नेलाई मात्र सहभागी गराउने नियम भएकाले मात्र बल्ल वि. सं.२०६५ सालको साक्षरता कक्षाबाट ५६ वर्षको उमेरमा प्रौढ शिक्षा पढ्न शुरु गरेकी थिइन् । उमेरको कारणले गर्दा रातीमा पढ्न जान आउन निकै कठिन भए पनि नातिनीहरूले पुऱ्याउने र लिन जान सहयोग गरेकाले नियमित रूपमा सहभागी हुन सकेको बताउँछिन् । कामको समयमा कक्षामा आउँदा एक्लै भए पनि शिक्षकलाई पढाउन आग्रह  गरी पढेरै छाड्ने गर्दथिन् । यसरी बुढ्यौली अवस्थामा पढ्न लाग्दा गाउँलेहरूले “मर्ने बेलामा हरियो काँक्रो”, “मास्टरनी बन्ने अरे” भनी होच्याउने गरेका तर उनी भोली थला पर्दा सहयोग हुने पैसाको बचत गर्नको लागि निरन्तर कक्षामा सहभागी भएकी थिइन् । बत्तिको राम्रो व्यवस्था नहुँदा, शिक्षाको महत्त्वबारे चेतना नहुँदा, कामको समयमा कक्षा सञ्चालन हुँदा र पढ्नै पर्ने सामाजिक बाध्यता नहुँदा उपस्थिति न्यून भएकाले कार्यक्रम अपेक्षित सफल हुन गाह्रो भएको उनको विचार रहेको छ ।

चिठी पढ्न र लेख्न सक्ने भएको बताउँने उनी गा.वि.स. मा गई आफूले हस्ताक्षर गरी विधवा भत्ता लिँदा खेरी आफू भन्दा साना उमेरका व्यक्तिले ल्याप्चे लगाई भत्ता लिएको देख्दा गौरब महशुस भएको र ल्याप्चे लगाउनेहरू असजिलो महशुस गरेका बताउँछिन् । त्यस्तै कुनै कार्यक्रममा जाँदा आफूलाई होच्याउने व्यक्तिका अगाडि दस्तखत गर्दा उनीहरू चुपचाप रहेको परिवेश अविश्मरणीय लागेको छ । उनलाई छोरा बुहारी रोजगारीमा लागेको कारण नाती नातीनीसँग स्कूलबाट पठाएका साधारण पत्र, निमन्त्रणा आदि आफैँ पढ्ने गर्छिन । आफ्नो नाम मात्र लेख्ने उद्देश्य राखी पढ्न जाँदा पनि धेरै ठाउँमा काम लागेकाले पहिलेदेखि नै नपढेकोमा पछुतो मानेकी छिन् । गणितलाई शिक्षकले राम्ररी समय दिएर नपढाउँदा हिसाब गर्न र अङ्ग्रेजि अङ्क र अक्षर पढ्न नपढाउँदा अझै समस्या झेल्नु परेको छ । अन्त्यमा  निरन्तर पढाइको अभावमा र उमेर बढ्दै जाँदा विस्तारै आफ्नो पढाई विर्सदै जान थालेको बताउछिन् ।

**व्यक्तिगत अध्ययन छ**

वि.सं. २०१७/०३/१७ गते कास्की जिल्ला अर्मला गा.वि.स. वडा नं. १ (हालको लामाचौर गा.वि.स.) घार्मी भन्ने गाउँमा प्रतिभा आचार्यको हिन्दू परिवारमा जन्म भएको थियो । उनका बुबा तुलसी प्रसाद पौडेल हुलाक कर्मचारी रहेका थिए । जम्मा सात जना दाजुभाई दिदी बहिनी भएको ठूलो परिवारमा हुर्केकी उनी ठूली दिदी पहिलो सन्तान भएकाले पढ्ने मौका पाएकी थिइन् । उनी भन्छिनः बुबा आमालाई जेठो र कान्छो सन्तानको बढी माया लाग्ने भएर दिदी र बहिनी स्कूल जान पाएका थिए । बहिनीहरू दुई कक्षासम्म पढ्ने मौका पाएका थिए भने दाजु भाइले एस.एल.सी. सम्म पढेका थिए तर उनका साथिहरू स्कूल जाने गरेका बताउँछिन् । वि.सं. २०३१ सालमा १४ वर्षको उमेरमा सार्दीखोला -१ कास्कीका २० वर्षका स्वास्थ्य चौकीका एच.ए. टेकराज आचार्यसँग विवाह बन्धनमा बाँधिन पुगेकी उनी बुहारीको रूपमा घर बाहिरका काम (पानी ल्याउने, कोदो पिस्ने, ढिकीमा धान कुट्ने, मेलापात घाँस दाउरा आदि) मा दिन बिताएकी थिइन् ।

यसरी आफ्नो दैनिक जीवन किसानी र आमाको भूमिकाका रूपमा महत्त्वपूर्ण बनाउँदै लगेकी उनले पहिलो पटक वि.सं. २०४८ सालमा आएको प्रौढ शिक्षामा सहभागी हुन श्रीमानलाई यस कुराको जानकारी गराउँदा बेलुकामा नजानेको लागि जोड दिएका थिए तर उनी अरू साथीलाई आफ्नो घरमा बोलाएर सँगै जाने भने पछि भने श्रीमान्ले केही नभनेका बताउँछिन् । उनी भन्दछीन् : पढ्न शुरु गरेपनि खेतीपाती र घर धन्दाको सबै काम सकेर मात्रै पढ्न जाँदा निकै गाह्रो हुने र गृहकार्य गर्ने समय निकाल्न कहिले काही नसक्दा कक्षामा अप्ठ्यारो भएको थियो । राति ८ वजेदेखि १० बजेसम्म पढ्दा खेरी बाहिर खेत तिर कतै बत्ती बलेको देखिएमा कोही पुरुष आएको होकी भनेर कक्षाका सबै डराउने गर्दथे । यस पछिका कक्षामा सहभागी हुँदा कसैसँग सोध्न नपरे पनि आफ्नो घरधन्दामा सघाउने कोही नहुँदा समस्या भएको थियो । यस अवस्थामा शिक्षिकाले पढ्ने सहभागीको व्यवहारिक समस्यालाई बुझेर नपढाउने, घरमा सहयोग गर्ने र हौसला दिने व्यक्ति नहुँदा धेरै सहभागीले विचैमा कक्षा छाड्ने हुँदा दिगो रूपमा धेरै जना लाभान्वित हुन नसकेको उनको विचार रहेको छ ।

हाल उनलाई घरमा फेला परेका कागज फ्याँक्ने होकी राख्ने हो भन्ने कुरामा उनलाई पढाइले धेरै सहयोग भएको छ । त्यस्तै मणिपाल हस्पिटलमा जाँदा बोर्ड हेर्दै

शौचालय खोज्न सकेकोमा निकै खुशी छिन् । आफ्नो उमेरको पछिल्लो अवस्थामा जन्मेको छोरालाई शुरुमा अक्षर, अङ्क पढाउन र लेखाउन घरमै आफूले सकेकोमा उनी आफ्नो पढाइको महत्त्व महसुस गर्छिन । त्यस्तै गरी विभिन्न तालिम (प्राकृतिक प्रकोप उद्वार, महिला हिंसा र मानव अधिकार सम्बन्धी) लिंदा आफू लेख्न पढ्न र बोल्न सक्ने भएकोले तालिम दिने व्यक्तिहरूले सक्रिय सहभागी हुन हौसला दिएका बताउँछिन् ।

## व्यक्तिगत अध्ययन सात

वि.सं. २०१६/०८/ १६ गते कास्की जिल्ला घाचोक गा.वि.स. वडा नं. ५ लम्साल थर मा शोभाखर लम्साल र दिलकुमारी लम्सालबाट हिन्दू परिवारमा चन्द्रमायाको जन्म भएको थियो । बुबा समाजसेवी र किसानी  भए पनि गोठ र खेती गर्ने जग्गा धेरै भएको कारण दुई जना कामदार पनि राखेका थिए । उनका घर नजिकै स्कूल भए पनि जम्मा ४ /५ दिन मात्रै साथीसँग घरबाट भागेर स्कूल गएको र आमाको चाहना भने ४/५ कक्षासम्म पढाउने भए पनि बुबाले पिट्ने र खाना खान नदिने हुँदा साथीकै घरमा बस्नु पर्ने अवस्था भएकाले स्कूल जान छाडेकी थिइन् समाजसेवीको रूपमा रहेका आफ्ना बुबालाई स्कूलबाट शिक्षक आएर स्कूल पठाउन आग्रह गर्दा अरू  के गर्नु पर्छ म गर्छु तर छोरीलाई स्कूल पढाउने कुरा लिएर म कहाँ नआउनु किनकी छोरीले घर खानको निमित्त घरको काम गर्न राम्रोसँग जानेको हुनुपर्छ भनि जवाफ दिएको बताउँछिन् । उनको भाई र साथीहरू भने स्कूल जाने गरेका र बहिनीहरू स्कूल जान पाएका थिएनन् । यसै अवस्थामा १६ वर्षको उमेरमा सार्दीखोला- १ कास्कीका ३४ वर्षका मुक्तिराम आचार्यसँग वैवाहिक जीवनमा बाँधिन पुगेकी थिइन् ।

परिवार सबै परम्परागत खेतिमा भर पर्नु परेकाले छोरा छोरी पढाउन र घर खर्चको लागि जग्गा बेच्नु पर्दा जग्गा लिने व्यक्तिले पैसा दिन्छु वा दिन्न के भनेर तमसुकमा लेखेको थाहा नभई ल्याप्चे लगाउनु पर्दा रून पुगेको बताउँछिन् । यसै क्रममा पहिलो पटक आएको वि.सं.२०४८ सालको प्रौढ शिक्षा कक्षामा सहभागी हुन थाल्दा श्रीमान्ले सहयोग गर्छन् भन्ने सोचे पनि  क्याम्पस पढ्न जाने हो भनी होच्याएर बोल्दा र छिमेकीले श्रीमतीलाई पढाएमा टाउकोमा टेक्छन् भनी  कुरा लगाइ दिंदा सम्झाउन आफूले नसकी जेठी छोरीको साहारा लिनु परेको थियो । यसरी पढी सकेपछि उनका श्रीमान्ले जसरी नकारात्मक

तरिकाले सोचेको थिए त्यस्तो नभए पछि भने उनलाई पछि आएका कक्षामा भने सहभागी हुँदा उनका श्रीमान्ले केही अवरोध गरेनन् । वि.सं. २०५९/६/२९ मा विधवा भएकी उनी पछिल्लो कक्षामा छोराछोरीले  हौसला दिएका र विस्तारै खेती किसानीको काम छोडेकाले पढ्नलाई धेरै सहज भएको थियो ।

विभिन्न तालिम (प्राकृतिक प्रकोप उद्धार तरकारी खेती मौरी पालन, महिला हिंसा र मानवअधिकार) लिँदा आफ्नो नाम ठेगाना लेख्न, हस्ताक्षर गर्न सकेको र आफूसँग पढ्न गएका तर बिचैमा छाड्नेहरूले आफ्नो नाम पनि लेख्न नसक्दा उनीहरूले पछुतो महशुस गरेका जसले गर्दा आफूले पढेर राम्रो गरेको र नपढेका भन्दा आफू फरक भएको अनुभव गरेकी छिन् । शुरुमा पढ्नको लागि समय निकाल्ने बानिले  गर्दा अन्य विभिन्न कार्यक्रममा पनि त्यसरी नै समय निकाल्ने बानी परेको थियो । पहिला कुनै पनि कार्यक्रम, बैठक हुँदा पुरुषको मात्रै सहभागिता हुने गर्दथ्यो भने अहिले आएर महिला पनि पढ्न र आफ्नो अधिकार खोज्न थालेपछि पुरुषहरू पनि महिला सहभागितामा जोड दिन थालेका बताउँछिन् । अन्त्यमा शिक्षाको महत्त्वबारे चेतना कम हुँदा, छोराछोरी हुर्काउन परिवारका अन्य सदस्यले सहयोग नगर्दा, पढ्नको लागि सामाजिक तथा नैतिक दबाब सशक्त नहुँदा धेरै जनाको उपस्थिति अनियमित भएको र अङ्ग्रेजी अङ्क र अक्षर सिक्न नपाउँदा मोबाइल लिएकी उनलाई फोन उठाउन बाहेक अन्य काम गर्न र विभिन्न विलहरू हेर्न अरूको भर पर्नु परेको बताउँछिन् ।

## व्यक्तिगत अध्ययन आठ

वि.सं. २०१४/०८/०२ गते कास्की जिल्ला घाचोक गा.वि.स. वडा नं. १ मा हिन्दू परिवारमा देउमाया आचार्यको जन्म भएको थियो । बुबा उनी गर्व अवस्थामा हुँदा नै स्वार्गारोहण भइसकेको र आमा उजेली पोखेलले कृषि पेशाबाट जिविका चलाएकी थिइन् । घरबाट स्कूल आधा घण्टाको दुरीमा भए पनि केही समय स्कूल गएकी तर त्यसबेला छोराले मात्र पढ्नुपर्छ भन्ने धारणाले आफ्नो आमालाई बाँधेकोले उनलाई पढ्नबाट रोक्न सम्झाउँदा नमाने पछि बाटोमा चोरले छोरी मान्छेलाई चोरेर विवाह गर्छन् भने पछि डरले स्कूल जान छाडेको र साथीहरू पनि स्कूल जान छाडेका थिए । महिनावारी हुनु भन्दा पहिले नै छोरीको विवाह गरिदिएमा चाखो जल खान पाइने भन्ने परम्पराको कारणले गर्दा १५

वर्षको उमेरमा सार्दीखोला-१ कास्कीका २२ वर्षका जगतराज आचार्यसँग वैवाहिक जीवनमा बाँधिन पुगेकी उनका श्रीमान् रोजगारीको लागि भारत गएका थिए । शुरुमा त श्रीमान्ले आमाको नाममा चिठी पठाउने गरेका र पछि दाजुलाई बिच अंशबण्डा भइसकेपछि मात्रै आफ्नो नाममा चिठी पठाउन थालेपछि उक्त चिठी पढ्न जेठाजुसँग जानु पर्दा अप्ठ्यरो लागेको र पछि भने छोराछोरी स्कूलबाट आउने समयसम्म पर्खन पर्दा मनमा छट्पटी चल्ने गरेको बताउँछिन् ।

वि.सं.२०४८ साल भन्दा पछिल्ला कक्षाहरूमा छोराले सुनेर मात्रै पनि केही जान्न सकिन्छ भन्ने हौसला दिएका थिए भने पछि श्रीमान् घर फर्की सकेको अवस्थामा श्रीमान्ले बुढेसकालमा किन पढ्नु पऱ्यो भन्ने गरेको बताउँछिन् । साथै छिमेकीले पनि काम गर्ने अल्छिले पढ्न गएकी भनी कुरा काट्ने गरेका थिए । यसरी पढ्न जोड गरे पनि उनलाई घरको सबै काम सकेर जानुपर्ने बाध्यताले भने छाडेको थिएन । सधैँ घरको काम र खेतबारीको काम मात्रै गरेर बसेको बानी त्यहाँ जाँदा रमाइलो अनुभवले पनि नियमित जान अझ प्रेरित भएकी थिइन् । कामको बोझ धेरै हुने, चुलोको धुँवाबाट आँखा छिटो कमजोर हुनाले, व्यवहारिक शिक्षक नहुनाले र उमेर पनि बढी भएकाले पढेर सिक्न गाह्रो भएको उनको अनुभव रहेको छ ।

यसरी सहभागी भइसकेपछि उनलाई आफ्नो व्यक्तिगत हिसाब राख्न, चिठी पढ्न, निमन्त्रणा कार्डहरू पनि विस्तारै बढ्न सक्ने भएकी उनि निरन्तर पढाई नहुँदा भुल्ने गरेकी छिन् । आमा समूहको मिटीङ्मा सहि गर्न सके पनि निर्णयहरू राम्रोसँग पढ्न नसक्दा पहिलेबाटै पढ्न नपाएकोमा पछुतो लागेको छ । उनी भन्छिन्:कतिपय अवस्थामा अरूको भर पर्न नपरे पनि छिटो छरितो अवस्थामा र हाल प्रयोगमा आउने खालको अङ्क र अक्षर भएको अवस्थामा अरूकै भर पर्न बाध्य हुनु पर्दछ । हाल विभिन्न कार्यक्रममा जाँदा श्रीमान्ले घरको काम कस्ले गर्छ भन्दा हामी पनि घर बाहिरको कार्यक्रमहरूमा सहभागी हुन पाउनु पर्छ भनी उत्तर दिएर सहभागी भएको बताउँछिन् । अब यस्तो तालिमहरू आएमा बुहारीहरूलाई जान सल्लाहा दिने विचार गरेको बताउँछिन् ।

## व्यक्तिगत अध्ययन नौ

वि.सं. २०१५/०४/३२ गते कास्की जिल्ला भरतपोखरी गा.वि.स वडा नं. ७ मा बुबा रामाकान्त अधिकारी र आमा शिव कुमारी अधिकारीबाट हिन्दू परिवारमा सरस्वती आचार्यको जन्म भएको थियो । उनका बुबा आफ्नै जग्गामा निर्माण गरिएको ब्रह्मज्योति प्राथमिक पाठशालाका शिक्षक थिए । उनका दाजुभाई र बहिनीहरू स्कूल जान पाएका थिए तर उनी पनि कहिले काहीं बुबाको पछि लागेर स्कूल जाँदा बुबाले केही नभने पनि आमाले भाइ बहिनी हेर्नुपर्छ भनेर स्कूल जानबाट रोक्दा बुबाले केही नभने पछि घरमा नै रहन परेको थियो । उनका दाईले गृहकार्य गर्ने बेलामा दाईसँग बसी कखरा पढ्न सिकाइदिन आग्रह गर्दा दाजुले सिकाएर क देखि ज्ञ सम्म पढ्न जानेकी थिइन् । १५ वर्षको उमेरमा रातीको लगनमा सार्दीखोला-१, कास्कीका २५ वर्षका खेमराज आचार्यसँग विवाह भएकी उनको श्रीमान् राजनीतिमा केही चसो राख्ने भएकाले पञ्चायतको मिटिङ्ग, भेला उनको घरमा हुँदा राजनीतिका कुरा मैले पनि पढ्न पाएको भए बुझ्न सक्थें होला जस्तो लागेको थियो ।

वि.स. २०४८ मा अएको पहिलो प्रौढ शिक्षामा पढ्न जान कसैले नरोके पनि ससुराले भने बेलुका पढ्न जान गाह्रो भए बाइक किन्नुपर्छ कि भनेर जिस्क्याउँने गरेका थिए । छोराछोरीको भविष्यप्रति चिन्तित भएकाले घरको काम सबै सकेर जाने गरेकी थिइन् । यस कक्षाबाट उनी सामान्य चिठी लेख्न र पढ्न सक्ने भएकै कारणबाट वि.सं. २०५६ सालको स्थानीय निर्वाचनमा सदस्य पदको लागि उमेदवारी दिन (एमाले) पार्टीबाट जोड गरी निर्विरोध निर्वाचित भएकी थिइन् । उनी भन्छिन्:त्यतिखेर श्रीमानले पढ्न रोकी दिएको भए अहिले यो अवसर प्राप्त हुने थिएन । निरन्तर कक्षा सञ्चालन नहुँदा पढेका कुरा बिर्सीएकाले पुनर्ताजागी गराउन अर्को एक ओटा प्रौढ शिक्षाको कक्षामा सहभागी भएकी थिइन् । यस अवस्थामा भने उनलाई घरधन्दा बुहारीलाई छोडेर पढ्न जान पाउँदा धेरै सजिलो भएको थियो ।

पढ्न लेख्न जानेकै कारण पि.डि.डि.पी. को अध्यक्ष बन्ने अवसर मिलेको थियो । जसले बचत गर्ने, ऋण उपलब्ध गराउने, बैठक गर्ने, निर्णय गराउने, आदि कार्यहरू गरिरहनु पर्दा पढाईले केहि सहयोग भएको थियो । त्यस्तै पि.डि.डि.पी बाट १५ ओटा जिल्लामा भ्रमण जाँदा नेपाली अक्षरका बोर्ड हेरेर ठाउँ चिन्न आफैँ सकेकोमा निकै खुशी

भएको बताउँछिन् । साथै गा.वि.स स्तरीय महिला विकास कार्यक्रमको अध्यक्षको रूपमा काम गर्ने मौका प्राप्त गरेकी उनलाई सार्वजनिक हितका कार्यक्रममा नेतृत्व लिन पाउँदा पढाइको धेरै कमी भएको महशुस गरेकी छिन् ।

समसामयिक आवश्यकता अनुरूप शिक्षाको कक्षा सञ्चालन नहुँदा, ग्रामीण समाजमा यस पढाईको महत्त्व बारे थोरै मात्रामा चेतना हुँदा, घरमा हौसला र सहयोग गर्ने व्यक्ति नहुँदा व्यवहारिक रूपमा धेरै महिलाको जीवनमा परिवर्तन ल्याउन कठिन भएको उनको विचार रहेको छ ।

## व्यक्तिगत अध्ययन दश

वि.सं २०१४/०६/२१ गतेका दिन कास्की जिल्ला सार्दीखोला गा.वि.स.वडा नं. १ मा बुबा खड्कबहादुर गुरूङ्ग र आमा शोभा गुरूङ्गको कोखबाट वुद्धिष्ट परिवारमा उर्मिला गुरूङ्गको जन्म भएको थियो । स्कूल उनको घरबाट २० मिनेटको दुरीमा भए पनि वुवाले स्कूल पढ्ने भए भर्ना गरिदिने भने पनि सबै साथीहरू पशु चराउने ठाउँमा भेट हुने हुदाँ उनलाई स्कूल जान मन लागेन तर उनका बहीनीहरू भने स्कूल गएका थिए । १४ वर्षको हुदाँ कास्की जिल्ला घाचोक गा.वि.स वडा नं. ८ का २६ वर्षका मोतिलाल गुरूङ्ग (भारतमा फौजि) सँग विबाह गरेको बताउँछिन् । छोरा बढी र छोरी कम भएको घरमा बुहारीले धेरै काम गर्नुपर्दा गाह्रो भएकोले विवाहको १ वर्ष पछि श्रीमान् सहित माइतमा नै आएर बस्न थालिन् । यसपछि उनको श्रीमान्ले पठाएको चिठी आफ्नो भाई कहाँ गएर पढ्न र उत्तर फर्काउन परेको थियो ।

पहिलो पटक वि.सं २०४८ सालमा आएको प्रौढ शिक्षा घरदेखि करिब २० मिनेट टाढा रातीमा सञ्चालन भए पनि रातीमा जान कोही साथी पाइनन् । वि.सं २०६० सालमा पहिलो पटक सहभागी हुँदा कक्षा बिहानमा सञ्चालन भए पनि घरको काम छोरीले गरिदिने भएकोले नियमित सहभागी भएकी थिइन् । साथै पढ्नको लागि आँखाले समस्या भएकाले छोरीले चस्मा पनि किनेर ल्याइदिएको बताउँछिन् । उनी भन्छिन्:सानोमा पढ्दा कस्तो हुन्छ थाहा भएन तर उमेर छिप्पिए पछि पढ्न निकै गाह्रो हुँदो रहेछ । पढेका युवायुवती गाउँमा नबसी शहर तथा विदेश जाने गरेकाले राम्रो शिक्षकको अभाव भएकाले युवायुवतीको लागि गाउँमा नै बस्ने वातावरण भइदिए राम्रो शिक्षक पाउने उनको विचार

थियो । छोरा छोरी पढेर विदेश जानुपर्छ हामीले पढेर के गर्ने भन्ने बुझाइले, परिवारले सहयोग नगरिदिंदा, न्यून सङ्ख्यामा मात्र कक्षाकमा नियमित सहभागी हुने र निरन्तर पढाई नहुँदा विर्सने आदि कारणले प्रौढ शिक्षाको व्यापक प्रभाव पर्न नसकेको उनको तर्क थियो ।

यसरी पढी सकेर नाम ठेगाना, नेपाली अक्षरका बोर्ड हेर्न, चिठी पढ्न जाने पछि पनि उनलाई पढ्ने रहर अझै रहेको छ किनभने उनलाई खस भाषा अझ राम्ररी जान्ने इच्छा रहेको छ । हाल घरमा लेखापढी छोरीहरूले गर्ने भएकाले आफ्नो पढाई छोरीहरू नहुँदा खेरी कसैले केही दिएमा मात्र छोरीहरूलाई कुर्न र पढ्न दिन कसैलाई बोलाउन परेको छैन ।

## व्यक्तिगत अध्ययन एघार

वि.सं. २०२७/ ०९/११ गते झापा जिल्ला सतासी धाम गा.वि.स. वडा नं. ९ मा बुबा झटक बहादुर बानिँया र आमा विष्णुमाया बानिँयाबाट हिन्दू परिवारमा न्यानुमाया गिरीको जन्म भएको थियो । उनका बुबा आमा दुवै रोजगारीको लागि भारतको मणिपुर गएकाले त्यही नै हुर्किएकी थिइन् । उनी बसेको नजिकै रहेको स्कूलमा उनका बुबा आमाले भर्ना गरिदिए पनि करिब ६ महिना पछि त्यहाँ रहेका विभिन्न जातिहरू (नागा, कोकी, मणिपुरे बंगाली, मडबारी, पञ्जाबी) विचको द्वन्द्वको कारण स्कूल बन्द हुनु पुगेको थियो । १९ वर्षको उमेरमा कास्की जिल्ला सार्दीखोला गा.वि.स. वडा नं. १ का भरत गिरी (जो रोजगारीको लागि मणिपुर गएका थिए) सँग मागी विवाह गरेकी उनले कर्म थलोमा पनि आर्थिक स्थिति निम्न रहेकोले हली परेली लगाउने, अधीयाँ कमाउने गर्दा ज्यालादारीबाट भएका आम्दानी खर्चको हिसाब राख्न, कसैले पठाएका चिठी पत्र निमन्त्रणा र आफ्नो नाम ठेगाना लेख्न पूरै श्रीमान्को भरमा बस्नु परेको थियो ।

वि.सं. २०६२ सालमा पहिलो पटक प्रौढशिक्षा कक्षामा सहभागी भएकी थिइन् । त्यसभन्दा पहिला पनि प्रौढ शिक्षा उनको वडामा आए पनि घर भन्दा टाढा भएकाले जान नसकेको तर पहिलो पटक बेलुकाको कक्षामा सहभागी हुँदा र श्रीमान्ले नाम लेख्न जाने हुन्छ भनी जान दिए पनि पढ्न जाँदा घर धन्दाको सबै काम सकेर जानु पर्ने बाध्यताले उनलाई छाडेको थिएन । यसपछि पनि प्रौढ शिक्षाका कक्षा आएको तर कक्षाहरू बिहानमा सञ्चालन भएकाले श्रीमान् बिहान विभिन्न काम विशेषले घर बाहिर गइ राख्नुपर्ने भएकाले

खाना बनाउन पर्ने, भाँडा माझ्ने, बच्चाहरू स्कूल पठाउने काम महिलाको भएकोले सहभागी हुन नसकेको बताउँछिन् । साथै श्रीमान्ले पनि नाम लेख्न, चिठी पढ्न जान्ने भएपछि फेरि जान नपर्ने भनेकाले पनि सहभागी हुन अप्ठ्यारो भएको थियो । अक्षरमा जस्तै अङ्कहरूमा जोड दिएर पढाउने, अङ्ग्रेजी अङ्क र अक्षर पढाउने कक्षा सञ्चालन भएमा उनको पढ्ने इच्छा रहेको छ ।

उनले पढी सकेपछि बजारमा बोर्ड हेरेर पसलमा जान, गाडीमा चढ्दा बोर्ड हेर्न सजिलो भएको छ । त्यस्तै गरी सहि गर्न जानेको भएर विगत् ४ वर्षदेखि समूहको अध्यक्ष भई छिमेकी बैङ्कमा बचत गर्न पाएकी छिन् । त्यहाँबाट निम्न आर्थिक स्तरको हस्ताक्षर गर्न सक्ने साथीलाई जमानी राखेर ऋण झिक्न पाउँदा आर्थिक क्रियाकलापमा सजिलो भएको छ ।

## व्यक्तिगत अध्ययन बाह्र

वि.सं. २०३९/१२/२२ गते कास्की जिल्लाको अर्मला गा.वि.स वडा नं. १ जुम्लेटी भन्ने गाउँमा बुबा रूद्र बहादुर कामी र आमा जमुना कामीबाट जेठी छोरीको रूपमा हिन्दू परिवारमा विष्णु वि.क.को जन्म भएको थियो । उनका बुबा घर बनाउने ठेकदारी पेशा गर्दथे । उनका घर नजिकै रहेको स्कूलमा बुबाले भर्ना गरिदिएको भए पनि गाउँमा बसेपछि पशुचौपाय खेती किसानी गर्नुपर्ने भएकोले आमाले आफूलाई हात साहाराको रूपमा जोड गरेकी र दलित गाउँमा छोरीलाई पढ्नै पर्छ भन्ने खालको वातावरण नभएकाले उनका दलित साथीहरू घरायसी काममा व्यस्त रहने हुँदा स्कूल जान मन गरिनन् जसले गर्दा बुबाको धरै पटकको पढाउने प्रयास सफल हुन सकेन । यसपछि आमालाई सहयोग गर्न थालेपछि भने आमा पनि खुशी भएकी थिइन् ।

२५ वर्षको उमेरमा सार्दीखोला गा.वि.स वडा नं. १ का केश बहादुर वि.क. सँग मञ्जुरीका साथ विवाह गरेकी उनको श्रीमान् रोजगारीको लागि विदेश गएका र आफूले लेखापढी गर्न नजानेको कारण पैसा अमजुको नाममा पठाउने गरेका थिए । साथै घरमा आमाले (सासु) पनि अहिलेको समयमा लेखपढ गर्न नजानेको भएर दुःख मानेकी थिइन् । मेलापाता जाँदा आफ्नो हिसाब गर्न नजान्दा, कुनै कार्यक्रममा सहभागी भई सहि गर्न

नसक्दा अहिलेको समयका बुहारीले पनि पढ्न नजान्ने भनी कुरा गर्दा पढ्न पाएको मौकालाई बेवास्ता गरेकोमा पछुतो लागेको बताउँछिन् ।

२० वर्षको उमेरमा वि.सं. २०६५ सालमा पहिलो पटक साक्षरता अभियानको कक्षामा आमाले (सासु) नाम लेखी दिएको तर घरमा सहयोगी व्यावहार नगरेकाले बिहानको खाना बनाएरै जान परेको थियो । साथै आफ्नो बच्चा सानो भएकाले दिउँसोमा मेला जान नपरेको कारण पनि कक्षामा सहभागी हुने मौका पाएकी थिइन् । आफू सुत्केरी नभएको भए पढ्ने समयमा पनि काममा नै व्यस्त हुनुपर्ने कुरामा जोड दिन्छिन् । बच्चा सानो भएकै कारण उनले बेलुकाको कक्षामा सहभागी हुन नसकेको र त्यसमा घर परिवारले कसैले पनि चासो दिएका थिएनन् । प्रौढ शिक्षा कक्षामा केही समस्या भोगेकै कारणले गर्दा पढ्न आउने हुँदा त्यस्तो भावना बुझ्ेर मेहनत गरी शिक्षकले नपढाउँदा उनलाई दुःख लागेको थियो ।

यसरी पढिसकेपछि उनको परिवार र अन्य व्यक्तिहरूले पनि पहिलेको जसरी कुरा गर्न छाडेका थिए भने कुनै कामले बजार जाँदा कसैलाई पनि लैजान नपरेको, मेलापात जाँदा पाउने रकम र खर्च गरेको रकमको हिसाब राख्न सकेकी छिन् । त्यस्तै हस्ताक्षर गर्न सकेको भएर छिमेकी बैङ्कमा पैसा बचत गर्न आबद्ध हुन पाएको र समूहमा आवद्ध साक्षर व्यक्तिले हस्ताक्षर गरेर जमानि बसिदिंदा ऋण झिकेर आर्थिक समस्या समाधान गर्न सजिलो भएको थियो । त्यसैगरी घरायसी समस्याका कारण जग्गा बेच्दा तमसुकमा रकम कति लेखेको छ भनी हेररे सहि गर्न पाउँदा मन ढुक्क भएको थियो । हाल उनले मोबाइल लिए पनि अङ्ग्रेजी अङ्क र अक्षर सिक्न नपाउँदा फोन उठाउने मात्रै जानेको र अन्य कामका लागि श्रीमान् तथा अन्य व्यक्तिको सहयोग आवश्यक पर्ने गर्दछ ।

## व्यक्तिगत अध्ययन तेह्र

वि.सं. २०१९/०३/१८ गते लमजुङ्ग जिल्लाको टक्सार भन्ने गाउँमा बुबा भिमराज तामाङ र आमा लालमाया तामाङबाट जेठी छोरीको रूपमा पूर्नि तामाङको  जन्म भएको थियो । उनका लाहुरे बुबाले जेठी आमाले ४ ओटी छोरी पाएकोले छोराको आशाले आफ्नो आमालाई कान्छी श्रीमतीको रूपमा बुबाले विवाह गरेका तर उनको आमाले पनि आफूलाई (छोरी) नै पाएको कारण बुबा छुट्टीएर बसेका र आफू १८ महिनाको हुँदा आमाले अर्केसँग विवाह गरेकोले मामा घरमा हुर्किएकी थिइन् । मामाको आर्थिक स्थिति न्यून भएकोले

ज्यालादारी काम गरि खानुपर्ने हुँदा कहिलेकाहीं आधा पेट खानामा सन्तुष्ट मान्नु पर्ने अवस्थाका कारण हजुरआमाले घरमा काम गर्नुपर्ने भनी जोड गरेकाले स्कूल जान नपाएको तर बुबाआमा भएका र बुबा लाहुरे भएका उनका साथीहरू भने सबै स्कूल गएका थिए । १८ वर्षको उमेरमा नुवाकोट जिल्ला साल्मे गा.वि.स. वडा नं. ९ का २० वर्षका मन बहादुर तामाङसँग विवाह बन्धनमा बाँधिएकी थिइन् ।

आफ्नो गृहस्थी जीवनमा बजार जाँदा आउँदा, स्कूलबाट चिठीपत्र आउँदा, रक्सी पारेर भएको आम्दानी, खर्चका हिसाब किताब, ढुकुटीको हिसाब गर्नमा कहिले श्रीमान्को भर त कहिले छिमेकीको भर पर्नु परेको थियो । वि.सं. २०४८ सालको पहिलो प्रौढ शिक्षाको कक्षा घरबाट २० मिनेट टाढाको दुरीमा रहेको उक्त कक्षामा सहभागी हुन लाग्दा श्रीमान्ले उमेर बढी भएपछि पढेर काम नहुने भनेका तर उनकै गाउँकी नानाश्री तामाङले बेलुका पढ्न जाँदा र आउँदाको समयमा जिम्मेवारी लिएपछि कक्षामा सहभागी भएकी थिइन् । साथै छोरा सानो भएकोले हजुरआमालाई सुताउन छाडेर पढ्न गएको र कहिले काहीं हजुर आमाले बेलुका खाना पाएको भाँडा माझी दिने गर्दा पढ्न जान सजिलो भए पनि आफू बुहारी भएकोले सकेसम्म आफैले काम सकेर जाने प्रयत्न गरेको बताउँछिन् । हजुरआमा पनि स्वर्गवास भएपछि पछिल्ला कक्षा घरबाट नजिकै सञ्चालन भए तापनि गाउँका धेरै जना पढ्न नजाने हुँदा श्रीमान्ले रक्सी खाएर अनेक लान्छना लगाएर पढ्न जान रोकेका र छोराछोरीहरूको पढाइमा पनि जोड दिन परेकाले त्यसपछिका कुनै पनि कक्षामा सहभागी हुन सकिनन् ।

अहिले उनलाई विभिन्न बैङ्कमा हस्ताक्षर गरी कारोबार गर्न सजिलो भएको र हालसम्म लिखित कारोबार गर्दा कसैले पनि ठग्न सकेका छैनन् । स्कूलबाट र अन्य ठाउँबाट आउने साधारण पत्र आफैँ पढेर भाव बुझ्न सकेको र छोराले विदेशबाट बैङ्कमा पैसा पठाउँदा बोर्ड हेरी आफैँले पैसा ल्याउने गरेको जसले गर्दा साहाराको रूपमा अन्य व्यक्तिलाई सबै खर्च बेहोरेर पैसा झिक्न लैजान परेको छैन । साथै विभिन्न तालिम (कुखुरा पालन, गोलभेडा, काउली) मा सहभागी हुँदा आफ्नो नाम ठेगाना लेख्न सक्दा नपढेका साथीहरूले राम्रो मानेका थिए । हाल निरन्तर पढाईको अभावका कारण कतिपय कुरा बिर्सेको कारण पुर्नताजगिको लागि पुनः पढ्न थालेकी छिन् तर हाल मोबाइल लिने भए तापनि फोन गर्न, सन्देश पठाउन, पढ्न अहिले प्रयोग हुने अङ्कका विल हेर्न अरूको भर पर्नु

पर्ने बाध्यता रहेको छ । यस्तो अवस्था भए पनि गाउँमा साक्षर महिला हो भनेर अरूले भनेकोमा उनको मन खुशी भएको छ ।

## व्यक्तिगत अध्ययन चौध

वि.सं. २०२१/१२/१७ गते कास्की जिल्ला सार्दीखोला गा.वि.स. वडा नं. ३ खाँदरजुङ्ग भन्ने गाउँमा कृषक बुबा भिम बहादुर गुरूङ्ग र आमा बनकुमारी गुरूङ्गबाट माइली छोरीका रूपमा ओमशोभा गुरूङ्गको जन्म भएको थियो । उनको घर नजिकै स्कूल भए पनि  लाहुरेका छोराछोरीले मात्रै (उनका जम्मा २ जना साथीले मात्र) पढ्न गएका थिए ।  जिविकोपार्जनको बाटो परम्परागत खेती भएकाले बुबा आमाले छोरीहरूलाई खेतीमा सक्रिय गराउने र छोराहरूलाई भर्ती गराउने प्रत्यन गर्ने गर्दथे । उनको घरमा आफ्नो जग्गाबाट आएको अन्नले खान नपुग्ने हुँदा पढाइलाई भन्दा कृषिलाई बढी महत्त्व ठान्नु परेको थियो । साथै बाल शिक्षा आउँदा बुबा आमा र साथिहरूले किन पढ्न जाने भनेपछि उनी पनि घरको काम तिर नै व्यस्त भएकी थिइन् । १९ वर्षको उमेरमा सार्दीखोला गा.वि.स. वडा नं. १ का कृषक हुमबहादुर गुरूङ्गसँग प्रेम विवाह गरेकी उनी छिमेकिको घरमा तिथी, बार, गतेको लागि भित्तेपात्रो हेर्न जाँदा पेन्सन नथाप्नेलाई तिथीमिति किन चाहिन्छ र ! भन्ने कुराले पढ्नुपर्ने रहेछ भन्ने सोचेको बताउँछिन् ।

वि.सं. २०६० सालमा पहिलो पटक प्रौढ शिक्षा कक्षामा सहभागी हुन लाग्दा पनि श्रीमान्ले काम नगरी खान नपुग्ने हुँदा थाकेको शरीरलाई फेरी किन दुःख दिनु पर्‍यो भने पनि छोरीहरूले पढाउन जोड गरेकाले सहभागी भएकी थिइन् । यस अवस्थामा छोरीहरूले घर घन्दा काममा सहयोग गरेको भए तापनि उनीहरूको पढाइ बिग्रन्छ कि भनेर सकेसम्म आफैँ घर धन्दा सकेरै जाने प्रयत्न गरको बताउँछिन् । कक्षामा शिक्षकले जान्नेलाई मात्र जोड दिने र कोर्स सक्ने तरिकाले मात्र पढाउँदा सिक्न निकै कठिन भएको थियो ।

यसरी पढ्न थालेपछि पछि भने घरमा रहेको भित्ते पात्रो आफैँले हेर्न थालेको र खस भाषा बोल्न केही सजिलो अनुभव भएको छ । छोराको स्कूलको रकम तिरे पनि पुनः तीनको लागि घरमा रसिद आएपछि आफैंले तिरेको रसिद लगेर देखाए पछि भने रकम तिर्न नपरेकोले अनावश्यक खर्च जोगाउन सफल भएकी थिइन् । नाम लेख्न जानेकै कारण बैङ्कमा बचत गरी आर्थिक सहयोग लिन अरूको भरपर्न नपर्दा सजिलो भएको छ । पहिलाको

समयमा खेतीकिसानीलाई बढी महत्त्व ठान्ने भए तापनि अहिले लेख्न पढ्न सक्नेलाई राम्रो मान्ने समय भएकाले पढेर अरू सरहको सामाजिक हैसियत प्राप्त गर्ने प्रयास गरेको बताउँछिन् । आमा समूहको मिटिङ्ग, कार्यक्रममा अरू सरह दस्तखत गर्न सक्दा अरूले कुरा काट्न नसकेको तर आफूले पढ्ने अङ्क र अक्षर फरक भएकाले बत्तीको बिल पढ्न र मोबाइल चलाउन समस्या परको छ ।

### व्यक्तिगत अध्ययन पन्ध्र

वि.सं. २०१४/११/२७ गते कास्की जिल्ला सार्दीखोला गा.वि.स. वडा नं. ५ खैमराङ्ग गाउँमा बुबा पञ्जा तामाङ र आमा मङ्गली तामाङबाट मिश्री तामाङको जन्म भएको थियो । उनको बुबा लाहुरे भए पनि युद्धका कारण जागिर छोडेर घरमा आएका र घरमा शिक्षकलाई डेरा दिएका थिए । उनलाई १० वर्षको उमेरमा स्कूल भर्ना गरिदिए पनि बिहान बेलुका आमाले आफूलाई हातसाहारा गर्नुपर्ने भनेपछि घरमा आएर पढ्न पाइनन् । त्यहाँ २ कक्षासम्म पढ्न पाएकी उनले अरू पढ्न दुई घण्टा टाढा जानुपर्ने भएकाले आमालाई बिहान बेलुकाको काममा सहयोग नहुने हुँदा स्कूल जान पाइनन् तर दाई भाइले भने ९/१० कक्षासम्म पढ्न पाएका थिए । त्यसपछि १७ वर्षको उमेरमा सार्दीखोला -१ का २० वर्षका भिम बहादुर तामाङसँग विवाह गरेको ८ वर्ष पछि श्रीमान्ले पढेकी श्रीमती आवश्यकता महशुस गरेर काठमाडौँको बौद्धमा दोस्रो विवाह गरेको बताउँछिन् । घरमा आफू र ससुरा मात्रै रहेको र छोराहरू शहरतिर रहने हुँदा विशेष गरी ढुकुटी खेल्दा हिसाब लेख्न नसक्दा निकै अप्ठ्यारो परेको थियो । श्रीमान्ले दोस्रो विवाह गर्दा छुटाउन शुरुमा काठमाडौँ जाँदा बोर्ड हेर्न नजानेर अन्य व्यक्तिसँग सोधेर जान परेको थियो ।

वि.सं. २०६५ सालको साक्षरता अभियानको प्रौढ शिक्षा कक्षामा पहिलो पटक सहभागी भएकी थिइन् । जापानमा रहेका दुई छोराले सबै खर्च व्यवहारहरू गरिदिने भएकाले र खेत अरूले कमाउने भएकोले पढ्न जान र गृहकार्य गर्न पर्याप्त समय पाएकी थिइन् । बिहान घर धन्दा र बेलुका बत्तीको समस्याका कारण र दिनमा फुर्सद हुने हुँदा, दिउँसो ४ बजेबाट ६ बजेसम्म कक्षा सञ्चालन गर्दा पनि पढ्ने समय बिहान बेलुका भएमा पढ्न आउने चाहना कसैले पनि राख्न नआएको बताउँछिन् । यसरी पढ्दा आफूले

बाल्यकालमा पढेको शिक्षा प्रयोग विहिन भई भूले पनि उक्त शिक्षाले छिटो सिक्न सजिलो भएको थियो ।

चिठी पढ्न सक्ने भए पनि आफूले अपेक्षा गरे बमोजिम हिसाब गर्न सकेकी छैनन् । शिक्षकले हिसाब भन्दा अक्षरलाई बढी जोड दिएर पढाउने र कोर्स सकाउने तयारीमा लाग्दा हिसाबमा कमजोर भएको उनको बुझाइ रहेको छ । अकस्मिक कोषको उपाध्यक्ष हुँदा, बैङ्कमा खाता सञ्चालन गर्दा, आमा समूहमा आबद्ध हुँदा, विभिन्न तालिममा सहभागी हुंदा पढेका व्यक्ति सरह हस्ताक्षर गर्न र आफ्नो नाम ठेगाना लेख्न सक्दा सजिलो महशुस भएको साथै बाहिरबाट आउने व्यक्तिसँग खस भाषामा कुरा गर्न केहि सहज भएको छ । पढाइको महत्त्वबारे उनी भनिन्छन् : पढ्ने व्यक्तिहरू धेरै भएमा विचार मिल्ने र गाउं विकास गर्न सहज हुन्छ । यसरी पढाईले धेरै ठाउंमा सहयोग भए पनि मोबाइल लिने उनी फोन उठाउने बाहेक अन्य सबै काम गर्न र बत्तिको विल हेर्न अरूको भए पर्नु परेको छ । साथै उनलाई अझै पनि पढ्ने अवसर आएमा पढेर श्रीमानले आफुलाई गरेको व्यवहारको कविता लेखी कुनै कार्यक्रममा सुनाउने तिव्र इच्छा रहेको छ ।

## व्यक्तिगत अध्ययन सोह्र

विं सं २०३६/०५/१३ गते कास्की जिल्ला सार्दीखोला गा. वि. स. वडा नं ५ खैमराङ्ग भन्ने गाउँ बुवा लालबहादुर तामाङ र आमा लक्ष्मी तामाङबाट राममाया तामाङको जन्म भएको थियो । उनका बुवा भारतमा लाहुरे थिए । उनका बुवाले सबै छोरालाई स्कूल पठाएको तर छोराहरू विच बाटोबाट सिकार खेल्न गई पढ्न नगएको तर छारी पढेमा पछी युवालाई प्रेमपत्र लेख्ने गर्छन् भनी स्कूल जान दिएका थिएनन् । आफ्नो १० वर्षको उमेरमा बाल शिक्षा २ पटक सम्म आए पनि बुबा आमाले गर्न लगाएको काम सकेर जाँदा पनि धेरै साथीहरूले विचैमा छाडेकाले आफूलाई पनि छाड्न बाध्य पारेका थिए । १६ वर्षको उमेरमा प्रेमपत्र नै नलेखेर पनि गाउँकै २१ बर्षका सोमबहादुर तामाङसँग प्रेम विवाह गरिन् । साथै छोरा ६ बर्षको हुँदा सार्दीखोला -१ मा रेष्टुरेन्ट व्यवसाय गर्दै छोरालाई पढाउन थालेकी थिइन् । श्रीमान्लाई विदेश पठाई रेष्टुरेष्ट आफैले सञ्चालन गर्दा मासिक रु ४००० को ढुकुकी खेलाउंदा उनको आम्दानी खर्च मौखीक रूपमा नै गर्नुपर्दा हिसाब पारदर्शी  गराउन

गाह्रो भएको थियो । श्रीमान्ले वैङ्कमा पैसा पठाउंदा वैङ्क खोज्न र ल्याप्चे लगाउँदा निकै अप्ठ्यारो लागेको थियो ।

विं सं २०६५ को साक्षरता अभियान कार्यक्रममा पहिलो पटक सहभागी हुँदा विहानको काम (खान बनाएर खाने, बच्चालाई स्कूल पठाउने) बाहेक धेरै व्यस्त रहने काम नभएकाले साथै आफू विरामी भएकाले धेरै समय त्यसै बिताउने हुँदा प्रयाप्त समय दिएर प्रौढशिक्षा कक्षामा सहभागी भएको र घरमा पनि छोराछोरीसँग सिक्ने गरेकी थिइन् । जसले गर्दा अंग्रेजी अङ्क र अंग्रेजी अक्षर पनि चिनेकाले मोबाइल चलाउन र विलको अङ्क हेर्न केही सजिलो भएको छ साथै स्कूलबाट आउने पत्रहरू, श्रीमान्ले पैसा पठाउँदा दिने नंम्बर टिप्न र बैङ्कबाट पैसा झिक्न, विभिन्न तालिममा सहभागी हुँदा हस्ताक्षर गर्न, सहकारीमा गरेको बचत के कति भयो भनि हेर्न पनि सजिलो भएको छ । हाल ३३ बर्ष भएकी उनको उमेर अनुसार अन्य व्यक्तिले पढाई लेखाईको अपेक्षा बढी गर्दा उनलाई अप्ठ्यारो लाग्ने गरेको छ ।

## व्यक्तिगत अध्ययन सत्र

वि सं २०३०/४५/१२ गते कास्की जिल्ला माछापुछ्रे गाविस वडा नं ८ मिर्सा भन्ने गाउँमा बुवा सन्तबहाहुर पौडेल र आमा हरीकला पौडेलबाट हिन्दू परिवारमा जमुना पौडेलको जन्म भएको थियो । उनको सम्पत्तीको नाममा एउटा सानो घर मात्रै थियो र खान पुग्ने जमिन हुनेलाई धनी भन्ने उक्त समयमा १५ मिनेट टाढा रहेको स्कूलमा धनिले मात्रै आफ्ना छोराछोरीलाई पढाएका थिए । आफु जेठी छोरी भएकोले बुवाआमा मेला जाने भएकाले बुबाआमालाई घरमा सहयोग गरेर बस्न परेको थियो । उनी १३ वर्षको उमेरमा सार्दीखोला-७ (हाल १ मा) का ३० वर्षका मनिरत्न पौडेलसँग विवाह गरे पछि श्रीमान्ले पढाउन खोज्दा सासुले वुहारीले घरको काम गर्नुपर्छ भनेकाले पढ्न पाइनन् ।

श्रीमान्सँग भारतको हैदरावादमा बस्दा मसाल पार्टीमा सहभागी हुने चाहाना गर्दा सामान्य लेखपढ गर्नुपर्ने अनिवार्यताले श्रीमान्ले घरमा नै पढ्न लेख्न सिकाएका पछि पार्टीमा सहभागी भई १४ वटा वडा सम्मेलन गर्दा अध्यक्षको भूमिका र्निवाह गर्न पाएकी थिइन् । साथै घरेलु हिंसा महिला बेचविखन सम्बन्धी विषयमा धेरै पुरुषलाई कारबाही गरेको बताउंछिन् । यसरी १२ वर्ष पछिको नेपालको बसाईमा किर्ते तमसुक बनाई ठगी गर्ने अवस्थाबाट बच्न सकेकी छिन् । वि. सं. २०५९ सालमा पहिलो पटक प्रौढशिक्षा कक्षामा

छोरीहरूले घरमा सहयोग गरिदिएको कारण सहभागी हुन पाएकी थिइन् । नेपालमा जुनसुकै ठाउँमा पनि राजनिती गरि रोजगारीमा आफ्नो मान्छे राख्ने प्रवृतिले राम्रो शिक्षक नपाउँदा र सहभागीहरूको विचैमा छाड्ने प्रवृत्तिले थोरै संख्यालाई शिक्षकले त्यती महत्वका साथ नपढाउँदा आफुले सोचे अनुरूप सिक्न नसकेको बताउंछिन् । प्रौढशिक्षा कक्षामा सहभागी हुँदा पहिला पढेका कुरालाई पुर्नताजगी गर्ने मौका पाएको उनको बुझाई रहेको छ ।

सामाजिक कार्यमा गाउँमा र गाउँभन्दा बाहिर जानु पर्ने अवस्थामा साईन बोर्ड हेर्न र श्रीमान्को चिठी पढ्न र लेख्न सहज भएको छ । यस्तै सामान्य लेखपढ गर्न सकेको कारण महिला विकासको कोषाध्यक्ष, बाख्रा पालन समूहको अध्यक्ष, महिला स्वास्थ्य स्वयम् सेविका, स्कूल व्यवस्थापन समितिमा सदस्य आदिमा रहि काम गर्ने अवसर पाएकी छिन् । विभिन्न तालिमहरू (अर्गानिक तरकारी, महिला नेतृत्व र सशक्तितकरण, महिला चेतना, च्याउ खेती आदि) मा सहभागी हुँदा हस्ताक्षर गर्न, अगाडि गएर बोल्न सक्दा थप निरन्तर पढाइको अपेक्षा गरेकी छिन् । यसरी विभिन्न कार्यक्रम तालिममा सहभागी हुँदा दिइने सामग्री सजिलै पढ्न जान्नेलाई मात्र दिने अवस्थामा आफैँ त्यस्तो सामग्री मागेर पढ्ने प्रयास गर्न थालेपछि भने यस्तो व्यवहार गर्न छाडेका र अगाडि आएर बोल्नको लागि मौका पनि दिन थालेका बताउँछिन् । अन्त्यमा, उनी भन्छिन्: श्रीमान्कै प्रेरणा, हौसला र सहयोगबाट नै पढेर यो स्थितिमा आउन सम्भव भएको हो ।

## व्यक्तिगत अध्ययन अठार

वि.सं. २०३४/०२/०५ गते कास्की जिल्ला सार्दीखोला गा.वि.स. वडा नं. १ मा गरिब परिवारमा बुबा सन्तबहादुर कामी र आमा पुतली कामीबाट जुठी सुनारको जेठी छोरीको रूपमा जन्म भएको थियो । उनका बुबा आमा बिहान दिउँसो काम गरी छाक टार्नु पर्ने भएकोले घरमा भाइ बहिनीलाई हेरचाहा गर्नु परेको र बुबाले छोरी भनेको अरूको घरमा जाने जात हो किन पढ्नु पऱ्यो भनेकाले घर नजिकै रहेको स्कूलमा जान पाइनन् तर आर्थिक स्थिति अलि राम्रो हुने दलित समुदायका उनका २ जना साथि भने झोला लिएर स्कूल जाने गरेका थिए । १२ वर्षको उमेरबाट दिन भरको ३५ रूपैयाँका दरले मेला हिँड्दा त्यसको हिसाब गर्न जग्गा धनिसँग नै भर पर्नु परेको थियो । १५ वर्षको उमेरमा सार्दीखोला-१ का २३ वर्षका यत बहादुर सुनारसँग प्रेम विवाह गरेकी र श्रीमान्ले विदेशबाट

पठाएको चिठी पढ्न दलित बस्तीमा पढ्न लेख्न जान्ने केही व्यक्ति मात्रै भएको हुँदा उनीहरूको फुर्सदलाई पर्खनै पर्ने बाध्यता भएको थियो । श्रीमानले पठाएको पैसाको खर्चको हिसाब राख्न नसक्दा श्रीमान्ले होच्याएर बोल्ने गरेका थिए । चार छोरीको आमा बन्न पुगेकी उनको श्रीमान्ले हाल छोराको आसले अर्को विवाह गरेका छन् ।

वि.सं. २०४८ सालमा १४ वर्षको उमेरमा बाल शिक्षा पढ्न शुरु गरेकी उनले बिहानमा खाना बनाउनु पर्ने, दोकानमा रासन लिन जानुपर्ने र बुबा आमाले पनि घरको काममा जोड दिने गरेकाले राम्रोसँग पढ्न पाइनन् । यसै शिलशिलामा वि.सं.२०६५ सालमा उनी प्रौढ शिक्षा कक्षामा बिहानको घरको काम सकेर सहभागी भएकी थिइन् । यस समयमा पहिला चिठी पठाउँदा र हिसाव राख्न नसक्दाको समस्या भुलेर श्रीमान्ले काम गर्नमा नै जोड दिए पनि पढ्न छाडिनन् । आफू सहभागी हुँदा घरको काम, बच्चाको हेरचाह, खेती किसानीको कामले गर्दा थोरै मात्र उपस्थित हुने गरेकाले शिक्षकले पनि त्यति चसोका साथ नपढाउँदा अपेक्षा गरे बमोजिम सिक्न नपाएको बताउँछिन् ।

यसरी पढीसके पछि नाम ठेगाना लेख्न र पढ्न सकेपनि उनले अपेक्षा गरेका हिसाब भने गर्न सक्दिनन् । त्यस्तै गरी छिमेकी बैङ्कमा बचत गर्न हस्तक्षर गर्न जान्नुपर्ने अनिवार्य भएकोले बचत गर्न पाएको र नाम मात्रै लेख्न सक्ने आफ्ना साथीहरूको जमानीमा पैसा भिकेर आर्थिक कारोबार गर्न सहज भएको छ । अहिले श्रीमान् र आफू दुबै मिलेर फनिर्चर उद्योग शुरु गर्दा हिसाब गर्न नजाने पछि मात्रै श्रीमान्ले पढ्ने बेलामा सहयोग नगरेकोमा पछुतो मानेको बताउँछिन् ।

## व्यक्तिगत अध्ययन उन्नाइस

वि.सं. २०४२/०४/०७ मा कास्की जिल्ला सार्दीखोला गा.वि.स. वडा नं. १ मा बुबा गोरे वि.क. र आमा सन्तमाया वि.क. बाट माइली छोरीको रूपमा उजेली कामीको जन्म भएको थियो । उनी शुरुमा चार महिना जति स्कूल गए पनि हली लगाएर जिविका चलाउनु पर्ने भएकाले घरमा काम सहयोग गर्न बुबाले भनेपछि आमाले पनि त्यही कुरालाई समर्थन गरेपछि पढाइ छाड्नु परेको थियो तर केही दलित केटासाथी भने स्कूल जान पाएका थिए । सम्पत्तीको नाममा एउटा घरमात्रै रहेकाले १० वर्षको उमेरबाट मेलापाता हिड्ने क्रममा सार्दीखोला-१ का रामबहादुर कामीसँग प्रेम गर्दा प्रेमपत्र अरूलाई

पढ्न र लेख्न दिनुपर्ने भएकाले त्यस कुरा बाहिर फैलिन पुगी १५ वर्षको उमेरमै विवाह गर्नु परेको थियो ।

वि.सं. २०६५ सालमा २३ वर्षको उमेरमा प्रौढ शिक्षाको कक्षामा पहिलो पटक सहभागी भएकी थिइन् । हालसम्म व्यावहारमा पढ्ने लेख्ने सम्बन्धमा खासै समस्या नपरेको भए तापनि अरूले जस्तै नाम ठेगाना लेख्न सकेमा कुनै कार्यक्रममा सहभागी हुँदा सजिलो हुने भएकाले सहभागी भएको बताउँछिन् । श्रीमान्ले बच्चा-बच्ची हुर्काउने कुरामा जोड दिने गरेकाले कहिलेकाहीं बच्चा सहित कक्षामा जाने गरेकी थिइन् । त्यसपछि उनी अर्को पटक बेलुकाको कक्षामा सहभागी हुँदा जेठानीलाई छोरा सुताउन दिएर पढ्न जानु परेको थियो । काम गर्ने समयमा कक्षा सञ्चालन भएकोले काम गर्ने जनशक्ति गाउँमा थोरै हुँदा मेलामा जानै पर्ने भएकाले थकाइले गर्दा पढाइमा कठिनाइ भएको थियो । श्रीमान् बिहानदेखि बेलुकासम्म ठेक्कापट्टामा व्यस्त हुने हुँदा घरमा सहयोग गर्ने र हौसला दिने व्यक्ति नहुँदा पनि पढाइबाट धेरै फाइदा लिन नसकेको बताउँछिन् ।

आफ्नो नाम ठेगाना लेख्न जाने कै भएर छिमेकी बैङ्कमा बचत गर्ने अवसर मिलेको र श्रीमान्को ठेक्का व्यवसायको लागि २ पटक सम्म ५०/५० हजार ऋण झिक्न सजिलो भएको थियो । स्कूलबाट प्राप्त साधारण पत्रको भाव बुझ्न सके पनि बच्चाहरूलाई गृहकार्यमा सहयोग गर्न नसक्दा, मोबाइल फोन उठाउन बाहेक अन्य काम गर्न, बत्तीको बिल हेर्न श्रीमान् अथवा अन्य व्यक्तिकै साहारा लिनुपर्दा पढाइ आफ्नो व्यवहारिक जीवनमा अझ आवश्यक महसुस गरेकी छिन् । साथै गाउँमा प्रौढ शिक्षाको महत्त्व बारेमा चेतनाको कमी भएकाले पनि परिवारमा सदस्यले पढ्नको लागि खासै सहयोग गर्न नमान्ने उनको भनाइ छ ।

## व्यक्तिगत अध्ययन बिस

वि.सं. २०१८ /०३/३० गते कास्की जिल्ला सार्दीखोला गा.वि.स. वडा नं. ९ चौरा भन्ने ठाउँमा बुबा दल बहादुर गुरूङ्ग र आमा पुर्वी गुरूङ्गबाट जेठी छोरीको रूपमा यानुशोभा गुरूङ्गको जन्म भएको थियो । कान्छी आमा काली गुरूङ्गको रेखदेखमा हुर्किए पनि घरबाट १५ मिनेटको दुरीमा रहेको स्कूलमा तीन पटकसम्म बुबाले भर्ना गरिदिए पनि स्कूल र भैंसी बाखा चराउने ठाउँ एकै  तिर भएकाले उनी स्कूल नगई साथीहरूसँग बाखा

चराउन जाने गरे पनि  घरमा पढ्नै पर्ने बाध्यात्मक तरिकाले कसैले केही कुरा नगरेको बताउँछिन् । भाइ बहिनीलाई स्कूल पु¥याउने र उमेर अनुसार काम गर्दै जाँदा सार्दीखोला गा.वि.स.-७ का सोमा गुरूङ्गसँग प्रेम विवाह गरेकी उनले कर्म घरमा सासुले र श्रीमान्ले हेलाँ गरेकाले सम्बन्ध विच्छेद गरी पुरून्चौर गा.वि.स. वडा नं.-१ का राम बहादुर गुरूङ्गसँग मागी विवाह गरेकी थिइन् ।

विवाह पश्चात घर नजिकै प्रौढ शिक्षाको कक्षा सञ्चालन हुँदा आमा (सासु) ले घरमा बुहारीले काम गर्नुपर्छ भनेकाले पढ्न जान नपाएकी उनलाई रोजगारिका लागि भारत गएका उनका श्रीमान्ले पठाएका चिठी पढ्न र त्यसको उत्तर फर्काउन स्कूलका विद्यार्थीलाई पर्खेर  फकाउन परेको थियो । साथै कामको समयमा मौखिक रूपमा मेला बोल्दा कहिलेकाहीं भुलेर मेला जुदेकाले तनाव पनि भएको थियो । हाल उनको श्रीमान् घरमा नै आए पनि सबै व्यावहार आफैले गर्नु परेकाले प्रौढ शिक्षाको कक्षामा वि.सं. २०६५ सालमा पहिलो पटक सहभागी हुँदा पढ्न भन्दा व्यवहार तिर ध्यान जाने कारणले पढ्न कठिन भएको तर कामको समयमा कक्षाबाट नै खेताला खोज्न र काम आँट्न केहि सहज भएकाले सहभागी हुन उत्प्रेरणा मिलेको थियो । यस अवस्थामा छोरीले केही सहयोग गरेपनि श्रीमान्ले भने कुनै चासो लिएका  थिएनन् ।

यसरी पढेर उनले आफ्नो नाम ठेगाना लेख्न पढ्न जानेको भएर नै छिमेकी बैङ्कमा बचत गर्ने मौका पाएको र त्यहाँबाट आवश्यक ऋण झिक्न सहज भएको छ । यस अवस्थामा भने श्रीमान् पनि श्रीमतीले पढेर राम्रै गरेको ठानेका छन् तर मासिक तलबको रूपमा मजदुरी काम गरेको आफ्नो हिसाब राख्न सकेकी छैनन् । अझै पनि प्रौढ शिक्षा आएमा घरमा श्रीमान्ले सहयोग गरिदिने भएमा हिसाब सिक्ने रहर भएको साथै शिक्षकले सबै पढाइलाई बराबर महत्त्व नदिई हस्ताक्षर गर्न, नाम ठेगाना मात्र लेख्न जोड गर्नुले पनि जीवनका अन्य समस्या समाधान गर्न नसकेको उनको तर्क थियो ।

## व्यक्तिगत अध्ययन एक्काइस

वि.सं. २००९/०६/१५ गते कास्की जिल्ला सार्दीखोला गा.वि.स. वडा नं. ७ च्याङ्लुङ्गमा बुबा हर्क गुरूङ्ग र आमा पाक्यामो गुरूङ्गबाट कान्छी छोरीको रूपमा रनमाया गुरूङ्गको जन्म भएको थियो । उनका बुबा र दाजु दुबै भारतमा लाहुरे थिए । उनलाई बुबा

आमाले ८ वर्षको उमेरमा स्कूल भर्ना गरी दिएको तर आमा बिरामी भएकोले ८ महिना पछि स्कूल छाड्नु परेको तर उनका केही साथीहरू मात्रै स्कूल जान पाएका बताउँछिन् । यस समयमा बुबा र दाजुले पठाउने चिठी पढ्न र उत्तर पठाउन अरूको साहारा लिन परेको थियो । २२ वर्षको उमेरमा आफ्नै गाउँका चित्र बहादुर गुरूङ्गसँग प्रेम विवाह गरेकी ( हाल सार्दीखोला - १) खेती किसानी नगरी खाना नपुग्ने हुँदा उनी खेतीकिसानी सहित रक्सी पार्ने (१ वोतलको रू ५ का दरले) पुवाको भाङ्ग्रा र थैलो बनाउने कार्यबाट घरको खर्च चलाउँदा उनले मौखिक रूपमा नै कारोबार गर्दा कहिले काहीं किन्ने व्यक्तिले नै सम्झेर पैसा दिने गरेका बताउँछिन् । वि.सं. २०४८ सालको प्रौढ शिक्षा कक्षामा सहभागी हुने इच्छा गर्दा सासू ससुराले घरमा काम गर्नुपर्छ भनी रोक्न खोजे पनि श्रीमान् र छोरीहरूले पढ्नको लागि सहयोग गरेका थिए । कक्षामा सहभागीहरू धेरैले घरेलु कामको समस्या देखाएर बिचैमा कक्षा छोड्ने गरेको उनको अनुभव रहेको छ ।

सामान्य लेखपढ गर्न सक्ने भएकाले आमा समूहबाट महिला स्वास्थ्य स्वयम् सेविका हुन अवसर पाएको, बजार जाँदा आउँदा गाडी नम्बर हेर्न जान्दा गाडीमा सामान पठाउन र आफ्नो व्यक्तिगत हरहिसाब राख्न सजिलो भएको, पछिल्लो समयमा कान्छी छोरीले घरमा नै अङ्ग्रेजी अङ्क पनि सिकाइ दिएको कारणले मोबाइलमा नम्बर. चिन्ने र डायल गर्न सक्ने भएकी छिन् । सहकारीमा जम्मा गरेको रकम के कती भयो भनी पट्टामा हेर्न, विभिन्न तालिममा जाँदा नाम ठेगाना लेख्न र सामान्य पत्र पढ्न, खस भाषामा शुद्ध गरी बोल्न केही सजिलो भएको बताउँछिन् । यसरी विभिन्न कार्यक्रममा सहभागी भएर मेलामा सँगै हिड्ने आफ्ना साथीहरूलाई कार्यक्रमको बारेमा जानकारी गराउन पाउँदा निकै खुशी भएकी छिन् । अन्त्यमा पारिवारिक मेलमिलाप र विश्वास हुन सकेमा प्रौढ शिक्षाले पनि ग्रामीण समाजका महिलाको जीवनमा परिवर्तन र सजिलोपना दिन्छ भन्ने कुरामा ढुक्क रहकी छिन् ।

## व्यक्तिगत अध्ययन बाइस

वि.सं. २०१३/०१/१० गते कास्की जिल्ला धम्पुस गा.वि.स वडा नं. ८ मा बुबा सार्की दमाई र आमा सन्तु दमाईबाट हिन्दू परिवारमा विष्णु कुमारी परियारको जन्म भएको थियो । सिलाई कटाइको काम काम गर्ने उनका बुबाले अरूको घरमा जाने भए पछि घाँस दाउरा गर्न जान्नुपर्छ भने पछि र आमाले पनि त्यस कुरामा कुनै प्रतिक्रिया नदिए पछि

उनको स्कूल जाने कुरा बन्द भएको थियो । त्यस समयमा धनी व्यक्तिका (जग्गा जमिन हुने र लाहुरे) केही छोरा मात्रै स्कूल जाने गरेका र अन्य सबै घरेलु काम र मेलापातामा नै समय बिताउनु पर्ने स्थिति रहेको बताउँछिन् । यसै क्रममा २० वर्षको उमेरमा सार्दीखोला गा.वि.स. वडा नं. २ (हाल सार्दीखोला-१) का ३१ वर्षका रेखबहादुर परियारसँग प्रेम विवाह गरेकी उनलाई श्रीमान्को चिठी पढ्न र उत्तर पठाउन अन्य छिमेकीको घरमा जानु पर्दा उनीहरूको फुर्सदको समयलाई कुर्न पर्दा आफ्नो  घरको काम समयमै गर्न पाएकी थिइनन् साथै सिलाई कटाइबाट आम्दानी गरेको र श्रीमान्ले पठाएको पैसाको हिसाब किताब राख्न पनि सकेकी थिइनन् ।

वि.सं. २०४८ मा वडा नं. १ मा आएको प्रौढ शिक्षाको कक्षा घरबाट १० मिनेटको ओरालो झनुपर्ने र कक्षा पुग्दा २५ मिनेट लाग्ने हुँदा उनलाई ३ जना साथी खोजेर पढ्न आएकी थिइन् । आफ्नो खेतीपातीको काम र घरेलु काम सकेर उक्त कक्षामा सहभागी हुँदा छोराछोरीले पनि हौसला दिएकाले कहिले काहीं वडा नं. १ मा नै मेलामा जाँदा त्यतैबाट कक्षामा पढेर राती १० बजे मात्र घर पुगेको बताउँछिन् । यसरी हिँड्दा छिमेकीले कुरा काटे पनि सहभागी हुन छाडिनन् । उनी भन्छिन्:दिनभरिको कामले थकाई लाग्दा पनि सबै साथिसँग बसेर पढ्न पाउँदा निकै आनन्द आएको थियो । यसरी पढी सकेपछि श्रीमान्को चिठी पढ्ने र उत्तर दिन सक्ने भएको र पि.डि.डि.पी. को अध्यक्ष भई काम गर्ने मौका पाएकी थिइन् । साथै छोराछोरीलाई मौखिक रूपमा मात्रै भए पनि दुना सिकाउन सकेकी थिइन् । वि.सं. २०६१ सालमा सार्दीखोला-१ मा विधवा हुन पुगेकी उनी वि.सं. २०६५ सालमा पुनः साक्षरता अभियानको कक्षामा पुनर्ताजागिको लागि पढ्ने मौकाको रूपमा लिँदा घरको सबै काम बुहारीलाई छाडेर पढ्न गएकी थिइन् ।

यसरी पढेर हाल उनलाई सिलाइ कटाईको आम्दानी, पेन्सन पट्टाको रकम, विधवा भत्ताको रकम हेर्न सजिलो भएको छ साथै कुनै कार्यक्रममा जाँदा आफ्नो नाम ठेगाना लेख्न सक्दा पहिला कुरा काट्नेहरू चुपचाप रहेका र समाजका अन्य व्यक्तिले राम्रो माने पनि मोबाइल लिएकी उनलाई फोन उठाउन बाहेक अन्य कार्य गर्नु परेमा र बत्तिको विल हेर्ने काम उनका सामु समस्याकै रूपमा रहेको छ ।

## व्यक्तिगत अध्ययन तेइस

वि.सं. २००२/०३/११ गते कास्की जिल्ला अर्मला गा.वि.स. वडा नं. १ को डिई गाउँमा बुबा रामनाथ भट्टराई र आमा धनमाया भट्टराईबाट हिन्दू परिवारमा सिता आचार्यको जन्म भएको थियो । उनका बुबा शिक्षक रहे पनि घरबाट आधा घण्टाको दुरीमा रहेको स्कूलमा दाजुभाईलाई मात्रै पढाएका थिए । बुबा आमा दुवैले छोरीले घर खानको लागि पढ्न नभई काम गरेर मात्र सकिन्छ भनेर स्कूल जान नदिएको साथै उनका केटी साथीहरू कोही पनि स्कूल जान पाएका थिएनन् ।

१५ वर्षको उमेरमा सार्दीखोला गा.वि.स. वडा नं. १ का शिक्षक रहेका इन्द्र प्रसाद आचार्यसँग विवाह भए पछि दैनिकी बिताउने क्रममा लेखापढी सबै श्रीमान्ले गरेकोले आफूलाई कुनै समस्या नभए पनि पढ्ने लेख्ने कुरा कस्तो हुँदो रहेछ भन्ने मनमा जिज्ञासा भएको थियो । वि.सं. २०५९ सालभन्दा पहिलाका कक्षा घरभन्दा केही पर सञ्चालन भए पनि श्रीमान्ले आफूले बाहेक अरूले पकाएको खाना नखाने, श्रीमतिले पहिला खाना खान नहुने साथै छोराछोरीको पढाइमा बाधा पुग्छ कि भन्ने कुराले सहभागी भएकी थिइनन् । वि.सं. २०६५ मा नेपाल सरकारले नाम लेख्न नजान्नेलाई कुनै पनि भत्ता नदिने भनेपछि श्रीमान्ले आफ्नो काम सकेर जान दिएका र छोरीले पनि सहयोग र हौसला दिन थालेका बताउँछिन् । सबै साथीहरूले सहि गर्ने ठाउँमा आफूले पनि सहि गर्न सक्ने हुनको लागि पढेको उनको विचार रहेको छ । हाल अहिले उनलाई कुनै कार्यक्रममा, समूहमा, तालिमहरूमा सहभागी हुँदा आफ्नो नाम, ठेगाना लेख्न सकेकोमा पहिलाको भन्दा सजिलो अनुभव भएको र घर परिवार र अन्य व्यक्तिले पनि त्यसलाई सकरात्मक रूपमा लिएका साथै सुनेर मात्रै भए पनि धेरै कुरा थाहा पाएको बताउँछिन् । अन्त्यमा प्रौढ शिक्षा राम्रोसँग पढेर जान्न सकेमा जीवनमा सहज हुन सक्ने कुरा उनलाई लाग्न थालेको छ ।

# अध्याय-पाँच

## ग्रामीण समाजका महिलाहरूले औपचारिक शिक्षा प्राप्त गर्न नसक्नाका कारणहरू

ग्रामीण समाजमा विद्यालयहरू खुल्न थालेको अवस्था भए तापनि त्यहाँको सामाजिक आर्थिक, राजनैतिक, सांस्कृतिक जस्ता धेरै कारणहरूले उनीहरू स्कूल जानबाट वञ्चित भएका छन् । जसमध्ये यस अध्ययनमा निम्न कारणहरू प्राप्त भएका छन् :-

### ५.१ आर्थिक कारणहरू

#### ५.१.१ आम्दानीको प्रमुख माध्यम परम्परागत कृषि हुनाले

जिविकोपार्जनको मुख्य पेशा कृषि र पशुपालन रहेको उक्त समाजमा त्यस कार्यलाई नै महत्त्व दिने अवस्था रहेको थियो । जसमा परम्परागत रूपमा हलो, कुटो, कोदालोको सहायताले काम गर्दा श्रमशक्ती धरै आवश्यक रहने हुँदा उत्पादन प्रणालीमा जोड दिइन्छ । जसले अन्य पक्षलाई गौण रूपमा राखेको हुन्छ । त्यसैले त्यहाँ पनि ग्रामीण समाजमा अधिकांशको जिविका भनेको परम्परागत कृषि उत्पादन नै प्रमुख भएकाले बुबा आमाले त्यसमा नै जोड दिने गरेकाले उनीहरू स्कूल जान वञ्चित भएका छन् । साथै आर्थिक स्थिति राम्रो हुनेहरू (लाहुरे, जागिरे) का केही मात्र छोराछोरी स्कूल पढ्न जाने गरेका र अधिकांश घरेलु काम खेती किसानी र पशुपालनमा नै रहने कुराले पनि शिक्षा प्राप्त गर्न आर्थिक पक्षले निर्धारण गरेको स्पष्ट हुन जान्छ ।

व्यक्तिगत अध्ययन दशकी जुठी सुनार भन्छिन्: *बुबा आमाले विहान दिउँसो काममा जाँदा भाइबहिनी हेर्नु भनेर जानुहुन्थ्यो ।*

यस सम्बन्धमा व्यक्तिगत अध्ययन चारकी ठाकुर देवी आचार्य भन्दछिन्: *बुबाले छोरीले घर खान घरायसी काम र खेती किसानी जान्नुपर्छ भने पछि स्कूल जान पाइन ।*

*व्यक्तिगत अध्ययन नौ की* सरास्वती आचार्य भन्छिन्: *बुबाको पछि लागेर स्कूल जान खोज्दा आमाले म मेला जान्छु घरमा भाइ, बहिनी हेरेर बस भनेपछि घरमानै रहनु पऱ्यो ।*

*व्यक्तिगत अध्ययन बाह्रकी* विष्णु वि.क. भन्छिन्: *आमाले गाउँमा बसेपछि पशुचौपाय पाल्नै पर्ने र खेती गर्नै पर्ने भए पछि घरमा काम गर्नुपर्छ भन्नुभयो ।*

### ५.१.२ न्यून आम्दानी

जमुना पौडेल, जुठी सुनार र उजेली वि.क. र चन्द्र कुमारी पौडेल, पूर्नि तामाङको घरबाहेक अन्य केही नभएकाले ज्यालादारी गरी जीवन गुर्जानु पर्ने भएकाले उनी लगायत परिवारका कसैको पनि पढाइ प्रति सोच जानै पाएको थिएन भने अन्यको खेती नै जिविकाको मुख्य आधार भएकाले त्यसैमा सम्लग्न हुन जोड दिइन्थ्यो । कृषि र पशुपालन मुख्य रहेको उत्पादन प्रणालीलाई कालमार्क्सले सामन्तवादी उत्पादन प्रणाली भनेका छन् । जसमा उत्पादन साधन, स्रोत, शक्तिमा जसको नियन्त्रण छ उसैको निर्णय चल्ने हुने कुरा उल्लेख गरेका छन् । जसको कारण पुरुष भन्दा महिलालाई शिक्षामा भन्दा कृषि पेशामा सम्लग्न गराउनाले पनि उनीहरू शिक्षाबाट बञ्चित रहन पुगेका थिए । उनीहरूमा बुबाआमा विहान दिउँसो कतै काम पाइने आशाले गाउँ डुल्ने हुँदा छोरीहरूलाई भविष्यको जीवन गुजाराको सिप (खाना बनाउने, बच्चा हेर्ने) जस्ता काममा लाग्न प्रेरित गरी सहयोगको आशा राखेकै कारण उनीहरू स्कूल जानबाट वञ्चित हुन परेको देखिन्छ ।

यसमा व्यक्तिगत अध्ययन पाँचकी चन्द्रकुमारी पौडेल भन्छिन्: *आफ्नो खेत नै थिएन त्यही गोठ थापेर जिविका चलाउँदा वन, गोठ गर्दा कसैको पनि पढाइमा ध्यानै गएको थिएन ।*

यसमा व्यक्तिगत अध्ययन सत्रकी जमुना पौडेल भन्छिन्: *कहाँको पढ्न पाउने विहान बेलुका खानको लागि बुबा आमालाई सघाउनु पऱ्यो, आफ्नो खेत थिएन, अरूको खेत कमाउनु पर्ने र अरूकोमा ज्यालादारी गर्नुपर्ने थियो ।*

व्यक्तिगत अध्ययन उन्नाइसकी उजेली वि.क. भन्छिन्: *केही समय स्कूल गएको थिएँ बुबाले हामी काममा जानु पऱ्यो घरमा घाँस दाउरा ल्याउनुपऱ्यो भनेपछि स्कूल छाडेकी थिएँ ।*

## ५.२ लैङ्गिक कारण

नेपाल एक पितृसत्तात्मक देश भएकाले यहाँका हरेक क्रियाकलाप, व्यावहार, अधिकार, पहुँच महिलाको तुलनामा पुरुषको उच्च स्थान रहेको कुरा महिलावादीहरूको विचार रहेको छ । साथै सामाजिक भूमका निर्वाह गर्ने प्रणाली पनि पुरुष पक्षको रूपमा

विकसित गरिएकाले महिला पुरुषको नियन्त्रणमा रहन वाध्य भएका छन । जसको कारण महिलाहरू हरेक क्षेत्रमा पिछडिएका कुरा महिलावादीहरूको रहेको छ ।

पूर्नि तामाङ् भन्छिन्: *मेरो आमा बुबा नभएर मामाले पाल्यो मामाकोमा पनि कहिलेकाहीं पेटभरी खान पनि नपाउने त्यही भएर स्कूल नगई मेलापात जाने, घरमा सहयोग गरी बस्न पऱ्यो ।*

### ५.२.१ छोरी आमाको सहयोगीका रूपमा

नेपालको जिविका कृषि र पशुपालन भएकाले महिलाहरू विवाह पश्चात यही क्रियाकलाप गरेर जिविका चलाउनु पर्ने मान्यता र विश्वासका कारण विवाह पूर्व उक्त कार्य जान्नै पर्ने स्थिति उनीहरूलाई यस क्रियाकलापमा सम्लग्न गराइएको छ । साथै महिलाले घरेलु काम पनि जान्नु पर्ने भएकाले विशेषत: आमाको सहयोगीको रूपमा छोरीलाई राख्ने गरिएको छ ।

यस सम्बन्धमा व्यक्तिगत अध्ययन चारकी ठाकुरदेवी आचार्य भन्छिन्: *घरेलु र किसानी काम जान्नु पर्छ भनी जोड गरेका र उनका दाजु भाइलाई स्कूल पठाएका थिए।*

यस सम्बन्धमा व्यक्तिगत अध्ययन पन्ध्रकी मिश्री तामाङ भन्छिन्: *घर नजिकैको स्कूलमा पढ्दा त आमालाई सहयोग गर्नुपर्दा राम्रोसँग पढ्नै पाइन पछि टाढाको स्कूल जानुपर्दा घरमा सहयोग गर्न नभ्याउने हुँदा स्कूल भर्ना नै गरिदिनन् तर दाजु भाइलाई भने १० कक्षासम्म पढ्न दिएका थिए।*

व्यक्तिगत अध्ययन दुईकी राममाया भुजेल भनिन्छन् : *बुबा आमा लेकमा गोठ राखी कहिले गोठ र कहिले घर आउनुहुन्थ्यो घरमा हजुरबुबा हजुरआमा बस्नुहुन्थ्यो । उहाँले छोरी भएपछि घरको काम जान्नुपर्छ भन्नुभयो र बुबाआमाले पनि त्यस कुरालाई सजिलै मान्नु भयो ।*

### ५.२.२ पुरुषवादी सोचाई

व्यक्तिगत अध्ययन सातकी चन्द्रमाया आचार्य भन्छिन्: *बुबाले शिक्षक घरमा आई छोरीलाई स्कूल पठाउन आग्रह गर्दा अरू के गर्नु पर्छ म गर्छु तर छोरीलाई स्कूल पठाउने कुरा लिएर म कहाँ नआउनु किनकी छोरीले घर खानको निमित्त घरको काम गर्न जानेको हुनुपर्दछ भन्नुभयो ।*

व्यक्तिगत अध्ययन अठारकी जुठी सुनार र व्यक्तिगत अध्ययन बाइसकी विष्णुकुमारी परियार भन्छिन्: *बुबाले अरूको घरमा जाने जात भएपछि किन पढ्नु पर्‍यो भन्नुभयो ।*

व्यक्तिगत अध्ययन तेइसकी सिता आचार्य भन्छिन्: *शिक्षक रहेका बुबाले छोरीले घर खान पढेर नभई काम गरेर मात्र सकिन्छ भन्नुभयो र छोराहरूलाई भने स्कूल जान दिनुभएको थियो ।*

यसरी माथिका यी भनाईबाट पनि ग्रामीण समाजका महिलाहरू शिक्षा प्राप्त गर्ने अवसरबाट बञ्चित हुनुको कारणमा लैङ्गिकता रहेको स्पष्ट देख्न सकिन्छ ।

### ५.२.३ विवाह

छोरी भएपछि विवाह गरी पुरुषको घरमा जानै पर्ने बाध्यताका साथै बुहारीको रूपमा रहँदा गृहणी आमा, किसानी कामको आधारमा मूल्याङ्कन गरिने हुँदा पनि उक्त काम गर्नै पर्ने बाध्यता रहेको देखिन्छ ।

व्यक्तिगत अध्ययन चारकी ठाकुर देवी आचार्य भन्छिन्: *सानै उमेरमा विवाह गरी जानुपर्ने हुनाले त्यतिखेर कस्ले बढी काम गर्छ उही केटीलाई धनी (धेरै जग्गा हुने) विवाह गर्न जोड गर्दथे ।*

व्यक्तिगत अध्ययन छ कि प्रतिभा आचार्य भन्छिन्: *बुहारी भए पछि कुन बुहारीले काम गर्न सक्ने भनी परिवार र समाजले मूल्याङ्कन गर्ने हुँदा त्यही काम जान्नलाई जोड गर्नु पर्थ्यो ।*

## ५.३ सामाजिक तथा सांस्कृतिक कारण

### ५.३.१ परम्परागत सोचाइ

प्राय: विशेष गरी विवाह गर्ने समयमा काम गर्ने क्षमताको आधारमा बुहारी छान्ने प्रवृत्तिले बुबा आमाहरू छोरीहरूलाई उक्त काममा लगाउन जोड गरेका कारण उनीहरू स्कूले शिक्षा प्राप्त गर्नबाट बञ्चित हुन परेको थियो । जेठो बुबाको प्यारो कान्छो आमाको प्यारो भन्ने परम्परागत भनाइले प्रभावित प्रतिभा आचार्यको परिवारले उनको जेठी दिदी र

भाइ बहिनीलाई स्कूल पठाएका थिए र उनी माइली भएकाले आफू कसैको प्यारो हुन नसकेको कारण स्कूल जान नपाएको तर्क गर्दछिन् ।

व्यक्तिगत अध्ययन छ कि प्रतिभा आचार्य भन्छिन्: *दिदी पहिलो सन्तान भएर बुबाआमाले पढाएका थिए र बहिनी कान्छी भएकाले पढाएका थिए तर म माहिली भएकाले मलाई पढाएनन् ।*

व्यक्तिगत अध्ययन  बाइसकी विष्णु परियार भन्छिन्: *बुबाले अरूको घरमा जाने जात किन पढ्नु पर्‍यो भनेपछि डराएर चुपचाप बसें ।*

### ५.३.२ नकरात्मक सोचाइ

त्यस समयमा पढेर खासै फाइदा नपाउने आम धारणाका कारण बाल शिक्षामा सहभागी हुन पाएकी राममाया तामाङ अरू साथीले पढ्न छाडेका कारण उनलाई पनि छाड्न लगाएका थिए ।

यस सम्बन्धमा व्यक्तिगत अध्ययन सोह्रकी राममाया तामाङ भन्छिन्: *बुबाले छोरीले पढेर ठिटालाई चिठी लेख्ने गर्छन् र उनीहरू बिग्रने गर्छन् भन्नुभयो र दाइलाई स्कूल पठाउनु भयो तर दाइहरू बिच बाटोबाटै सिकार खेल्न बन तिर जाने गर्दथे ।*

यसरी हेर्दा सामाजिक सांस्कृतिक कारणले पनि महिलाहरू स्कूले शिक्षा प्राप्त गर्नबाट बञ्चित भएको देखिन्छ ।

## ५.४ मनोवैज्ञानिक कारण

### ५.४.१ आज्ञाकारिता

रामामाया भुजेलका साथीहरू स्कूल जाने भए पनि ठूला व्यक्तिले भनेपछि आफू घरमा नै बसेर काम गर्दा राम्रो हुने होला भन्ने सोचाइले स्कूल जान जोड गरिनन् । त्यस्तै गरी ठाकुरदेवी आचार्यले पढ्ने भन्ने कुरा गाह्रो हुन्छ होला भन्ने सोचाइका कारण पढाइप्रति ध्यान दिएकी थिइनन् साथै बुबा आमाले आफ्नो भलाईका लागि भनेका हुन भन्ने विश्वासले पनि उनीहरू पढ्न जोड गरेनन् । यसरी दमनात्मक सामाजिकीकरण अन्तर्गतको आज्ञाकारी सामाजिकीकरणद्वारा बच्चाहरूलाई उक्त समाजमा बाँच्न प्रेरित गरिएको देखिन्छ ।

यस सम्बन्धमा साथीहरू स्कूल जाँदा तपाईलाई स्कूल जान मन लागेको थिएन भन्ने प्रश्नमा व्यक्तिगत अध्ययन दुईकी राममाया भुजेल भन्छिन्: *हजुरबुबाले घर बसेर काम गर्नुपर्छ भनेपछि हाम्रो लागि राम्रै होला नि भनेर ठानेकी थिए ।*

### ५.४.२ साथीसँग बस्ने चाहना

त्यस्तै गरी यानुशोभा गुरूङ्ग, उर्मिला गुरूङ्ग, विष्णु वि.क. स्कूल भर्ना गरिदिए पनि आफ्ना सँगका साथीहरू पशुपालन, घरेलु काममा नै व्यस्त भएकाले उनीहरू सँगै बस्ने चाहना हुँदा उनीहरूले स्कूल जान छाडेका थिए ।

यस सम्बन्धमा व्यक्तिगत अध्ययन विसकी यानुशोभा गुरूङ्ग भन्छिन्: *बुबाले स्कूल भर्ना गरिदिनु भएको थियो । स्कूल र बाखा चराउने ठाउँ एकैतिर भएकाले स्कूल नगई दिनभर साथीसँगै बसेर घर फर्कने गर्दथे ।*

व्यक्तिगत अध्ययन बाह्रकी विष्णु वि.क. भन्छिन्: *बुबाले स्कूल भर्ना गरिदिए पनि आमाले हात साहराको आस गर्ने र धेरै साथी स्कूल नजाने हुँदा धेरै पटक भर्ना गरिदिए पनि स्कूल गईन* । साथै उनका बुबा आमा र समाजमा पनि पढाइको विकल्प छैन भन्ने सोच विकास नभएकाले पढाइमा जोड गरेका देखिदैन ।

यसरी उनीहरूमा ठूला व्यक्तिले भनेको ठिक होला भन्ने प्रकृतिले धेरैले स्कूल जान जोड नै गरेनन् भने केहीले आफ्ना साथीसँग सँगै रहन रूचिका कारण पनि स्कूल छाड्नुले औपचारिक शिक्षा प्राप्त गर्न नसक्नुमा मनोवैज्ञानिक कारण पनि रहेको छ भन्न सकिन्छ ।

## ५.५ धार्मिक कारण

विशेषतः ब्राह्मण समाजमा महिनावारी पूर्व नै विवाह गरिदिएमा चोखो जल खान पाएर पुण्य प्राप्त गर्न सकिन्छ भन्ने धार्मिक मान्यताले स्थान पाएको देखिन्छ । साथै कर्मथलोमा घरेलु काम गर्न जान्नै पर्ने हुनाले स्कूल जान शुरुवात गर्ने समयमा घरेलु काम सिक्ने र केही बुझ्ने समयमा विवाह गर्नुपर्ने परिस्थितिले पनि महिलाहरू औपचारिक शिक्षा लिनबाट बञ्चित हुन परेको छ । साथै प्रायः सबै ब्राह्मण महिलाको विवाह सबैको सानै उमेरमा गरिएको प्राप्त तथ्याङ्कले पनि यसलाई थप पुष्टी गर्न सहज हुन्छ ।

व्यक्तिगत अध्ययन आठकी देउमाया आचार्य भन्छिन्: *बुबा म गर्वमा हुँदा वित्नु भो, दाजु लाटा हुनुहुन्छ, आमाले दुःख गरी हुर्काए पछि आमाले छोरीको चोखो जल खान पाए पुण्य मिल्थ्यो भने पछि मैले पनि आमाको मन दुखाउने चाहना नगरी सानैमा विवाह गरेको थिएँ ।*

## ५.६ पारिवारिक कारण

### ५.६.१जन्मको कारण

सरास्वती आचार्य र राधा आचार्य जेठी सन्तान भएकै कारण भाइ बहिनी हेर्न पर्ने भएका कारण स्कूल जान पाएका थिएनन् तर उनीहरूको भाइ बहिनी स्कूल जाँदा विवाह भई कर्मथलोमा आउन परेको थियो ।

व्यक्तिगत अध्ययन एककी राधा आचार्य भन्छिन्: *त्यतिखेर छिटो बच्चा पाउने गर्दथे र मेरो आमा मेला जाने भएकाले घरमा नै बहिनीहरू हेरेर दिन बिताएँ ।*

### ५.६.२ परिवार संख्या कम हुनु

परिवार सदस्य कम भएमा कमाई कम हुने सोचको अवस्था रहेको उक्त समयमा भाइबहिनी हेर्न घरमा बिरामीको हेरचाह गर्न, घरेलु काममा सघाउनको लागि घरमा नै बस्नु पर्ने बाध्यताले शिक्षा प्राप्त गर्ने अवसर छुटेको देखिन्छ । रनमाया गुरूङ्ग विरामी कुर्न, सरास्वती आचार्य घरमा भाइ बहिनी हेर्न, राधा आचार्य बहिनीहरू हेर्नका लागि घरमा नै बस्नु परेको थियो । साथै नानाश्री तामाङको परिवार संख्या कम भएका कारण आफू घर सहयोगी भई बस्नु परेको र उनका ४ जना साथीहरू जसका घरमा परिवार संख्या धेरै छन् उनीहरू मात्रै स्कूल पढ्न गएकोले परिवार संख्या पनि समस्याको रूपमा देख्न सकिन्छ ।

व्यक्तिगत अध्ययन तीनकी नानाश्री तामाङ भन्छिन्: *दाई भर्ती हुन इन्डिया गएर हराए पछि बाआमाले मात्रै खेत गोठ गर्न नभ्याउने भएर मैले पनि त्यही काम गरेर बस्नुपर्‍यो* । उनी थप्छिन् : *घर आडैको स्कूलमा मेरा ४ जना मात्रै साथी घरमा काम गर्ने व्यक्ति धेरै भएकाले स्कूल गएका थिए ।*

व्यक्तिगत अध्ययन एक्काइसकी रनमाया गुरुङ्ग भन्छिन्: *पढ्ने मौका पाएको थिए दाई र बुबा भर्ती हुनुभएको थियो र दिदीहरू सानै उमेरमा बित्नुभयो त्यही बेला आमा विमार भए पछि स्कूल छोडेर आमाको स्याहार गर्न थालें।*

### ५.६.३ बौद्धिक वर्गको कमी

शिक्षाको अवाश्यकता महसुस गरेर स्कूल स्थापना गरे पनि परिवार भन्दा माथि उठेर छोरीलाई पनि शिक्षा दिनुपर्छ भनी लहर ल्याउने व्यक्ति नहुँदा परम्परागत रूपमा नै उक्त समय व्यतित भएको देखिन्छ। अधिकांश आफ्नो गाउँ भन्दा बाहिर सम्पर्क हुने अवस्था नभएको र त्यस्ता व्यक्तिहरूको कमी भएकाले महिलाहरू औपचारिक शिक्षा प्राप्त गर्नबाट बञ्चित भएका देखिन्छन्।

व्यक्तिगत अध्ययन सातको चन्द्रमाया आचार्य भन्छिन्: *घरमा बुबाले काम गर्ने दुईजना मान्छे राख्नु भएको थियो। म कहिले काही साथीसँग भागेर स्कूल जाँदा बुबाले पिट्ने खाना खान नदिने गरेपछि स्कूल जान छाडे तर पछि सर आएर छोरीलाई स्कूल पठाउनु भनेर भन्दा छोरीलाई स्कूल पठाउने कुरा लिएर म कहाँ नआउनु तर अरू काम जे गर्नु परे पनि म गर्छु भन्नु भएको थियो।*

### ५.६.४ दमनात्मक निर्णय

दमनात्मक निर्णय कुनै एक जना व्यक्तिले कुनै निर्णय सुनाएमा सबैले मान्नै पर्ने बाध्यता रहन्छ भने झैं अधिकांश उत्तरदाताहरू बुबा तथा आमाले भने पछि उक्त कुरालाई सहर्स स्विकार गरी घरमा नै बस्न पुगेको देखिन्छ। यसमा कसैले पनि बुबा आमा विरूद्ध कुनै कुरा गर्ने आँट नै गरेको देखिदैन।

व्यक्तिगत अध्ययन दुईकी राममाया भुजेल भन्छिन्: *बुबा आमा लेकमा गोठ राखी कहिले गोठ र कहिले घर आउनुहुन्थ्यो घरमा हजुरबुबा हजुरआमा बस्नुहुन्थ्यो। उहाँले छोरी भएपछि घरको काम जान्नुपर्छ भन्नुभयो र बुबाआमाले पनि त्यस कुरालाई सजिलै मान्नु भयो।*

## ५.७ द्वन्द्वको कारण

रोजगारीको शिलशिलामा भारतको माणिपुर पुगेकी न्यानुमाया गिरी स्कूल जान पाए पनि त्यहाँका विभिन्न जातिय अस्तित्वको द्वन्द्वबाट स्कूल बन्द हुन पुगेर शैक्षिक विश्राम गर्नुपरेको थियो ।

व्यक्तिगत अध्ययन एघारकी न्यानुमाया गिरी भन्छिन्: त्यहाँ त *नागा, कोकी, मनिपुरे धेरै जातिहरूको लडाईले स्कूल बन्द भएको थियो र बुबा आमा त्यही काम गर्ने भएकाले अन्त गएर पढ्न पाइन र त्यहीं नै खेती किसानी काम गरी दिन काट्न थाले ।*

## ५.८ चेतनाको कमी

प्राय: सबैका गाउँमा शिक्षा दिने उद्देश्यले स्कूल स्थापना गरिएको थियो तर त्यहाँकै व्यक्तिहरूले आफ्ना सन्तानलाई विभिन्न बाहानामा स्कूल जानबाट बञ्चित गरेका छन् । साथै केही व्यक्तिले आफ्ना छोरा छोरी स्कूल पठाए पनि अधिकांश ग्रामीण समाजका व्यक्तिहरू परम्परागत मूल्य मान्यताको संस्कारबाट मुक्त भएको देखिदैन ।

व्यक्तिगत अध्ययन नौ की सरास्वती आचार्य भन्छिन्: *बुबाले आफ्नै जमिनमा ब्रह्म ज्योति पाठशाला खोल्नु भएको थियो तर आमाले घरमा बसेर सहयोग गर्न भनेपछि बुबाले केही बोल्दिनु भएन तर कहिले काहीँ आमालाई थाहा नदिइकन बुबाको पछि लागेर स्कूल जाँदा भने बुबाले केही पनि भन्नु हुन्थेन* ।

व्यक्तिगत अध्ययन तेइसकी सिता आचार्य भन्छिन्: *बाले पढाउने स्कूल आधा घण्टा टाढा भए पनि दाइलाई भर्ना गर्दिनु भयो मलाई घरको काम जान्नु पर्छ भनेर गाली गर्नु भएको थियो* ।

समग्रमा हेर्दा ब्राह्मण समाजमा आर्थिक लैङ्गिक, धार्मिक तत्त्वलाई प्रमुख कारणका रुपमा मान्न सकिन्छ । जनजाती समाजमा लैङ्गिक, आर्थिक र वौद्धिक तत्वलाई प्रमुख कारणका रुपमा मान्न सकिन्छ भने दलित समुदायमा आर्थिक तत्त्व प्रमुख कारणका रुपमा रहेको देखिन्छ ।

माथि उल्लेखित मुख्य-मुख्य कारणले गर्दा ग्रामीण समाजमा औपचारिक शिक्षाबाट धेरै महिलाहरू बञ्चित हुनु परेको देखिन्छ । जसमा आर्थिक स्थिति तथा जिविका निर्वाह गर्ने चलनले त्यहाँको समाज चलेको देखिन्छ । त्यस्तै गरी छोरी भएकै कारण विभिन्न जिम्मेवारी

बहन गर्नुपर्ने स्थितिले पनि उनीहरू शिक्षा आर्जनबाट वञ्चित हुन परेको छ साथै बच्चाहरूलाई दमनात्मक तरिकाले उक्त समाजमा जिउन सिकाउने प्रवृत्तिले पनि उनीहरू शिक्षातर्फ आकर्षित हुन सकेको देखिदैन । तसर्थ के भन्न सकिन्छ भने आर्थिक तथा लैङ्गिक कारणले गर्दा नै महिलाहरू बढी शिक्षा प्राप्त गर्नबाट बञ्चित हुन पुगेका छन् ।

# अध्याय : छ

## प्रौढ शिक्षा प्राप्त गर्दा भोग्नु परेका समस्या र प्रौढ शिक्षाले ल्याएको परिवर्तन

### ६.१ प्रौढ शिक्षा प्राप्त गर्दा भोग्नु परेका समस्याहरू

शैक्षिक स्तर वृद्धि गर्न र साक्षरतालाई शत प्रतिशत पुऱ्याउनका लागि राष्ट्रिय रूपमा लगानी हुँदै आएको छ साथै NGO, INGo ले पनि नेपालको शैक्षिक विकासमा थुप्रै लगानी गरिरहेको छ । यसकारण पनि नेपालमा निरक्षर उन्मुलन गर्न वि.सं. २०१४ बाटै संस्थागत शुरुवात गरिएको छ तर अहिलेसम्मको ६ दशकसम्म महिला साक्षरता ५७.४ प्रतिशत मात्र साक्षर रहेका छन् । जसका लागि निम्नलिखित समस्याहरू यस अध्ययनमा प्राप्त भएका छन् :

### ६.१.१ परम्परागत कृषि पेशा

ग्रामीण समाजमा मुख्यतया कृषि पेशा नै प्रमुख रूपमा रहने हुँदा निरक्षर महिलाहरू नै यसमा बढी सक्रिय हुँदै आएको विभिन्न तथ्याङ्कले देखाउँछ । त्यसैकारण उनीहरूलाई दिनभरको कामको कारण थकाई लाग्ने हुँदा पढ्न गाह्रो हुने तथा गृहकार्य गर्न समय नपाउँदा सिक्नका लागि समस्या भइरहेको देखिन्छ ।

यस सम्बन्धमा व्यक्तिगत अध्ययन तीनकी नानाश्री तामाङ भन्छिन्: *कहिले काहिँ बिहान घरको काम गर्दा पाठ लेख्न नभ्याउँदा कक्षामा उभिनु परेको थियो ।*

व्यक्तिगत अध्ययन चारकी ठाकुर देखि आचार्य भन्छिन्: *दिन भर काम गरेर बेलुका ८ बजे देखि १० बजेसम्म पढ्न गाह्रो हुने र भोलिपल्ट बिहानै उठ्नु पर्दथ्यो ।*

### ६.१.२ वेरोजगारी

बढ्दो वेरोजगारका कारण पढेका युवायुवतीहरू गाउँ छाड्ने प्रवृत्तिले सैद्धान्तिक र व्यावहारिक शिक्षक नपाउँदा राम्रोसँग पढ्नको लागि उत्साह आउन सकेको देखिदैन । साथै पढेका छोराछोरी त बाहिर जानुपर्ने हामीले पढेर के गर्ने भन्ने जस्ता सोचाइका कारण उपस्थिति न्यून भएका छन् । समाजमा वेरोजगारीको स्थितिले शिक्षित वर्ग गाउँमा नबस्ने

तथा आफ्नो व्यक्तिलाई रोजगारी दिने चलनले दक्ष तथा सैद्धान्तिक र व्यावहारिक ज्ञान भएको शिक्षक पाउने कठिनाई पनि समस्याको रूपमा रहेको देखिन्छ ।

यस सम्बन्धमा व्यक्तिगत अध्ययन दशकी उर्मिला गुरूङ्ग भन्छिन्: *पढेका छोराछोरी सबै विदेश जान्छन् हामीले पढेर के गर्ने ?*

व्यक्तिगत अध्ययन सत्रकी जमुना पौडेल भन्छिन्: *नेपालमा जहाँपनि राजनीति गर्ने भएकाले राम्रोसँग पढाउने शिक्षक भन्दा पनि आफ्नो मान्छेलाई जागिर दिने गर्छन् ।*

व्यक्तिगत अध्ययन अठारकी जुठी सुनार भन्छिन्: *गाउँमा आएका कुराहरू सबै टाठा बाठाले आफ्नो मान्छेलाई मात्रै दिन्छन् हामीलाई केही थाहा हुँदैन ।*

### ६.१.३ परम्परागत धारणा

महिलाले पनि पढ्न पाउनु पर्छ भन्ने धारण विकसित हुँदै जाँदा पनि बेलुकामा हिँड्दा डराउनु पर्ने स्थितिले पनि उनीहरूलाई समस्या परेको छ । साथै प्रायः गरी ब्राह्मण समाजमा श्रीमती बाहेक अरूले पकाएको खाना नखाने साथै श्रीमान् भन्दा पहिला श्रीमती/बुहारीले खाना खान नहुने जस्ता सांस्कृतिक कारण पनि कक्षामा सहभागी हुन निकै कठिन भएको कुरा सिता आचार्यको विवरणमा देखिन्छ । साथै महिलाले पछाडि खाना खानु पर्ने, भाँडा माझ्नु पर्ने चलनले पनि उनीहरूलाई पढ्ने समयमा बाधा परेको देखिन्छ ।

व्यक्तिगत अध्ययन पाँचकी चन्द्रकुमारी पौडेल भन्छिन्: *म पढ्न आउँदा सबैले मास्टरनी बन्नी अरे मेर्ने बेलामा के पढ्नु पऱ्यो फक्यामा भनि होच्याउने गर्दथे ।* व्यक्तिगत अध्ययन सातकी चन्द्रमाया भन्छिन्: *म पढ्न जान थाल्दा गाउँलेले श्रीमान्लाई श्रीमती पढाएमा टाउकोमा टेक्छन् भनि कुरा लगाई दिँदा घरमा झगडा परेको थियो तर छोरीले सहयोग गरेर मात्र पढ्न पाएको थिएँ ।* व्यक्तिगत अध्ययन तेइसकी सिता आचार्य भन्छिन्: *बुढाले मैले बाहेक अरूले छोएको नखाने, बुढाभन्दा पहिला मैले भात खान भएन र भाँडा पनि माझ्न पर्दा शुरुका कक्षामा जान पाइन ।* व्यक्तिगत अध्ययन आठकी देउमाया आचार्य भन्छिन्: *पढ्न जाँदा गाउँमा काम गर्न अल्छिले पढ्न हिँडि भन्ने गदर्थे ।*

### ६.१.४ परिवारमा चेतनाको कमी

ग्रामीण समाजमा यस शिक्षाका महत्त्वबारे चेतना नहुँदा महिलाहरू कक्षामा उपस्थित हुन गाह्रो भएको देखिन्छ । साथै रनमाया गुरूङ्ग, जमुना पौडेलका परिवारबाट

पढ्न लगायत बाहिरी समाजमा सहभागी हुनुपर्छ भनेर सहयोग गर्दा उनीहरूलाई समस्या परेको देखिदैन तर अन्य उत्तरदाताका परिवारले पढ्ने भए काम सकेर गए हुन्छ, अब नाम लेख्न जाने पछि किन जानु पऱ्यो भन्ने जस्ता कुराले पनि उनीहरूलाई समस्या परेको देखिन्छ ।

यस सम्बन्धमा व्यक्तिगत अध्ययन एघारकी न्यानुमाया गिरी भन्छिन्: *पढ्न मन भएर के गर्ने श्रीमान्ले नाम लेख्न जाने पछि किन जानुपऱ्यो भन्नुहुन्थ्यो ।*

व्यक्तिगत अध्ययन एककी राधालाई आचार्य भन्छिन्: *शुरुको कक्षामा पढ्न जान्छु भनेर श्रीमान्सँग कुरा गर्दा जाने थिए आफ्नो काम सकेर गए हुन्छ भनेपछि बल्ल पढ्न जान थालेको थिएँ भने पछिल्लो कक्षामा केही सोधिन तर आफ्नो काम सबै गर्नु पर्थ्यो ।*

### ६.१.५ निरन्तर पढाइको अभाव

निरन्तर कक्षा सञ्चालन भएको खण्डमा पढ्ने वातावरण बन्दै जाने साथै पढेका कुरा विर्सने स्थिति आउने थिएन । जसको कारण प्रत्येक कक्षामा पुर्नताजगी मात्रै गर्नुपर्ने स्थितिले पढाइमा थप प्रगती हुन सकिरहेको देखिदैन । जसको कारण सधैँ पुरानै पाठ्यपुस्तक मात्रै पढिरहन परिरहेको छ । साथै घरमा आएर पनि पढ्ने भन्दा पनि उही गृहणी, आमा, बुहारी, किसानी धन्दामा बढी व्यस्त हुनुपर्ने भएकाले पनि पढाइ विर्सने गरेको देखिन्छ ।

व्यक्तिगत अध्ययन नौकी सरास्वती आचार्य भन्छिन्: *पहिला पढेको धरै भुलें र पछि त्यही भुलेको पढाई पढ्न गएको थिएँ । कहिले काहीँ मात्रै कक्षा आउने हुँदा सबै भुलिने रैछ ।*

व्यक्तिगत अध्ययन सत्रकी जमुना पौडेल थप्छिन्: *शुरुमा श्रीमान्ले भारतमा सिकाईँ दिएको धेरै कुरा भुलेको भएर फेरी पढ्न गएको हुँ । एकचोटी पढ्यो भुल्यो र फेरी त्यही पढ्नु पर्ने ।*

### ६.१.६ पुरुषवादी सोच

पुरुषवादी सोचमा पुरुषलाई बढी शक्तिशाली मान्ने गरिन्छ । त्यसै कारणले महिला पुरुषको नियन्त्रणमा रहने गर्दछन् । वि.सं. २०४८ को पहिलो प्रौढ शिक्षाको कक्षामा राती ८

बजे देखि १० बजेसम्म पढ्दा बाहिर खेततिर कतै बत्ती बलेमा कोही पुरुष आएको होकि भनेर सबै डराउने गरेको

प्रतिभाको विवरणमा उल्लेख छ । जसका कारण उनीहरू मनोवैज्ञानिक रूपमा ढुक्क भएर पढ्न पाएका थिएनन् ।

व्यक्तिगत अध्ययन नौकी प्रतिभा आचार्य भन्छिन्: शुरुमा *पढ्न जाँदा श्रीमान्लाई सोध्न पर्ने भएकाले सोध्दा बेलुकामा जान दिनु भएन र पछि साथी घरमा बोलाएर सँगै पढ्न जान्छु भने पछि मात्रै पढ्न जान दिनुभएको थियो ।* अझ थप्दै भन्छिन्: *कक्षामा पढ्दै गर्दा खेत तिर बत्ती बलेको देखेपछि केही पुरुष आएको होकी भनेर कक्षाका सबै डराउँथ्यौं ।*

### ६.१.७ धेरै कामको बोझ

ग्रामीण समाजमा महिलाहरू बिहान टाढाको पानी पधँरो देखि खाना बनाउने, बच्चाको स्याहार, घर सरसफाई, दिनभरको वन, मेलापात र बेलुका खाना बनाउने, भाडा माझ्ने, छोराछोरी सुताउने जस्ता कामले दैनिक रूपमा कामको भार सधैँ उस्तै रही रहने हुनाले उनीहरूलाई पढ्नको लागि समय निकाल्न निकै कठिन हुने र थोरै समयमा उमेर ढल्कदै गएको अवस्थामा पढ्दा छिटो सिक्न र पढेको कुरा सम्झिरहन गाह्रो भएको देखिन्छ ।

व्यक्तिगत अध्ययन विसकी यानुशोभा गुरूङ्ग भन्छिन्: *श्रीमान् घरमा भएर के गर्ने घर व्यवहार सबै आफैँ गर्नुपर्ने, मेलापात जानुपर्ने, बच्चा हेर्नुपर्ने हुँदा कक्षा पढ्दा पनि ध्यान व्यवहार तिरै जाने गर्दछ ।*

व्यक्तिगत अध्ययन चौधकी ओमशोभा गुरूङ्ग भन्छिन्: वि.सं. *२०६० को कक्षामा पहिलो पटक पढ्न जान लाग्दा । श्रीमान्ले काम नगरी खान नपुग्ने हुँदा थाकेको शरिरलाई फेरी किन दुःख दिनुपर्‍यो भने पनि छोरीको सहयोगले पढ्न गएको थिए ।*

व्यक्तिगत अध्ययन दुईकी राममाया भुजेल भन्छिन्: *बिहान घरको काम, दिनमा मेलापात, बन, बेलुका घरकै काम गर्नु पर्ने भएकाले शुरुमा उमेर हुँदा खासै गाह्रो भएन तर पछि पछि भने पढ्न गाह्रो भएको थियो ।*

### ६.१.८ छोराछोरीको हेरचाह

आमा तथा बुहारी भइसकेपछि छोराछोरीको हेरचाहाका साथै विहान तथा बेलुकाको चुलोचौकाको काम उनीहरूले नै गर्नै पर्ने बाध्यताले गर्दा पनि कहिले हतार हतार हुने,

कहिले जान नभ्याउने जस्ता समस्या धेरैमा देखिएको छ । जसमा महिलामाथि पुरुषको नियन्त्रण व्यावहारमा अझै रहेको छ भन्न सकिन्छ । यस सम्बन्धमा रनमाया गुरूङ्ग रामामाय भुजेल, उर्मिला गुरूङ्गलाई घरबाट श्रीमान् र छोराछोरीबाट पूर्ण सहयोग मिलेका कारण नै उनीहरूलाई खासै समस्या नपरेको उनीहरूको विवरणबाट स्पष्ट हुन सकिन्छ ।

यसमा व्यक्तिगत अध्ययन उन्नाइसकी उजेली वि.क. भन्छिन्: *घरमा काहीं नहुँदा कहिले काँही कक्षामा नै बच्चा लिएर जान्थे र बेलुकाको कक्षामा पढ्न जाँदा जेठानीलाई बच्चा सुताउन दिएर पढ्न जान्थें ।*

व्यक्तिगत अध्ययन तेह्रकी पूर्नि तामाङ् भन्छिन्: सासुलाई बच्चा सुताउन दिएर पढ्न जाँदा भने सजिलो भएको थियो ।

### ६.१.९ छोराछोरीको भविष्यप्रति चिन्ता

परिवारका अन्य सदस्यले घरेलु काम नगरिदिने हुनाले र छोराछोरीको पढाइ बिग्रन्छ कि भनेर सबै काम सकेसम्म आफैंले गर्नुपर्नै बाध्यता पनि महिलाहरूको लागि समस्याको विषय बन्न पुगेको हो । यस सम्बन्धमा सिता आचार्य, जगनशोभा गुरूङ्ग, सरस्वती आचार्य लगायतले उक्त कुरालाई स्पष्ट पारेका छन् ।

व्यक्तिगत अध्ययन तेइसकी सिता आचार्य भन्छिन्: *हाम्ले त पढ्न पाइएन छोराछोरीलाई काम गर्न दिएर हामी पढ्न जाँदा उनीहरूको पढाइ बिग्रन्छ की भनेर घरेलु काम आफैँ गरेर जाने कोशिश गर्थें।*

व्यक्तिगत अध्ययन नौ की सरस्वती आचार्य भन्छिन्: *पढ्न जाँदा श्रीमानले केही नभने पनि छोराछोरीको पढाइ बिग्रन्छ कि भनेर सबैकाम आफैँ सकेर पढ्न गएकी थिएँ ।*

### ६.१.१० पारिवारिक सहयोग नहुनु

परिवारबाट बाहिर राम्रा र मीठा कुरा गरेपनि उनीहरूले सहभागी महिलालाई हौसला नदिंदा खाना बनाउन बच्चाहरूलाई हेरचाह, जस्ता काममा सहयोग नगरिकन केवल काम गर्नुपर्ने व्यावहार, गरिदिनाले पनि उनीहरूमा पढ्नेको लागि समस्या देखिएको छ ।

यसमा व्यक्तिगत अध्ययन बाह्रकी विष्णु वि.क. भन्छिन्: *पढ्न नजानेको भएर सासुले प्रौढ शिक्षामा नाम लेखाउनु भयो तर घरेलु काममा सहयोग नगरेकाले सबै काम भ्याएरै जाँदा गाह्रो भएको थियो ।*

व्यक्तिगत अध्ययन तेइसकी सिता आचार्य भन्छिन्: *बुढा शिक्षक भए पनि पढ्न जाँदा घर भित्रको काम सबै भ्याएर जानु पर्थ्यो ।*

### ६.१.११ बत्तिको राम्रो व्यवस्था नहुनु

ग्रामीण समाजमा महिलाहरू धुलो धुँवासँग जीवन गुजार्नु पर्ने बाध्यताले उनीहरूको आँखा छिटो नै कमजोर हुने हुनाले बेलुकामा उक्त किताबको अक्षर चिन्न नसक्दा साथै आवश्यक बत्तिको उपलब्धता नहुँदा पनि उक्त समस्या देखा परेको देखिन्छ । यस सम्बन्धमा अधिकांश उत्तरदाताहरू सहमत रहेको देखिएका छन् ।

व्यक्तिगत अध्ययन दशकी उर्मिला गुरूङ्ग भन्छिन्: *बेलुकामा पढ्दा अक्षर चिन्न गाह्रो भएकाले छोरीले चस्मा किनेर ल्याइदिएकी थिई ।*

व्यक्तिगत अध्ययन आठकी देउमाया आचार्य भन्छिन्: *हामीलाई धुँवा धुलोमा नबसी हुँदैन त्यसैले आँखा छिटो कमजोर हुन्छ र अक्षर चिन्न गाह्रो हुन्छ । बत्ती पनि नआउने र अरू बत्तीमा पढ्न गाह्रो हुन्छ।*

व्यक्तिगत अध्ययन पन्ध्रकी मिश्री तामाङ भन्छिन्: *बिहान घरको काम गर्नु पर्ने, बेलुका बत्ती नआउने भएकाले दिउँसो ४ बजेबाट ६ बजेसम्म कक्षा सञ्चालन गर्दा कसैले पनि बिहान वा बेलुकामा कक्षा सञ्चालन गरे हामी पनि पढ्थ्यौं भनेर भन्न आएनन् ।*

### ६.१.१२ सिक्नु पर्छ भन्ने धारणामा कमी

गाउँमा कक्षा सञ्चालन भए तापनि पढ्न आउन आग्रह गर्दा पनि पढ्न नआउने, विचैमा छाड्ने, नियमित नहुने जस्ता प्रवृत्तिले गर्दा न्यून संख्या भएको र त्यसपछि शिक्षकले पनि राम्रोसँग मन लागएर नपढाउँदा चाहाना अनुरूप सिक्नका लागि समस्या देखिएको छ । यसमा चन्द्रकुमारी पौडेल भन्छिन्:*पढ्न कक्षामा आउँदा मास्टर नी बन्नी अरे भनी होच्याउने गर्दथे ।*

व्यक्तिगत अध्ययन आठकी देउमाया आचार्य भन्छिन्: *घरबाट बल्ल बल्ल पढ्न जान दिँदा पनि छिमेकीहरू काम गर्नको अल्छीले पढ्न गई भन्थे ।*

व्यक्तिगत अध्ययन एघारकी न्यानुमाया गिरी भन्छिन्: *आफ्नो नाम लेख्न जाने पछि किन पढ्न जानु पर्‍यो भनेर श्रीमान्ले भन्दा पढ्न जान अप्ठ्यारो परेको थियो ।*

व्यक्तिगत अध्ययन अठारकी जुठी सुनार भन्छिन्: *पहिला चिठी पढ्न हिसाव राख्न नसक्दा होच्याएर बोलेका बुढा अहिले पढ्न जान लाग्दा घरेलु काम र खेती नै गर्नु पर्छ भनी जोड गरेका थिए तर घर धन्दा भ्याएर पढ्न जाने गर्दथें ।*

### ६.१.१३ कक्षा शिक्षकको घरमा सञ्चालन गर्नु

खास गरी सबै सहभागिलाई पायक पर्ने ठाउँमा कक्षा सञ्चालन गर्नुपर्ने नीति भए तापनि शिक्षकले आफ्नै घरमा कक्षा सञ्चालन गर्ने कारणले सहभागी आउँदा शिक्षकले घरको काम नै नसक्ने अवस्था, छोराछोरी भुलाउँदै पढाउने अवस्थाले पनि सहभागीमा उत्साह घटेकोले यो पनि एउटा समस्याको रूपमा रहेको देखिन्छ ।

यसमा व्यक्तिगत अध्ययन दुईकी राममाया भुजेल भन्छिन्: *घरमा पढाउँदा हामी पढ्न जाँदा पनि शिक्षक कहिले घर धन्दा गर्दै हुने र हामी त्यसै केही समय बस्नुपर्ने र कहिले बच्चा साथमै लिएर पढाइदिने गर्दा राम्रोसँग पढ्नै पाइदैन ।*

### ६.१.१४ समयसापेक्ष पाठ्यक्रम एवम् पाठ्यपुस्तक निर्माण तथा परिमार्जन नहुनु

पाठ्यक्रममा नेपाली अक्षर र अङ्क समावेश गरिए पनि उक्त पाठ्यक्रम प्रौढ शिक्षाको शुरूको अवस्थाबाट अहिलेसम्म पनि परिवर्तन गरिएको छैन । द्रुत गतिमा परिवर्तनशील यो समाजमा मानिसको आवश्यकता र चाहाना पनि परिवर्तन भइरहेको हुन्छ जसका कारण हाल ग्रामीण समाजमा पनि अङ्ग्रेजी अङ्क र अक्षरको दैनिक प्रयोगमा बृद्धि भइरहँदा पुरानै पाठ्यक्रमले उनीहरूको समस्या समाधान गर्न नसक्दा निरासा बढेको देखिन्छ । साथै पाठ्यक्रम अङ्क र अक्षर चिनाउनमा नै केन्द्रित भएकाले अन्य सिप लिनको लागि छुट्टै तालिम लिनुपर्ने बाध्यताले पनि कृषिको नयाँ उत्पादन प्रणालीमा टेवा पुऱ्याउन पनि उक्त पाठ्यक्रमले प्रत्यक्ष प्रभाव पार्न सकेको देखिदैन । जसका कारण महिलाहरू आत्मनिर्भर बन्न गाह्रो परिरहेको छ ।

व्यक्तिगत अध्ययन एघारकी मिश्री तामाङ भन्छिन्: *दुई छोराहरू जापानमा छन् । उनीहरूको फोन मोवाइमा आउँछ र कुराकानी हुन्छ । मलाई फोन गर्न आवश्यक परेमा अरूको सहयोग लिनुपर्छ ।*

व्यक्तिगत अध्ययन सातकी चन्द्रमाया आचार्य भन्छिन्: *पढ्न गए पनि बत्तीको विल हेर्ने, आफूसँग भएको मोवाइल चलाउन अरूको भर नपरी हुँदैन । कहिले काहिं त उही पाठमात्रै पढ्दा दिक्क लाग्छ ।*

व्यक्तिगत अध्ययन एककी राधा आचार्य भन्छिन्: *पढेर स्वयं सेवक भए पनि बत्तीको बील हेर्न, मोबाइल चलाउन आउँदैन तर तरकारी तालिम लिन भने केही सहयोग भएको छ ।*

व्यक्तिगत अध्ययन तीनकी नानाश्री तामाङ भन्छिन्: *त्यत्रो दुःख गरेर पढ्यो मोबाइल उठाउन बाहेक अरू कार्य गर्न आउँदैन, बत्तीको बिल बुढाले हेर्नुहुन्छ तर पनि पि.डि.डि.पी जस्ता तालिममा केही सहयोग भएको छ ।*

### ६.१.१५ शिक्षकको भूमिका

पढाउने शिक्षक सहभागीहरूको उमेर मिल्दो नहुँदा सिकारूको रूचि अनुसार व्यावहार गर्न र पढाउन सकेको देखिदैन । केही चोट परेर पढ्न आउने भएका कारण उनीहरूलाई त्यही अनुसार व्यवहार नगर्दा दुःख लागेको विष्णु वि.क. ले बताएकी छिन् । साथै शिक्षकले आफ्नो नाम ठेगाना मात्रै लेख्न जोड गरेकाले अङ्क र अन्य पक्षको ज्ञान हासिल गर्न नपाएको देखिन्छ । साथै जान्ने व्यक्तिलाई मात्र जोड दिएका कारण कम जान्नेलाई उत्साह घटेको पनि देखिन्छ ।

व्यक्तिगत अध्ययन  बाह्रकी विष्णु वि.क. भन्छिन्: *केही चोट परेर पढ्न जाँदा पनि त्यो भावना बुझेर पढाउँदैनन् खाली कोर्स सक्ने काम मात्रै गर्दछन् ।*

व्यक्तिगत अध्ययन विसकी यानुशोभा गुरूङ्ग भन्छिन्: *शिक्षकले अङ्क भन्दा अक्षरलाई मात्र जोड दिएर पढाउँछन् र नाम ठेगाना लेख्नलाई मात्र बढी जोड गरेकाले अरू जानेको छैन।*

### ६.१.१६ भाषिक समस्याः

आफ्नो मातृभाषामा हुर्केर आएका जनजातिहरू नेपाली भाषाका पाठ्यक्रममा रहेका पुस्तक पढ्दा सिक्न निकै कठिन भएको कुरा प्रायः सबै जनजातीको धारणा रहेको छ र उनीहरूलाई पढेपछि नेपाली भाषा बोल्न अलि सहज भएको छ ।

यस सम्बन्धमा व्यक्तिगत अध्ययन पन्ध्रकी मिश्री तामाङ भन्छिन्: *खस भाषामा पढ्न निकै गाह्रो भो तर अहिले बाहिरबाट आउने पाहुनासँग खस भाषामा राम्रोसँग बोल्न, कुरा बुझ्न र बुझाउन सजिलो भएको छ ।*

त्यस्तै व्यक्तिगत अध्ययन तीनकी नानाश्री तामाङ भन्छिन्: *शुरुमा खस भाषा पढ्दा निकै गाह्रो भए पनि केही जाने पछि विभिन्न कार्यालय खोज्न र उनीहरूसँग खस भाषामा कुरा गरी गाउँको विकासको लागि पैसा जुटाउन सफल भएँ ।*

### ६.१.१७ श्रम विभाजन

बुबाले तथा श्रीमान्ले घरमा निर्णय गर्ने र महिलाहरू त्यसको पालनकर्ता हुने साथै पुरुष घरबाहिरको सामाजिक काममा बढी सम्लग्न हुने र महिलाहरू घरेलुकाम, आमा, बुहारीको भूमिका निर्वाह गर्नुपर्ने भएकाले पनि उनीहरूलाई कक्षामा सहभागी हुन कठिन परेको छ ।

यस सम्बन्धमा व्यक्तिगत अध्ययन बाह्रकी विष्णु वि.क. भन्छिन्: *सासूले नाम लेखाइ दिए पनि बुहारी भएर खान बनाउने, छोराछोरी हेर्ने, घर सफा गर्ने काम गर्नुपर्ने भएकाले नियमित जान कठिन भएको थियो ।*

माथि उल्लेखित विविध समस्याहरूले गर्दा ग्रामीण समाजका महिलाहरूले प्रौढ शिक्षा राम्रोसँग प्राप्त गर्न सकेका देखिदैन । जसमा मुख्यतया जिविका निर्वाहमा महिलाको प्रमुख भूमिका, महिलाले गर्नुपर्ने अधिक श्रम तथा श्रम विभाजन नै प्रमुख समस्या रहेको देखिन्छ । यसमा परिवारको महिला माथि गरिने विभेदपूर्ण व्यावहार नै महिलाको प्रमुख समस्या हो भन्न सकिन्छ । साथै परिवारको सहयोगमा नै उक्त समस्या समाधान हुने देखिन्छ ।

## ६.२ साक्षरता शिक्षाले ग्रामीण समाजका महिलामा ल्याएको परिवर्तन

प्रौढ शिक्षा महिला विकास र सशक्तिकरणको एउटा माध्यम हो । जसले महिलाहरूलाई पुरुष सरह सहभागिता, अवसर, निर्णय तहमा पुऱ्याउन सहयोग गर्दछ । वर्तमान परिवर्तित समाजमा धुलमिल हुनको लागि पनि प्रौढ शिक्षाले महत्त्वपूर्ण भूमिका

खेलेको हुन्छ । त्यसैले प्रौढ शिक्षाले ग्रामीण समाजका महिलाहरूमा निम्न पक्षमा परिवर्तन ल्याएको देखिन्छ :

### ६.२.१ सामाजिक परिवर्तन

सामान्य लेखपढ गर्न सक्ने भएकै कारण महिला स्वास्थ्य स्वयम् सेविका भई सामाजिक सेवामा अग्रसर भएका देखिन्छन् । आधुनिकिकरणको क्रमसँगै व्यक्तिको स्तर नाप्ने एउटा तत्त्व शैक्षिक स्थिति पनि एक हो । त्यसकारण यो एउटा प्रतिष्ठाको विषय बनेकाले साक्षर हुनु राम्रो मानिदै आएको छ । त्यसैकारण अहिले उनीहरू आफ्नो नाम, ठेगाना, सामान्य चिठी पत्र पढ्न लेख्न सक्ने भएकाले निरक्षर व्यक्तिको तुलनामा आफूलाई तालिममा कार्यक्रममा सहभागी हुँदा सबैले राम्रो मानेका थिए । जसले गर्दा आफूलाई सजिलो भएको अनुभव पनि गरेका छन् । साक्षरतामा सहभागी महिलाहरू धरधन्दा बाहेक सामाजिक कार्य एव्म विभिन्न समूह, संघ सस्थाहरूमा सम्लग्न हुने थालेको देखिन्छ । त्यस्तै परम्परागत रूपमा रहेको महिला माथिको कुरीतिलाई पनि विस्तारै छाड्न थालेका देखिन्छन् । जसको कारण उनीहरू घरबाहिर पनि निस्कन थाली सकेका छन् ।

व्यक्तिगत अध्ययन एककी राधा आचार्य भन्छिन्: *समान्य लेखपढ गर्न सकेकै भएर महिला स्वास्थ्य स्वयं सेविकामा आमा समूहले नाम दिएका हुन् र अहिले यो सेवामा लाग्दा सबैले राम्रो मानेका छन् ।*

व्यक्तिगत अध्ययन पाँचकी चन्द्रकुमारी पौडेल भन्छिन्: *पहिला होच्याएर भन्ने व्यक्ति अहिले ल्याप्चे लगाउँदा र आफूले सही गर्दा सबैले राम्रो मानेका छन् ।*

व्यक्तिगत अध्ययन तेह्रकी पूर्नि तामाङ भन्छिन्: *धेरै कुरा भूले पनि समाजमा जाँदा साक्षर व्यक्ति हो भनिदिँदा खुशी लाग्छ ।*

व्यक्तिगत अध्ययन चौधकी ओमशोभा गुरूङ्ग भन्छिन्: *पैसाले गरिब भएनि समाजमा जाँदा धनीले जस्तै सहि गर्दा उनीहरू सरहको हुन पाउँदा खुशी लागेको छ ।*

### ६.२.२ मनोवैज्ञानिक परिवर्तन

शुरुमा श्रीमान्सँग अनुमति मागेर पढ्न जान शुरु गरेका महिलाहरू पछिल्ला कक्षाहरूमा स्वतस्फूर्त रूपमा जाने आत्मवल मिलेको देखिन्छ । त्यस्तै विभिन्न तालिम कार्यक्रममा जाँदा अरू सरह हस्ताक्षर गर्न सक्दा त्यस्तै अन्य कार्यक्रममा सहभागी हुन कुनै

अप्ठ्यारो मान्न परेको देखिदैन । साथै सामाजिक विकासका कार्यक्रम प्रति सकारात्मक धारणा विकास भएको देखिन्छ । त्यस्तै गरी वर्तमान समयका बुहारीहरू पनि पढ्न लेख्न नजान्ने भन्ने खालका कुराबाट विचलित हुन नपरेको साथै आफ्ना कुरा ढुक्कसँग राख्न सक्ने भएको देखिन्छ ।

व्यक्तिगत अध्ययन एककी राधा आचार्य भन्छिन्: *घरमा कसैले आफूलाई दबाउने कुरा गरेमा पाठमा पढेका कथा भन्दिने गर्थें र उनीहरू चुपचाप बस्थे*।

व्यक्तिगत अध्ययन आठकी देउमाया आचार्य भन्छिन्: *कुनै कार्यक्रममा जाँदा श्रीमान्ले घरको काम कस्ले गर्छ भन्दा हामी पनि बाहिरको कार्यक्रममा जान पाउनुपर्छ भनी जाने गरेकी छु ।*

व्यक्तिगत अध्ययन पन्ध्रकी मिश्री तामाङ भन्छिन्: *अब अङ्ग्रेजी अङ्क अक्षर पढाउने कक्षा आएमा पढन जान अझै जोस आउँथ्यो ।*

व्यक्तिगत अध्ययन उन्नाइसकी उजेली वि.क. भन्छिन्: *अङ्क अक्षर जान्न नपाउँदा छोराछोरीलाई होमवर्क गराउनै सकेकी छैन । त्यस्तो पढाइ आएमा पढ्ने थिएँ ।*

### ६.२.३ समानतामा ल्याएको परिवर्तन

प्रौढ शिक्षाका कक्षामा सहभागी हुन भन्दा पहिले घरेलु काम बाहेक अरू काम नगरेका महिलाहरू आफ्नो हक अधिकार खोज्न थालेका देखिन्छन् ।

व्यक्तिगत अध्ययन आठकी देउमाया आचार्य भन्छिन्: *आमा समूहको मिटिङमा जाँदा श्रीमान्ले परेको काम कस्ले गर्छ भन्दा हामी पनि बाहिरको कार्यक्रममा जान पाउनु पर्छ भनि जाने गरेकी छु*।

व्यक्तिगत अध्ययन दुईकी राममाया भुजेल भन्छिन्: *समाजमा सामूहिक पहिचानको लागि आमा समूहमा लागेकी हुँ* र गाउँ विकास समितिमा उमेदवारी दिई विजय भएका काम गर्ने मौका पाएकी थिएँ ।

व्यक्तिगत अध्ययन नौकी सरास्वती आचार्य भन्छिन्: *पुरुषले जस्तै समाजमा महिलाले पनि केही योगदान दिन सकिन्छ भनेर आमा समूहमा लागेकी हुँ र गाउँ विकास समितीमा उमेद्वारी दिई विजय भएर काम गर्ने मौका पाएकी थिएँ ।*

### ६.२.४ अवसर प्राप्तिमा ल्याएको परिवर्तन

जसमा महिलाहरू गा.वि.स. समितिमा सदस्य भई काम गर्नु, पि.डि.डि.पी. को अध्यक्ष कोषध्यक्ष भइ काम गर्नु, आमा समूह गठन गरी पुरुष सरह समाजलाई योगदान दिन अवसर प्राप्त गर्नु जस्ता कुराले महिलामा क्षमतामा वृद्धि भएको देख्न सकिन्छ ।

व्यक्तिगत अध्ययन नौकी सरास्वती आचार्य भन्छिन्: *सामान्यले लेखपढ गर्न सकेकै भएर गा.वि.स. मा उमेदवार उठी निर्विरोध निर्वाचित भएँ, पि.डी.डि.पी को अध्यक्ष भएँ र अहिले गा.वि.स. स्तरीय महिला विकास कार्यक्रमको अध्यक्ष भई काम गर्ने मौका पाएकी छु* ।

व्यक्तिगत अध्ययन  एक्काइसकी रनमाया गुरूङ्ग भन्छिन्: *सामान्य लेख पढ् गर्न सकेकै भएर महिला स्वास्थ्य स्वयं सेविका हुन पाएँ र अहिले विभिन्न कार्यक्रममा सहभागी भएर त्यही कुरा मेरा गाउँका साथीलाई सिकाउन पाउँदा मन ज्यादै खुशी भएको छ ।*

व्यक्तिगत अध्ययन सत्रकी जमुना पौडेल भन्छिन्: *शुरुमा सासुले पढ्न नदिए पनि श्रीमान्ले सिकाइदिए पछि मसाल पार्टीमा लागेर महिला अधिकारको लागि धेरै पुरुषहरूलाई पनि कारबाही गर्न पाएँ* उनि थप्छिन् : *नेपालमा आएपछि विभिन्न कार्यक्रममा पढ्ने कुरा आफै मागेर पढ्न शुरु गरेपछि जुन कार्यक्रममा गए पनि अरूले पढ्ने कुरा दिने र अगाडि गएर बोल्न मौका दिन थालेका छन् ।*

### ६.२.५ आर्थिक परिवर्तन

यस शिक्षाले कक्षामा आर्य आर्जन सम्बन्धी कुनै सिप नसिके पनि कक्षामा सिकेको ज्ञानले अन्य व्यवसायिक तालिममा सहभागी हुन सजिलो भएको देखिन्छ । प्राय गरी न्यून आर्थिक स्थिति भएका व्यक्तिहरूको वचत र गर्न आर्थिक क्रियाकलापमा पहुँच पुऱ्याइ ग्रामीण समाजमा महिलाको विकास गर्न थालेका वैङ्कमा हस्ताक्षर गर्न सकेकै भरमा त्यसमा आवद्ध हुन पाएका छन् । जसमा हस्ताक्षर गर्न सक्ने गरिब आफ्नो साथीको सहयोगमा ऋण झिकेर आफ्नो समस्या समाधान गर्न सजिलो भएको छ । यसमा पसेर उजेली वि.क.ले आफ्ना श्रीमान्को ठेकेदारी पेशामा लगानी गरेकी छिन् । त्यस्तै त्यसमा सम्लग्न हुनको लागि मात्र चन्द्रकुमारी पौडेल प्रौढ शिक्षा पढ्न थालेकी थिइन् । त्यस्तै गरी सामान्य लेखपढ गर्न सक्ने भएकै कारण तरकारी खेती तालिम, बाखा पालन आदिमा केही न केही धेरै ज्ञान

लिन सकेका थिए र त्यसबाट परम्परागत कृषिलाई आधुनिक तरिकाले खेती गर्ने प्रयासमा जुटेका देखिन्छन् । जसले गर्दा पढाइले केही हदसम्म सहयोग गरेको देखिन्छ ।

व्यक्तिगत अध्ययन पाँचकी चन्द्रकुमारी पौडेल भन्छिन्: *बुहारीको सल्लाहामा छिमेकी बैङ्कमा पस्न जाँदा नाम लेख्न जान्नै पर्ने भएकाले प्रौढ शिक्षाका कक्षामा पढ्न थाले र भविष्यको सजिलोका लागि पैसा जम्मा गर्न थालेकी छु।*

व्यक्तिगत अध्ययन उन्नाइसकी उजेली वि.क. भन्छिन्: *आफ्नै साथी पैसा नभएकाहरूले सहि गरिदिएर दुई पटकसम्म ५०/५० हजार झिकी बुढाको घर बनाउने ठेक्कामा लगानी गरेकी छु ।* उनी थप्छिन् : *यसले कसैको ढोकामा चर्को व्याजमा पैसा माग्न जान परेन । यसैमा खुशी लाग्छ ।*

व्यक्तिगत अध्ययन दुईकी राममाया भुजेल भन्छिन्: *पैसा कमाउने तरिका त पढ्न पाइएन तर नपढेका भन्दा केही फाइदा तरकारी तालिमबाट मैले लिनको सकेकी छु।*

### ६.२.६ बौद्धिक परिवर्तन

आफ्नो व्यक्तिगत हिसाब राख्न सजिलो भएको, घरमा फेला परेका कागज पत्र राख्ने कि फाल्ने भन्ने बारेमा अरूको भर पर्न नपरेको, छोरा छोरीलई घरमानै अक्षर चिनाउन, दुना पठाउन सजिलो भएको, जग्गा बेच्दा तमसुकमा के कति लेखेको छ भनी हेरेर ढुक्कले सही गर्न, साइन बोर्ड हेर्न, बस नं. हेर्न जस्ता विषयमा सहज बनाएको देखिन्छ । साथै जनजाती महिलाहरूमा खस भाषा बुझ्न र बोल्न सहयोग भएको देखिन्छ ।

व्यक्तिगत अध्ययन बाइसकी विष्णु परियार भन्छिन्: *घरमा बच्चालाई मजाले दुना सिकाउँथे।*

व्यक्तिगत अध्ययन छकी प्रतिभा आचार्य भन्छिन्: *घरमा फेला परेका कागज राख्ने कि फाल्ने भन्ने कुरामा निर्णय गर्न सजिलो भएको छ।*

व्यक्तिगत अध्ययन एक्काइसकी रनमाया गुरूङ्ग भन्छिन्: *घरमा छोरीले अङ्ग्रेजी अङ्क अक्षर सिकाइदिएर मोबाइल चलाउन, बिल हेर्न, सजिलो भएको छ ।* उनी अझ थप्छिन् : *बसको नम्बर हेरेपछि गाडीमा सामान पढाउँन सजिलो भएको छ।*

व्यक्तिगत अध्ययन सोह्रकी राममाया तामाङ भन्छिन्: *छोराछोरीसँग अङ्ग्रेजी अङ्क अक्षर सिकेपछि बिल हेर्न श्रीमान्ले पैसा पठाएका नम्बर टिप्न, बैङ्क खोजेर पैसा झिक्न सजिलो भएको छ।*

व्यक्तिगत अध्ययन दुईकी राममाया भुजेल भन्छिन्: *छोराले बैङ्क मेरो नाममा पैसा पठाउँछ । अलि अलि लेखपढ् गर्न नसकेको भए एउटा कसैलाई सबै खर्च तिरेर लिएर गई पैसा झिक्नु पर्थ्यो की* अरुको नाममा पैसा पठाउनु भन्नु पर्थ्यो ।

व्यक्तिगत अध्ययन पन्ध्रकी मिश्री तामाङ भन्छिन्: *खस भाषा बोल्न र लेख्न सजिलो भएकाले बाहिरबाट आउने मान्छेसँग कुरा गर्न, स्वागत गर्न सजिलो भएको छ ।*

माथि उल्लेखित बुँदामा उल्लेख भए अनुसार ग्रामीण समाजमा महिलाहरूको जीवनमा सकरात्मक परिवर्तन ल्याउन प्रौढ शिक्षाले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । तसर्थ यो भन्न सकिन्छ कि ग्रामीण समाजका महिलाहरूलाई सशक्तिकरण गर्न प्रौढ शिक्षाको भूमिका महत्त्वपूर्ण रहेको छ ।

# अध्याय : सात

# सारांश प्राप्ति निष्कर्ष र सुझाव

## ७.१ सारांश

कास्की जिल्ला सार्दीखोला गा.वि.स वडा नं. १ मा प्रौढ शिक्षाले ग्रामीण समाजका महिलाहरूमा ल्याएको परिवर्तन शीर्षकमा ग्रामीण समाजमा महिलाहरू औपचारिक शिक्षा प्राप्त गर्न नसक्नाका कारणहरू पत्ता लगाउने प्रौढ शिक्षा प्राप्त गर्दा ग्रामीण समाजका महिलाहरूले भोग्नु परेका समस्याको खोजी गर्दै प्रौढ शिक्षाले उनीहरूमा ल्याएको परिवर्तन सम्बन्धी विश्लेषण गर्ने उद्देश्य राखी अध्ययन गरिएको छ ।

विशेष गरी शैक्षिक उद्देश्य पुरा गर्नको लागि सीमित स्रोत साधनमा गरिएको अध्ययन हो । यसमा सैद्धान्तिक रूपमा उत्पादन प्रणाली, आधार संरचना उपरी संरचना, सामाजिकीकरण र लैङ्गिक तथा महिलावादी सिद्धान्तमा केन्द्रित रहेर पूरा गरिएको छ साथै यस सम्बन्धमा प्राप्त विभिन्न सन्दर्भहरूलाई साहित्यको रूपमा समिक्षा गर्दै यो अध्ययन गरिएको छ ।

विभिन्न सन्दर्भका साहित्यहरुको अध्ययन गर्दा कक्षागत अवलोकन गरी कति सहभागी भए, कति सहभागी भएका छैनन् तथा उक्त कार्यक्रमको प्रभाव कस्तो रह्यो भन्ने विषयमा मात्र केन्द्रित रहेकोले यस शोधपत्रमा औपचारिक शिक्षा प्राप्त गर्न नसक्नाको कारण, प्रौढ शिक्षा पढ्दा भोग्नु परेका समस्या र त्यस शिक्षाले ल्याएको परिवर्तनको बारेमा महिलालाई मात्र केन्द्रित गरी उक्त सिद्धान्तबाट अध्ययन गरिएको छ ।

यस अध्ययनमा अन्वेषणात्मक तथा वर्णनात्मक अनुसन्धान ढाँचा अपनाइएको छ । यसका लागि कास्की जिल्ला सार्दीखोला गा.वि.स. वडा नं. १ लाई अध्ययन क्षेत्रको रूपमा लिइएको छ । यसमा प्रौढ शिक्षामा सहभागी भइसकेका १९३ महिला मध्येबाट जातिगत विविधता र उमेरगत विविधतालाई आधार मानि २३ जनालाई उद्देश्य मुलक विधीबाट नमुनाको छनौटको रूपमा लिइएको छ । यस अध्ययनमा गुणात्मक तथ्याङ्क संकलनको लागि मुख्य रूपमा वैयक्तिक अध्ययन विधि अपनाइएको छ भने सहायक रूपमा अवलोकन र मुख्य सूचनादाता विधि पनि अपनाइएको छ । जसबाट प्राथमिक तथ्याङ्कको प्रयोग गरिएको छ । यस प्राप्त गुणात्मक तथ्याङ्कलाई वर्णनात्मक एवम् विश्लेषणात्मक तरिकाले व्याख्या गरिएको

छ । जस अन्तर्गत उद्देश्य अनुसारको शीर्षमा कारण, समस्या र परिवर्तन सम्बन्धी विश्लेषण गरिएको छ ।

ग्रामीण समाजका महिलाहरुले औपचारिक शिक्षा प्राप्त गर्न नपाउनाका कारणमा परम्परागत कृषि प्राणाली, न्यून आर्थिक अवस्था, लैङ्गिक कारण, सामाजिक सांस्कृतिक कारण, धार्मिक कारण जस्ता कारणहरु रहेका देखिन्छ भने प्रौढ शिक्षा पढ्दा महिलाहरुले भोग्नु परेका समस्याहरुमा परम्परागत कृषि, धेरै कामको बोझ, श्रम विभाजन, महिलाहरु गृहणी, आमा, श्रीमती जस्ता भूमिका निर्वाह गर्नुपर्ने आदि रहेका देखिन्छ । यस शिक्षाले ग्रामीण समाजका महिलाहरुमा सामाजिक प्रतिष्ठा बढाउन, उत्पादन शैलीमा परिवर्तन गरी आर्थिक लाभ गर्ने तरिकामा परिवर्तन गर्न, वौद्धिकतामा परिवर्तन जस्ता पक्षमा परिवर्तन ल्याउन सकेको देखिन्छ ।

## ७.२ प्राप्ति

वैयक्तिक अध्ययन विधि मुख्य रुपमा प्रयोग गरिएको साथै अवलोकन र मुख्य सुचनादाता विधिबाट प्राप्त भएका गुणात्मक तथ्याङ्कलाई विश्लेषण गर्दा प्राप्त भएका प्राप्तिहरुलाई निम्न बुँदामा उल्लेख गरिएको छ :

- ग्रामीण समाजमा अधिकांशको जिविका भनेको परम्परागत कृषि उत्पादन नै प्रमुख भएकाले बुबा आमाले त्यसमा नै जोड दिने गरेकाले उनीहरू स्कूल जान वञ्चित भएको पाइयो ।
- विशेषत : आमाको सहयोगीको रुपमा छोरीलाई राख्ने गरिएकाले स्कुल जान वञ्चित भएको पाइयो ।
- बढ्दो वेरोजगारका कारण पढेका युवायुवतीहरू गाउँ छाड्ने प्रवृत्तिले सैद्धान्तिक र व्यावहारिक शिक्षक नपाउँदा राम्रोसँग पढ्नको लागि उत्साह आउन नसकेको पाइयो ।
- छोरीले पढेमा बिग्रने भन्ने खालका परम्परागत धारणाले स्कूल जानबाट वञ्चित भएको पाइयो ।

- ब्राह्मण समाजमा महिनावरी पूर्व नै विवाह गरिदिएमा चोखो जल खान पाएर पुण्य प्राप्त गर्न सकिन्छ भन्ने धारणाले प्रश्रय पाउँदा सबैको सानै उमेरमा विवाह गरिदिएका कारण स्कूल जानबाट वञ्चित भएको पाइयो ।
- जेठी सन्तान भएकै कारण भाइ बहिनी हेर्नपर्ने भएको तथा परिवार संख्या कम भएका कारण आफू घर सहयोगी भई बस्नु परेकाले ओपचारिक शिक्षा प्राप्त गर्नबाट वञ्चित हुन परेको पाइयो ।
- प्रायः सबैको गाउँमा शिक्षा दिने उद्देश्यले स्कूल स्थापना गरिएको थियो तर चेतनाको कमी लगायत विभिन्न वहानामा स्कूल जानबाट वञ्चित गरेको पाइयो ।
- बढ्दो वेरोजगारका कारण पढेका युवायुवतीहरु गाउँ छाड्ने प्रवृत्तिले सैद्धान्तिक र व्यावहारिक शिक्षक नपाउँदा राम्रोसँग पढ्नको लागि उत्साह आउन नसकेको पाइयो ।
- ब्राह्मण समाजमा श्रीमती बाहेक अरूले पकाएको खाना नखाने साथै श्रीमान् भन्दा पहिला श्रीमती/बुहारीले खाना खान नहुने जस्ता सांस्कृतिक कारण पनि कक्षामा सहभागी हुन निकै कठिन भएको पाइयो ।
- निरन्तर पढाइको अभावमा प्रत्येक कक्षामा पुर्नताजगी मात्रै गर्नुपर्ने स्थितिले पढाइमा थप प्रगती हुन नसकेको पाइयो
- दैनिक रूपमा कामको भार सधैँ उस्तै रहि रहने हुनाले उनीहरूलाई पढ्नको लागि समय निकाल्न निकै कठिन हुने र थोरै समयमा उमेर ढल्कदै गएको अवस्थामा पढ्दा छिटो सिक्न र पढेका कुरा सम्झिरहन गाह्रो भएको पाइयो ।
- आमा तथा बुहारी भइसकेपछि छोराछोरीको हेरचाहाका साथै परिवारका अन्य सदस्यले घरेलु काम नगरिदिने हुनाले र छोराछोरीको पढाइ बिग्रन्छ कि भनेर सबै काम सकेसम्म आफैँले गर्नुपर्ने बाध्यता जस्ता श्रम विभाजनले पनि पढाइको लागि समय निकाल्न कठिन भएको पाइयो ।
- ग्रामीण समाजमा महिलाहरू धुलो धुँवासँग जीवन गुजार्नु पर्ने बाध्यताले उनीहरूको आँखा छिटो नै कमजोर हुने हुनाले बेलुकामा किताबको अक्षर चिन्न नसक्दा साथै आवश्यक बत्तिको उपलब्धता नहुँदा पनि समस्या पढ्नका लागि भएको पाइयो ।

- ग्रामीण समाजमा पनि अङ्ग्रेजी अङ्क र अक्षरको दैनिक प्रयोगमा बृद्धि भइरहँदा पुरानै पाठ्यक्रमले उनीहरूको समस्या समाधान गर्न नसक्नु समस्याको रूपमा रहेको पाइयो ।
- शिक्षक सहभागीहरूको उमेर मिल्दो नहुँदा सिकारूको रूचि अनुसार व्यावहार गर्न नसकेको र शिक्षकले आफ्नो नाम ठेगाना मात्रै लेख्न जोड गरेकाले अङ्क र अन्य पक्षको ज्ञान सिप हासिल गर्न समस्या भएको पाइयो ।
- आफ्नो नाम, ठेगाना, सामान्य चिठी पत्र पढ्न लेख्न सक्ने भएकाले निरक्षर व्यक्तिको तुलनामा आफूलाई तालिममा कार्यक्रममा सहभागी हुँदा सबैले राम्रो मानेकोले आत्मवल बढेको पाइयो ।
- महिलाहरू प्रौढ शिक्षामा सहभागी हुन थलेपछि मात्रै सामाजिक कार्य एव्म विभिन्न समूह, संघ सँस्थाहरूमा सम्लग्न हुन थालेको पाइयो ।
- यस शिक्षाले कक्षामा आर्य आर्जन सम्बन्धी कुनै सिप नसिके पनि अन्य व्यवसायिक तालिममा सहभागी हुन सजिलो भएको साथै हस्ताक्षर गर्न सक्ने गरिब आफ्नो साथीको सहयोगमा ऋण झिकेर विशेष गरी दलित महिलामा समस्या समाधान गर्न सजिलो भएको पाइयो ।
- प्रौढ शिक्षाले घरमा फेला परेका कागज पत्र राख्ने कि फाल्ने भन्ने बारेमा अरूको भर पर्न नपरेको, छोराछोरीलई घरमा नै अक्षर चिनाउन, दुना पढाउन सजिलो भएको, जग्गा बेच्दा तमसुकमा के कति लेखेको छ भनी हेरेर ढुक्कले सहि गर्न, साइन बोर्ड हेर्न, बस नं. हेर्न जस्ता बौद्धिक विषयमा प्रगति भएको पाइयो ।
- यस शिक्षाले जनजाती महिलाहरूमा खस भाषा बुझ्न र बोल्न सहज भएको पाइयो ।

## ७.३ निष्कर्ष

यस अध्ययनमा प्राप्त तथ्याङ्कलाई विश्लेषण गरी हेर्दा ग्रामीण समाजका महिलाहरू शिक्षाबाट वञ्चित हुनमा आर्थिक र लैङ्गिक कारण नै प्रमुख कारण देख्न सकिन्छ भने अन्य धेरै कारणहरू उक्त कारणलाई सहयोग गर्ने कारणका रूपमा रहेको छ भन्न सकिन्छ । त्यस्तै गरी प्रौढ शिक्षा आर्जन गर्दा महिलाहरूको प्रमुख समस्याको रूपमा जिविका निर्वाह

गर्नुपर्ने परिस्थिति, लैङ्गिक भूमिका, श्रम विभाजन, परम्परागत धारणा आदि प्रमुख रहेका देखिन्छन् जसलाई परिवार र परिवारका सदस्यले निर्वाह गर्ने भूमिकाका कारण सृजना भएको देखिन्छ र ति समस्याहरू परिवारकै चाहना सक्रिय भएमा समाधान हुने पनि देखिन्छ । यस्ता समस्याहरू भोगेर पनि प्रौढ शिक्षाले महिलाहरूलाई सामजिक प्रतिष्ठा बढाएको, उत्पादन पद्धतिमा परिवर्तन गरी आर्थिक लाभ लिन सजिलो बनाएको, निर्णय तह, अवसर वृद्धि तथा दैनिक क्रियाकलापमा सहजिकरण गरी समय सापेक्ष बन्न भूमिका खेलेकाले प्रौढ शिक्षालाई ग्रामीण समाजका महिलाहरूको सशक्तिकरण गर्न महत्त्वपूर्ण तत्व तथा आधारभूत पक्ष मान्न सकिन्छ ।

## ७.४ सुझावहरू

- ग्रामीण समाजमा महिलाहरुले औपचारिक शिक्षा प्राप्त गर्न परिवार तथा समाजमा लैङ्गिक समानता बारेमा व्यापक चेतना फैलाउनु पर्दछ ।
- समाजमा रहेका बौद्धिक वर्गले शिक्षाको आवश्यकताबारे चेतना फैलाउन अग्रसर हुन आवश्यक रहेको छ ।
- प्रौढ शिक्षाका कक्षामा महिलाहरूको सहज सहभागिता बढाउन परिवारका सदस्यले उनीहरूले काममा सहायोग गरिदिनु पर्दछ र यसरी सहयोग गर्नका लागि परिवारका सदस्यलाई पनि प्रौढ शिक्षाको महत्त्वबारे चेतना फैलाई निरन्तर पढाइको व्यवस्था गर्नुपर्दछ ।
- प्रौढ शिक्षाको प्रभावकारिताको लागि निर्माण गरिएका नीति तथा प्रणालीको शशक्त प्रयोगमा जोड दिई अङ्ग्रेजी अक्षर अङ्कका साथै दैनिक जीवनका आवश्यकता अनुसार पाठ्यक्रम निर्माण तथा मातृभाषामा पनि प्रौढ शिक्षा लागु गरिनुपर्दछ ।

## सन्दर्भ ग्रन्थ सूची

अधिकारी, प्रकृति (२०७९), *सरकारी खाममा साक्षर नेपाल अभियान,* गोरखा पत्र, वर्ष २०६९/०६/१६ ।

अनौपचारिक शिक्षा केन्द्र, (२०६३), *अनौपचारिक शिक्षा निती,* भक्तपुर ।

अनौपचारिक शिक्षा केन्द, (२०६४), *अनौपचारिक शिक्षा एक चिनारी,* साक्षरता विशेषाङ्क, भक्तपुर ।

अनौपचारिक शिक्षा केन्द्र (२०६६), *अनौपचारिक शिक्षाका मुद्धा र चुनौति,* भक्तपुर ।

अनौपचारिक शिक्षा केन्द्र (२०६७) *साक्षरता विशेषाङ्क,* भक्तपुर ।

अनौपचारिक शिक्षा केन्द (२०६७), *अनौपचारिक शिक्षा राष्ट्रिय साक्षरता कार्यान्वयन पुस्तिका,* सानोठिमी भक्तपुर ।

अनौपचारिक शिक्षा केन्द्र, (२०६७), *राष्ट्रिय साक्षरता अभियान कार्यक्रम कार्य विधि,* सानोठिमी भक्तपुर ।

अर्याल, मिना (२०६९), निरक्षर महिला बालबालिका तथा नेपालको भविष्य (लेख), *नारी पत्रिका,* (पौष) ।

काफ्ले र साथिहरू (२०६१), *शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा,* विद्यार्थी प्रकाशन प्रा.लि., काठमाण्डौ ।

केन्द्रिय तथ्यांक विभाग, (२०६८), *राष्ट्रिय जनगणना,* केन्द्रिय तथ्याङ्क विभाग काठमाडौं ।

चौलागाई, र साथीहरू (२०६०), *लैङ्गिक अध्ययन,* न्यू हिरा बुक्स इन्टरप्राइजेज, काठमाडौं ।

नाचर, (१९८९), *विश्वका बालबालिकाहरूको अवस्था,* युनेस्को, बार्षिक किताव ।

पराजुली, तीर्थराज र बालकृष्ण अधिकारी (२०६३), *नेपालमा प्राथमिक शिक्षा,* सनलाइट पब्लिकेसन, काठमाडौं ।

बोकाभो इरीना (२०६७), *साक्षरता विशेषाङ्क अनौपचारिक शिक्षा केन्द्र,* भक्तपुर ।

भासिन, कमला (१९९३), *पितृसत्ता के हो ?*, स्त्रि शक्ति, काठमाडौं ।

महिला विकास मञ्च (२०५८), *वेइजिङ कार्ययोजनाको पुनरावलोकन सम्बन्धी दस्तावेजहरूको संगालो,* मास प्रिन्टीङ्ग प्रेस, काठमाडौं ।

यूनेस्को, (२००८), *सबैका लागि शिक्षा विश्वव्यापी प्रतिवेदन,* युनेस्को, पेरिस ।

रेग्मी, मुरारी प्रसाद र साथिहरू (२०६२), *कक्षाकोठाहरूमा मनोविज्ञान,* न्यूहिरा बुक्स इन्टरप्राइजेज, काठमाण्डौ ।

वाग्ले, मनप्रसाद (२०६२) *शिक्षाका आधारहरू,* विद्यार्थि पुस्तक भण्डार, काठमाण्डौं ।

वाग्ले रामचन्द्र (२०६६), "प्रौढ शिक्षाको सन्दर्भमा साक्षरता अभियान कार्यक्रमको प्रभावकारिता", अप्रकाशित शोधपत्र : पृथ्वी नारायण क्याम्पस, पोखरा ।

सार्दीखोला गा.वि.स.,(२०६७), *सार्दीखोला वस्तुस्थिति विवरण,* कास्की ।

नफिस, साडिक (१९९०), *विश्वजनसंख्या प्रतिवेदन,* न्यूयोर्क ।

सिंह नागेश्वर (२०६५), *शैक्षणिक विधि,* पैरवि प्रकाशन, काठमाण्डौ ।

सिन्हा, रामस्वरूप (२०६५), *दक्षिण एसियामा प्रौढ र निरन्तर शिक्षा, साक्षरता विशेषङ्क,* ( वर्ष २०६५), अनौपचारिक, शिक्षा केन्द्र, भक्तपुर ।

सुवेदी, इन्द्र प्रसाद (२०६६), *साक्षरता अभिवृद्धिमा प्रौढ शिक्षा कार्यक्रमको प्रभाव,* अप्रकाशित शोधपत्र : पृथ्वी नारायण क्याम्पस, पोखरा ।

शर्मा चिरञ्जीवी र निर्मला शर्मा (२०६४), *शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा,* एम के. पब्लिसस, काठमाण्डौ ।

शर्मा चिरञ्जिवी र निर्मला शर्मा (२०६२), *शिक्षाको दर्शन शास्त्रीय र समाजशास्त्रीय आधार,* एम.के पब्लिसर्श, काठमाडौं ।

शर्मा, (पंगेनी) भगवती देवी (२०६८), *प्रौढ साक्षरता कार्यक्रमको सान्दर्भिकता* , अप्रकाशित शोधपत्र : पृथ्वी नारायण क्याम्पस, पोखरा ।

त्रिभुवन विश्वविद्यालय (२०५९), *सामाजीक न्याय,* शिक्षा संकाय, डिनको कार्यालय, काठमाण्डौ।

Abbott, Pamela and Claire Wallace, (1997) : *An Introduction to Sociology feminist perspective*. (2nd edition,) New Yourk, Palgrave publisher Ltd.

Aggrawal, J.C. (1992A.D) : '*Development and Planning of Model Education'*. New Delhi, Vikas Publishing house Pvt.

Bhasin, Kamala (2004) : 'Exploning Masculinity'. New Delhi, Raj Press

Bilton, et al (1996), '*Iniroducrrory sociology'*, 3rd ediion, New yourk, Palgrave Publisher Ltd.

Bogardus, Emorys (1950) : '*The Development of Social Thought'*. New Yourk.

CERID, (2001) : *Impact of Adult Education Program*. Kathmandu, Author

Giddens, Anthony (2001) : '*Sociology'*, 4th edition, Blackwell Publishers Ltd. UK.

Gillin and Gillin, (1950) : 'Cultural Sociology'. New Yourk, Mc millan co.

Haralambos, michaell and Robin heald (1981) : '*Sociology Themes and Perspectives'*. New Delhi, Oxford University press.

Johnson, H.m. (1960) : *'Sociology; A systematic Introduction'*. New Delhi, Allied Publishars Ltd.

Kundu, C.L. (1997) : '*Adult education*'. New Delhi, Sterling Publisher Pvt.

Mani, Gomathi (1991 A.D.) : '*Education in the International Context*'. New Delhi, Sterling Publishers.

Mukhopadhyay, M. (1990A.D.) : '*Educational Technologies Challenging Issues'*. New Delhi, Sterling Publishers Pvt.

Rao, C.N Shankar (2001) : '*Sociology; primary principles*', 3rd revised New Delhi, .S. Chand and Company Ltd.

Ritzer, George (1992) : '*Sociological Theory'*, 3rd edtion, Mc Graw-Hill INC

Sharma, Rajendra, (2004) : *'Principle of Education'*. New Delhi, Altantic Publisher.

Shingh, R.P. (1987 A.D.) : '*Nonformal Education an Aalternative Approach*'. New Delhi, Stetling Publishers.

UNESCO, (2003) : '*Gender responsive non-formal education in Nepal'*. Kathamandu s eries of monographs and working paper, No.5.

## परिशिष्ट-एक

### अध्ययनको नमुना प्रश्नावली

**'प्रौढ शिक्षाले ग्रामीण समाजका महिलाहरूमा ल्याएको परिवर्तन सम्बन्धी एक अध्ययन समाजशास्त्र मानवशास्त्र विभाग, पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा व्यक्तिगत अध्ययन**

**अनुसूची नमुना**

तपाइलाई प्रस्तुत शोधको उत्तरदाताको रुपमा छनौट गरेको छु । तसर्थ तपाईसँग यो अनुसूचिको आधारमा प्रौढ शिक्षाले ग्रामीण समाजका महिलाहरुमा ल्याएको परिवर्तनका बारेमा केही तथ्य संकलन गर्ने योजना अनुसार सम्पर्कमा आएको छु । आफ्नो अनुभव र भोगाईका बारेमा आवश्यक तथ्याङ्कहरू उपलब्ध गराईदिनु हुन विनम्रता पूर्वक आग्रह गर्दछु । तपाईले दिनु भएको तथ्याङ्कहरू केवल अनुसन्धानका लागि मात्र प्रयोग हुनेछन् साथै पूर्णतः गोप्य रहने प्रतिबद्धता गर्दछु ।

अर्जुन आचार्य

उत्तरदाताको नाम :...........................................................................

जन्म स्थान: ...........................................जन्म मिति:...........................

हालको स्थान :............................................हालको उमेर :.......................

विवाह गर्दाको उमेर : .................................पतिको नाम : ......................

धर्म : ........................................................लिङ्ग : .............................

पेशा : ......................................................जाति : ..............................

बुबाको नाम................................................आमाको नाम ......................

१) तपाईको गाउँमा शिक्षा प्राप्त गर्ने कुनै आधार थियो ?

.........................................................................................................

२) तपाई स्कूलमा गई शिक्षा लिने अवसर प्राप्त गर्नुभयो ?

.............................................................................................................

३) यदि अवसर पाएको भए, तपाई कति सम्म पढ्नु भयो ?

...........................................................................

४) यदि अवसर नपाएको भए, तपाईले के कारणले गर्दा तपाई स्कूल जानु भएन ?

.....................................................................................................................

५) तपाई स्कूल नगएपछि घरमा कसरी समय विताउनु हुन्थ्यो ?

..................................................................................................................

६) तपाईका अन्य महिला साथीहरू स्कूल जाने थिए कि थिएनन् ?यदि जाने थिए भने कस्तो परिवारका महिला साथीहरू स्कूल जाने थिए ?

..................................................................................................................

८) तपाई घरमा बिहान कति बजे उठ्नु हुन्थ्यो र बेलुका कति बजे सुत्नुहुन्थ्यो ?

..................................................................................................................

९ ) तपाई अहिले सामान्य लेखपढ गर्न सक्नुहुन्छ ?

…………………………………………………………………………………………………..

१०) सक्ने भए, तपाईले कहाँ बाट सिक्नु भएको ।

………………………………………………………………………………

११) तपाईले प्रौढ शिक्षा कहिलेबाट पढ्न शुरु गर्नु भयो ?

अ) विवाह पूर्व ( मिति : )

आ) विवाह पछि ( मिति : )

१२) तपाई सहभागी हुने प्रौढ शिक्षाको कक्षा घरबाट कति टाढा थियो ?

……………………………………………………………………………………………..……

१३) तपाई कस्को प्रेरणा बाट पढ्न जानु भएको हो ?

……………………………………………………………………………………………………

१४) तपाईलाई कुन कुन कारणले पढ्न जान मन लागेको हो ?

………………………………………………………………………………………………………

१५) तपाईले हालसम्म कति पटक कुनकुन साक्षरता कक्षामा सहभागी हुनु भएको छ ?

अ) नाम ……………………………………………………..……………………………

आ) पटक………………………………………………………………………………

१६) तपाईले प्रौढ शिक्षाका कक्षा सहभागी हुँदा समय कसरी मिलाउनु हुन्थ्यो ?

…………………………………..…………………………………………………………

१७) तपाईले प्रौढ शिक्षा कार्यक्रम सञ्चालनमा महिलाहरूको सहभागिता कत्तिको उत्साहजनक पाउनु भयो ?

…………………………………………………………………………………..…………

१८)गाउँमा प्रौढ शिक्षा आउनुभन्दा पहिला तपाइको जीवनयापनको अवस्था कस्तो थियो ?

………………………………………………………………………………………………………

१९) गाउँमा प्रौढ शिक्षा कार्यक्रम सञ्चालन पछि तपाईको जीवनयापनमा कस्तो परिवर्तन भएको महसुस गर्नु भएको छ ?

………………………………………………………………………………………………

२०) तपाईलाई घरमा पढ्न र काम गर्नमा अरू परिवारका सदस्यले कत्तिको सघाउनु हुन्थ्यो ?

……………………………………………………………………………………….

२१) तपाई सहभागी भएको प्रौढ शिक्षाका कक्षा कुन समयमा सञ्चालन हुने गर्दथ्यो ?

………………………………………………………………………………………..….

२२) तपाइले निरक्षर हुँदा के कस्ता अप्ठ्यारा महसुस गर्नु भएको थियो ?

..............................................................................................................

२३) तपाईले सामान्य लेखपढ गर्न जानेपछि के कुरामा सजिलो भयो ?

..................................................................................................................

२४) तपाई प्रौढ शिक्षा पढ्नु अघि वा पढिसकेपिछि कुनै सामाजिक संस्थामा, समूहमा आबद्ध हुनु भएको छ ?

अ) छु ....................................................................................

आ) छैन ....................................................................................

२५) यदि तपाई आबद्ध हुनु भएको भए, कुन पदमा कहिले देखी आबद्ध हुनु भयो ?

....................................................................................................

२६) त्यसमा आबद्ध हुँदा तपाइको पढाइले सहयोग भएको छ कि छैन ?

अ) छ ..................................................................................................

आ) छैन..................................................................................................

२७) तपाई कुनै तालिम, गोष्ठी, कार्यक्रममा सहभागी हुनु भएको छ ?

अ) छः .................................................................................

आ) छैन ...............................................................................

२८) यदि सहभागी भएको भए तपाई कहिले देखी कार्यक्रममा सहभागी हुन थाल्नुभयो ?

..................................................................................................................

२९) सहभगी भएको भए, प्रौढ शिक्षाले तपाइलाई यसमा केहि सहयोग भएको छ ?

...............................................................................................................................

३०) तपाईले प्रौढ शिक्षा पढ्न जाँदा के कस्ता समस्या भोग्नु परेको थियो ?

..............................................................................................................................

३१) तपाईलाई ग्रामीण समाजमा प्रैाढ शिक्षाको महत्त्व कस्तो रहेको पाउनु भएको छ ?

...............................................................................................................................

३२) तपाईको विचारमा प्रौढ शिक्षाले समेटेका राम्रा पक्षहरू के-के हुन् ?

...............................................................................................................................

३३) तपाईको विचारमा प्रौढ शिक्षाले समेट्न नसकेका के कस्ता विषयवस्तुहरू समावेश गर्न सकिन्छ ?

...........................................................................................................................

३४) तपाईको विचारमा प्रौढ शिक्षालाई अझ प्रभावकारी बनाउन स्थानीय शिक्षक, घरपरिवार एवम् सम्बन्धित सरोकारवालाहरूको भूमिका कस्तो हुन सक्छ ?

..........................................................................................................................

३५) हाल तपाईको दैनिक जीवन कसरी बिताउनु भएको छ ?

.............................................................................................................................

**सहयोगको लागि धन्यावद !**

# परिशिष्ट : दुई

## नेपाल सरकारका अनौपचारिक शिक्षा सम्बन्धी साक्षरता कार्यक्रमहरू

| कार्यक्रम | उद्देश्य | कार्यमुलक विषयसूची | लक्षित समूह | अवधी |
|---|---|---|---|---|
| १) कार्यमूलक साक्षरता कार्यक्रम | | | | |
| प्रौढ साक्षरोत्तर कार्यक्रम | साक्षरता सिप दिगो र गहन बनाउने । | सामुदायिक सेवा, सहकार्य , स्वास्थ्य र परिवार नियोजन<br>आयमुलक कार्यक्रमहरु | १५ वर्ष देखि ४५ बर्ष समूहका प्रौढहरू । | ३ महिना⁄ हप्ता<br>दिन⁄दैनिक २ घण् |
| आयमूलक कार्यक्रम | -सिकाई सिपलाई स्थयित्व दिने ।<br>-विभिन्न सूचनाहरू दिने ।<br>-घरेलु उद्योगको लागि कार्यमूलक सिप दिने । | आधारभूत गणितीय सिप, चिठी लेखन, निर्णय लेखन आदि । | न्यून आय<br>भएका साक्षरता कक्षाबाट साक्षर भएकाहरू<br>व्यक्तिहरु । | निरन्तर । |
| सामुदायिक अध्ययन केन्द्र | निरन्त शिक्षा सामुदायिक अध्ययन केन्द्रबाट । | सामुदायिक विकास क्रियालापहरू । | समुदाय । | निरन्तर । |
| २) वैकल्पिक विद्यालय कार्यक्रम | | | | |
| बाल शिक्षा कार्यक्रम पहिलो | प्राथमिक(पहिलो) तहका कक्षा तीन बराबरको साक्षरता गराउने । | स्कूल प्रवेश र साक्षरोत्तर कार्यक्रमको लागि तयारी गराउने । | स्कूल बाहिर रहेका ८ वर्ष देखि १४ वर्ष समूहका बालबालिकाहरू । | ९ महिना / हप्त<br>दिन / दैनिक २ घ |

| | | | | |
|---|---|---|---|---|
| बाल शिक्षा कार्यक्रम दोस्रो | -प्राथमिक तहका कक्षा पाँच कक्षा बराबरको साक्षरता गराउने ।<br>-साक्षरतालाई स्थायित्व दिने ।<br>-कार्यमुलक शिक्षा दिने । | स्कूल प्रवेश र साक्षरोत्तर कार्यक्रमको लागि तयारी गराउने । | स्कूल बाहिर रहेका ८ वर्ष देखि १४ वर्ष समूहका बालबालिकाहरू । | ९ महिना / हप्त<br>दिन / दैनिक २ घ |
| प्राथमिक शिक्षा विस्तार कार्यक्रम | प्राथमिक तहको कक्षा तीन सम्मको शिक्षा दिने । | कक्षा एक देखि तीन कक्षा सम्मका औपचारिक शिक्षाका पाठ्यपुस्तकहरू । | स्कूल बाहिर रहेका ६ वर्ष देखि ८ वर्षसम्मका बालबालिकाहरू । | ३ बर्ष । |
| अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम | प्राथमिक तहको कक्षा पाँच सम्मका शिक्षा दिने । | कक्षा एक देखि पाँच कक्षासम्मका औपचारिक शिक्षाका पाठ्यपुस्तकहरू । | स्कूल बाहिर रहेका ८ वर्ष देखि १० बर्ष उमेर समूहका बालबालिकाहरू । | ३ बर्ष । |
| ३) १५ वर्ष माथिका लागि अनौपचारिक शिक्षा | | | | |
| प्रौढ साक्षरता कार्यक्रम | -साक्षरता बनाउने ।<br>-कार्यमूलक ज्ञान सिप दिने । | स्वास्थ्य र सरसफाई, पानीको प्रयोग, वातावरणीय सुरक्षा, कृषि र आम्दानी, समय र वन संरक्षण आदि । | १५ वर्ष देखि ४५ वर्ष समूहका प्रौढहरू | ६ महिना/हप्ताम<br>दिन/दैनिक २ घण्ट |
| महिला साक्षरता कार्यक्रम, पहिलो | -साक्षर बनाउने ।<br>-कार्यमुलक ज्ञान र सिप दिने ।<br>-घर परिवार सम्बन्धि ज्ञान सिप दिने । | बच्चा हेरचाह, स्वास्थ्य, कृषि ,सिलाई आदि । | १५ वर्षदेखि ४५ वर्ष उमेर समूहका महिला | ६ महिना/हप्ताम<br>दिन/दैनिक २ घण्ट |
| महिला साक्षरता कार्यक्रम दोश्रो | -साक्षरतालाई स्थायित्व दिने<br>-कार्यमुलक सिप दिने । | सामुदायिक सेवा, सहकार्य स्वास्थ्य, परिवार नियोजन र आयमूलक कार्यक्रम । | १५ वर्षदेखि ४५ वर्ष उमेर समूहका महिलाहरु । | ६ महिना/हप्ताम<br>दिन/दैनिक २ घण्ट |

स्रोत : यूनेस्को, २००३

# परिशिष्ट -चार

## अन्तर्वाताका क्रममा खिचिएका तस्विरहरु



अनुसन्धान कर्ता उत्तरदातासँग तथ्याङ्क संकलन गर्दै



अनुसन्धान कर्ता उत्तरदातासँग तथ्याङ्क संकलन गर्दै



अनुसन्धान कर्ता उत्तरदातासँग तथ्याङ्क संकलन गर्दै



अनुसन्धान कर्ता उत्तरदातासँग तथ्याङ्क संकलन गर्दै



अनुसन्धान कर्ता उत्तरदातासँग तथ्याङ्क संकलन गर्दै



अनुसन्धान कर्ता उत्तरदातासँग तथ्याङ्क संकलन गर्दै



घरेलु काममा सहभागी हुँदै उत्तरदाता



उत्तरदाता किसानी काममा व्यस्त हुँदै

# परिशिष्ट : दुई

## नेपाल सरकारका अनौपचारिक शिक्षा सम्बन्धी साक्षरता कार्यक्रमहरू

| कार्यक्रम | उद्देश्य | कार्यमुलक विषयसूची | लक्षित समूह | अवधी |
|---|---|---|---|---|
| १) कार्यमूलक साक्षरता कार्यक्रम | | | | |
| प्रौढ साक्षरोत्तर कार्यक्रम | साक्षरता सिप दिगो र गहन बनाउने । | सामुदायिक सेवा, सहकार्य , स्वास्थ्य र परिवार नियोजन<br>आयमुलक कार्यक्रमहरु | १५ वर्ष देखि ४५ बर्ष समूहका प्रौढहरू । | ३ महिना/ हप्तामा ६ दिन/दैनिक २ घण्टा । |
| आयमूलक कार्यक्रम | -सिकाई सिपलाई स्थयित्व दिने ।<br>-विभिन्न सूचनाहरू दिने ।<br>-घरेलु उद्योगको लागि कार्यमूलक सिप दिने । | आधारभूत गणितीय सिप, चिठी लेखन, निर्णय लेखन आदि । | न्यून आय<br>भएका साक्षरता कक्षाबाट साक्षर भएकाहरू<br>व्यक्तिहरु । | निरन्तर । |
| सामुदायिक अध्ययन केन्द्र | निरन्त शिक्षा सामुदायिक अध्ययन केन्द्रबाट । | सामुदायिक विकास क्रियालापहरू । | समुदाय । | निरन्तर । |
| २) वैकल्पिक विद्यालय कार्यक्रम | | | | |
| बाल शिक्षा कार्यक्रम पहिलो | प्राथमिक(पहिलो) तहका कक्षा तीन बराबरको साक्षरता गराउने । | स्कूल प्रवेश र साक्षरोत्तर कार्यक्रमको लागि तयारी गराउने । | स्कूल बाहिर रहेका ८ वर्ष देखि १४ वर्ष समूहका बालबालिकाहरू । | ९ महिना / हप्तामा ६ दिन / दैनिक २ घण्टा । |

| | | | | |
|---|---|---|---|---|
| बाल शिक्षा कार्यक्रम दोस्रो | -प्राथमिक तहका कक्षा पाँच कक्षा बराबरको साक्षरता गराउने ।<br>-साक्षरतालाई स्थायित्व दिने ।<br>-कार्यमुलक शिक्षा दिने । | स्कूल प्रवेश र साक्षरोत्तर कार्यक्रमको लागि तयारी गराउने । | स्कूल बाहिर रहेका ८ वर्ष देखि १४ वर्ष समूहका बालबालिकाहरू । | ९ महिना / हप्तामा ६ दिन / दैनिक २ घण्टा । |
| प्राथमिक शिक्षा विस्तार कार्यक्रम | प्राथमिक तहको कक्षा तीन सम्मको शिक्षा दिने । | कक्षा एक देखि तीन कक्षा सम्मका औपचारिक शिक्षाका पाठ्यपुस्तकहरू । | स्कूल बाहिर रहेका ६ वर्ष देखि ८ वर्षसम्मका बालबालिकाहरू । | ३ बर्ष । |
| अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम | प्राथमिक तहको कक्षा पाँच सम्मका शिक्षा दिने । | कक्षा एक देखि पाँच कक्षासम्मका औपचारिक शिक्षाका पाठ्यपुस्तकहरू । | स्कूल बाहिर रहेका ८ वर्ष देखि १० बर्ष उमेर समूहका बालबालिकाहरू । | ३ बर्ष । |
| ३) १५ वर्ष माथिका लागि अनौपचारिक शिक्षा | | | | |
| प्रौढ साक्षरता कार्यक्रम | -साक्षरता बनाउने ।<br>-कार्यमूलक ज्ञान सिप दिने । | स्वास्थ्य र सरसफाई, पानीको प्रयोग, वातावरणीय सुरक्षा, कृषि र आम्दानी, समय र वन संरक्षण आदि । | १५ वर्ष देखि ४५ वर्ष समूहका प्रौढहरू | ६ महिना/हप्तामा ६ दिन/दैनिक २ घण्टा |
| महिला साक्षरता कार्यक्रम, पहिलो | -साक्षर बनाउने ।<br>-कार्यमुलक ज्ञान र सिप दिने ।<br>-घर परिवार सम्बन्धि ज्ञान सिप दिने । | बच्चा हेरचाह, स्वास्थ्य, कृषि ,सिलाई आदि । | १५ वर्षदेखि ४५ वर्ष उमेर समूहका महिला | ६ महिना/हप्तामा ६ दिन/दैनिक २ घण्टा |
| महिला साक्षरता कार्यक्रम दोश्रो | -साक्षरतालाई स्थायित्व दिने<br>-कार्यमुलक सिप दिने । | सामुदायिक सेवा, सहकार्य स्वास्थ्य, परिवार नियोजन र आयमूलक कार्यक्रम । | १५ वर्षदेखि ४५ वर्ष उमेर समूहका महिलाहरु । | ६ महिना/हप्तामा ६ दिन/दैनिक २ घण्टा । |

स्रोत : यूनेस्को, २००३